


नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका
NEPAL SAMACHARPATRA

» सोमबार, असार १९, २०७४ » Monday, July 3, 2017 » www.newsofnepal.com » नेसं ११३७ दिला थ्व: १० » वर्ष २३, अंक १७४ » पृष्ठ १२ » मूल्य रू. १०/–

नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नुपरेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स्
कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७९
एक्सटेन्सन: २२५ (९ बजेदेखि ६ बजेसम्म)

AMBE STEELS
दीर्घायु भवः
अम्बे स्टील्स् जे बन्छ, दिगो बन्छ

# बाढी-पहिरोको बबण्डर





सेती नदी छेउमा चिरिएको जमिन र कास्कीमा पहिरोले भत्काएका घर ।

तस्वीर : धन बस्नेत/कास्की

जिल्ला ब्युरो, काठमाडौं

देशका विभिन्न भागमा गएको बाढी र पहिरोले जनजीवन अस्तव्यस्त बनाएको छ। बाढी र पहिरोमा परेर कैयौंको मृत्यु भएको छ भने कैयौं बेपत्ता भएका छन्। पर्वत संवाददाता दुर्गाप्रसाद शर्माका अनुसार महाशीला गाउँपालिका वडा नं १ होस्राङ्दीमा शनिबार राति गएको पहिरोले घर पुर्दा एकै घरका तीन जनाको मृत्यु भएको छ। घरभन्दा ३ सय मिटर माथिबाट आएको पहिरोले घर पुर्दा ६३ वर्षीय तीर्थबादुर मल्ल, उनकी आमा र पत्नीको मृत्यु भएको हो।

पहिरोमा परी ८० वर्षीया आमा वेलकुमारी मल्ल र उनकी पत्नी ५५ वर्षीया यमकुमारी मल्लको मृत्यु भएको प्रहरीले जनाएको छ। राति १२ बजेको समयमा आएको पहिरोले घर पुरेपछि स्थानीयबासी र प्रहरीले खोजी गर्दा तीनै जनाको शव फेला परेको हो।

मल्लका एक छोरा भारतीय सेनामा कार्यरत छन् भने बुहारी र नाति बुटवलमा बस्दै आएको महाशीला गाउँपालिका-१ का वडा अध्यक्ष ईश्वरी भुसालले जानकारी दिनुभयो। उहाँका अनुसार पहिरोले सोही ठाउँका तिलबहादुर मल्लको गोठसमेत पहिरोले पुरिएको छ भने पाँच घर जोखिममा छन्। पहिरोमा पुरिएकाको उद्धार र जोखिममा रहेका घरहरूलाई सुरक्षित स्थानमा राख्ने काम भएको छ। इलाका प्रहरी कार्यालय हुवासबाट पुगेको प्रहरी टोली र स्थानीयबासीले उद्धार कार्य जारी राखेका छन्।

बाढी र पहिरोका कारण मुलुककै सबैभन्दा अग्लोमध्ये एक कुस्मा ज्ञादी झोलुङ्गेपुल जोखिममा परेको छ। पर्वतको सदरमुकाम कुस्माबजार र ज्ञादी गाउँ जोड्न मोदीखोलामाथि निर्माण गरिएको पुल हुँदै ढल निर्माण गरिएपछि संकटमा परेको हो।

पोखरा संवाददाता धन बस्नेतका अनुसार पोखरामा परेको भीषण वर्षाले पहिरो जाँदा दुई जनाको ज्यान गएको छ। एक दर्जनभन्दा बढी घरहरू जोखिममा छन्। सेती नदीको किनारका जमिन चोइटिएको छ। पानीले पोखराको जनजीवन कष्टकर मात्रै नभई ठूलो जोखिम निम्त्याउने सम्भावना देखिएको छ।

## १० को मृत्यु, केही बेपत्ता

पोखरा लेखनाथ-१८ पर्स्याङपाखामा पहिरो खस्दा घर पुरिएर १४ वर्षीय बालक र पोखरा लेखनाथ-१९ लामाचौरमा ४० वर्षीया महिलाको मृत्यु भएको छ। त्यस्तै फुस्रेखोलाले बगाउँदा ६५ वर्षीया वृद्धा बेपत्ता छिन्। पोखराको पर्स्याङपाखामा घरमाथिबाट खसेको ढिस्कोले पुरिएर १४ वर्षीय टंक क्षत्री र पोखराको लामाचौरमा पहिरोले घर बगाउँदा ४० वर्षीया शोभा पौडेलको ज्यान गएको जिल्ला प्रहरी कार्यालय कास्कीले जनाएको छ।

स्याङ्जा घर भई पोखराको धर्मस्थली स्कुलमा कक्षा ८ मा अध्ययनरत क्षत्री ठूलोबुबा तारापति अधिकारीको घर गएका बेला पहिरोमा पुरिएका हुन्। त्यस्तै ठूलो वर्षा भएपछि राति घरको भान्छाकोठा बन्द गर्न गएका बेला कोठासँगै पौडेललाई पहिरोले बगाएको थियो। पोखरा लेखनाथ-१९ लामाचौरकी उनको शव बिहान घरभन्दा २ सय मिटर तलबाट निकालिएको हो।

वर्षाका कारण पोखराका विभिन्न स्थानमा पहिरो खस्दा केही घरसमेत जोखिममा परेका छन्। पोखरा लेखनाथ-१८ मेथ्लाङको डाँडाबाट खसेको पहिरोले १० भन्दा बढी घर जोखिममा छन्। वर्षाकै कारण पोखरा लेखनाथ-१७ मा जमिन भासिएको छ। स्थानीय होमनाथ चापागाईंको घर नजिकै जमिन भासिएको हो। ५० मिटर तल जमिन भासिएको थियो। वर्षाका कारण दामोदर खोलामा पानीको बहाव बढेपछि दामोदर कुनाका १५ भन्दा बढी घर डुबानमा परेका छन्। पोखराको घारिपाटनस्थित सेती किनार, लामाचौर, दोबिल्ला, विन्ध्यवासिनीलगायतका विभिन्न क्षेत्रमा जमिन भासिएको छ।

पोखरा-१७ दोबिल्लामा रहेको दोबिल्ला पुल पनि बाढीको उच्च जोखिममा परेको छ। भरतपोखरी जोड्ने पुल राति करिब २ बजे आएको पहिरोले बिजुलीको पोल भत्काउनुका साथै पुलसमेत जोखिममा पारेको दोबिल्ला बचाउ समितिका कोषाध्यक्ष जगतबहादुर आलेले जानकारी दिए। पोखरा ७ र १५ जोड्ने मितेरी पुलदेखि तल १५ नम्बर वडातर्फको भाग सेती नदी किनारमा चिरा परेको छ।

(क्रमश: पृष्ठ ९ मा)

## कतै खडेरीले हैरान

# ब्याडमै सुक्न थाल्यो बीउ

कृष्णउदास खनाल
वीरगन्ज

चर्को खडेरीका कारण पर्साका कृषकहरूले लगाएको धानको बीउ खेतमा नै सुक्न थालेको छ। सबैभन्दा बढी जिल्लाको सुदूरपश्चिमका ग्रामीण भेगका किसानहरूको धानको बीउ ब्याडमै सुक्न थालेको छ भने कतै अहिलेसम्म ब्याड नै राख्न पाएका छैनन्। आकाशे पानीको भरमा धानखेती गर्दै आएका उक्त क्षेत्रका किसानहरू समयमा पानी पर्न नसकेपछि धानखेती गर्नबाट वञ्चित भएका हुन्। असार महिनाको तेस्रो सातासम्म आइपुग्दा पनि पानी पर्न नसकेपछि यहाँका किसान चिन्तित बनेका हुन्।

सिँचाइ सुविधा नभएको निर्मलबस्ती, सुवर्णपुर तथा ठोरीका कृषकहरूले राखेको धानको बीउ ब्याडमै सुक्न थालेको छ। निर्मलबस्ती, सुवर्णपुरलगायत केही स्थानमा बोरिङको व्यवस्था गरी विगतमा धान रोपाइँ हुँदै आएको भए पनि यस वर्षदेखि बोरिङबाट पनि पानी आउन छाडेको स्थानीय अमर निर्दोषले बताए। साविक निर्मलबस्ती गाविसको निर्मलबस्ती, नयाँबस्ती, विजयबस्ती र मालीबस्ती गरी झन्डै ६ सय बिघा जग्गमा धानखेती हुँदै आएको छ।

(क्रमश: पृष्ठ ९ मा)

## सत्ता पक्ष चुनावमा ओइलायो

# कांग्रेस र माओवादीभित्र तीव्र असन्तुष्टि

मधुसूदन रायमाझी
काठमाडौं

दोस्रो चरणको स्थानीय तहको निर्वाचनमा अपेक्षाकृत रूपमा परिणाम नआउँदा सत्तारूढ दल नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्रभित्र असन्तुष्टि चुलिएको छ। दोस्रो चरणको निर्वाचनमा राम्रो परिणाम नआउनुमा गुटबन्दी नै कारण भएको निष्कर्ष कांग्रेसले निकालेको छ। केन्द्रदेखि वडा तहसम्म नै गुटबन्दीको असर निर्वाचन परिणाममा पनि देखिएको भन्दै कांग्रेसभित्र आन्तरिक द्वन्द्व शुरू भएको छ।

कांग्रेसभित्र निर्वाचनको क्रममा टिकट वितरणमा संस्थागतभन्दा पनि गुटगत रूपमा वितरण गर्दा निर्वाचनमा राम्रो परिणाम आउन नसकेको भन्दै नेतृत्वको आलोचना शुरू भएको छ। नेपाली कांग्रेसका एक नेताले प्रधानन्यायाधीशमाथि महाअभियोग प्रस्ताव दर्ता गर्नु र २ नम्बर प्रदेशमा निर्वाचनको मिति परिवर्तन गर्नुको असर निर्वाचनमा देखिएको बताए। उनले भने- 'केन्द्रदेखि वडासम्म गुटबन्दी पनि राम्रोसँग देखियो, पार्टी जिताउनेभन्दा पनि गुटका व्यक्ति जिताउन लाग्दा निर्वाचनमा राम्रो परिणाम आउन सकेन, नेतृत्वले कमजोरी नसच्याउने हो भने अब बीपीको विचारले मात्र कांग्रेस चल्न सक्दैन।'

नेपाली कांग्रेसभित्र संस्थापन पक्ष, रामचन्द्र पौडेल, कृष्णप्रसाद सिटौला र खुमबहादुर खड्कालगायतको गुट सक्रिय छ। दोस्रो चरणको निर्वाचनमा सत्तारूढ दलबीच गठबन्धन बनाए पनि सोचेअनुसारको परिणाम आउन नसकेको कांग्रेसले बताएको छ। नेपाली कांग्रेसका नेता डा. मीनेन्द्र रिजालले स्थानीय तहको निर्वाचनको परिणामबाट खासै निराश हुनुपर्ने अवस्था नरहेको बताउनुभयो।

उहाँले भन्नुभयो- 'अहिलेको परिणाम अनपेक्षित होइन', उहाँले नेपाल समाचारपत्रसँग भन्नुभयो- 'कांग्रेसले देश र जनतालाई एकताबद्ध बनाउन भूमिका खेल्दै आएको छ, तराई र पहाडलाई जोड्ने काम गर्दै आएको छ, कांग्रेसकै कारण संविधान कार्यान्वयनको काम अगाडि बढेको छ।' निर्वाचन सम्पन्न गराउनु पार्टीको सफलता भएको बताउँदै महानगरपालिकाहरूमा परिणाम आउन बाँकी नै रहेको उहाँले बताउनुभयो।

कांग्रेसले दोस्रो तहको स्थानीय तहको निर्वाचनमा पहिलो हुने दाबी गरेको थियो। पछिल्लो मत परिणामअनुसार एमालेले नै अग्रता लिएको छ।

सत्तारूढ दल नेकपा माओवादी केन्द्रभित्र पनि गुटबन्दीभन्दा पनि पार्टी केन्द्रीय कार्यालयले प्रभावकारी रूपमा जनतासमक्ष आफ्ना एजेन्डा पुऱ्याउन नसक्दा राम्रो परिणाम आउन नसकेको निष्कर्ष निकालेको छ।

## एमालेको 'राष्ट्रवाद' बिक्यो, अरूको 'पहिचान' बिकेन

माओवादी केन्द्रले दोस्रो चरणको निर्वाचनमा पहिलो हुने दाबी गरेको थियो। माओवादी नेतृत्वको सरकारले पहिलो चरणको स्थानीय तहको निर्वाचन सम्पन्न गराएको, सरकारमा रहँदा लोडसेडिङ हटाउनुका साथै सिंहदरबारमा केन्द्रित अधिकार गाउँगाउँसम्म ल्याएको विषयलाई बुझाउन नसक्दा परिणाम सोचेअनुसार आउन नसकेको केन्द्रीय कार्यालयका नेता मणि थापाले बताउनुभयो। उहाँले नेपाल समाचारपत्रसँग भन्नुभयो- 'हामीले हाम्रो भोटको सुरक्षा मात्र गर्न सकेको भए पनि राम्रो परिणाम आउँथ्यो, केन्द्रले जसरी रणनीति बनाएर जनतासमक्ष पुग्नुपर्दथ्यो त्यो हुन सकेन।'

(क्रमश: पृष्ठ ९ मा)

फेरि पेट्रोलियम पदार्थको मूल्य घट्यो

लगानीकर्ता त्रसित हुँदा नेप्सेमा गिरावट

पृष्ठ १०

# युरोपियन लिग फुटबलमा बेटिङ छ्याप्छ्याप्ती

दीपक रिजाल, काठमाडौं

गएको चैत २० देखि जेठ १८ गतेभित्र ललितपुर महानगरपालिका-११ चाकुपाट बस्ने सनी धाख्वाको १ करोड रुपियाँ चोरी भयो। पटकपटक घरबाट रकम चोरी भएपछि सनी प्रहरीकोमा उजुरी गर्न पुगे। महानगरीय अपराध महाशाखाले चोरी भएको घटनामा ध्यान नदिएपछि उनी विभिन्न प्रहरी कार्यालय धाए पनि पत्ता नलागेपछि अन्तिममा उनी महानगरीय प्रहरी प्रभाग पुल्चोक पुगे।

पुल्चोक प्रहरीले १ करोड रुपियाँ चोरी भएको घटनालाई सूक्ष्म रूपमा अनुसन्धान शुरू गऱ्यो। अनुसन्धानका क्रममा चोर सनीको घर जोडिएको उनको काकाको बरन्डाबाट प्रवेश गरेको पत्ता लगाएपछि अनुसन्धानलाई साँघुरो बनाउँदै लग्यो।

शुरूमा ३० लाख हराउँदा सनीले घरमा नै पैसा यताउता परेको भनेर खासै चासो दिएनन्। तर गत जेठ १८ गते उनको ५० लाख रुपियाँ हराएपछि सनी प्रहरीकोमा खबर गर्न गएका थिए। प्रहरीले अनुसन्धान गर्ने क्रममा उनका काकाको छोरा विशाल धाख्वालाई शंका लागेर पक्राउ गऱ्यो। शुरूमा उनले आफूले पैसा नचोरेको जिकिर गरेपछि पुल्चोक प्रहरी प्रभागले धाख्वाको बैंक खाता चेक गऱ्यो।

महानगरीय प्रहरी प्रभाग पुल्चोकका प्रमुख प्रहरी निरीक्षक गोविन्द पन्थीले भन्नुभयो- 'पक्राउ परेका अभियुक्तले शुरूमा पैसा आफूले नचोरेको जिकिर गरेपछि बैंक खाता चेक गर्दा अस्वाभाविक रकम खातामा देखियो।' बैंक खातामा रहेको पैसा कहाँ र कसरी आयो त्यसको पुष्टि गर्न आग्रह गर्दा उनले फुटबलमा बेटिङ गर्दा जितेको पैसा भनेर घटनालाई मोड्न खोजे पनि प्रहरीले १ करोड चोरीमा उनी नै संलग्न भएको पत्ता लगायो। प्रहरीले घटनाको अनुसन्धान गर्ने क्रममा विशालले आफ्नो घरको बरन्डाबाट सनीको घरमा प्रवेश गरेर चोरी गरेको स्वीकार गरेको महानगरीय प्रहरी परिसर ललितपुरका प्रमुख ठूले राईले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो।

## आफन्तको १ करोड चोर्ने व्यक्ति पक्राउपछिको खुलासा

प्रहरीले फुटबलमा बेटिङ राख्ने समूह अहिले राजधानीमा सक्रिय रहेको पत्ता लगाएपछि त्यस्ता गिरोहको खोजीलाई तीव्र बनाएको छ। एसएसपी राईले भन्नुभयो- 'चोरीको घटनाको अनुसन्धान गर्ने क्रममा अर्को घटनाको पर्दाफास होला जस्तो छ। हामी अहिले फुटबलको बेटिङको घटनालाई पनि मिहिन ढंगले अनुसन्धान गर्ने तयारीमा छौं।'

चोरीमा संलग्न रहेका विशालले युरोपियन लिग फुटबलमा बेटिङ गर्ने गरेको बताएपछि त्यस्तो कार्यमा संलग्न अन्य तीन जनालाई पनि प्रहरीले पक्राउ गरेको छ।

पक्राउ परेकाहरूले राजधानीमा फुटबलमा बेटिङ राख्ने ठूलो समूह सक्रिय रहेको बताएपछि प्रहरीले अहिले आफ्नो अनुसन्धानलाई तीव्र बनाएको छ।

यता घरबाट झन्डै १ करोड चोरी भएर पीडित भएका सनीसँग घटनाका बारेमा जिज्ञासा राख्दा उनले यो घरभित्रको मामिला भएको र प्रहरीले अनुसन्धान गरिरहेकाले आफूले केही नबताउने जानकारी दिए।

# महानगर

घरमा छोराछोरीको अगाडि जाँड–रक्सी, चुरोट, बिडी नखाने, छोराछोरीको अगाडि झगडा नगर्ने र असल संस्कार दिने हो भने राम्रोसँग पढ्ने वातावरण बन्छ, हरेक दिन छोराछोरीको होमवर्क चेक गनुपर्छ, तनाव दिएर होइन राम्रो वातावरण दिएर पढ्ने वातावरण बनाउनुपर्छ।

# कलेज छनोट गर्दा आइपर्ने १० प्रसंग



ओमशंकर श्रेष्ठ

कलेज छान्नु निकै गाह्रो काम हो। त्यसैले कुनै पनि चिन्ता नलिई आफ्नो चाहना र महत्वलाई ध्यानमा राखी यसबारे निर्णय लिनुपर्दछ। अहिले विद्यार्थी कुन कलेज छनोट गर्ने भनी भौंतारिरहेका हुन्छन्। कोही साथीभाइको लहलहैमा कलेज छनोट गर्न पुग्दछन्। त्यसैले कलेज छनोट गर्दा निम्न कुरामा ध्यान दिनुपर्छ।

१ घरदेखि कलेज कति टाढा छ भन्ने अर्थ हुँदैन। यस्तो बेला कलेजसम्म पुग्ने यातायातको साधन छ वा छैन र आफ्नो बजेटले भ्याउँछ वा भ्याउँदैन भन्नेबारे ध्यान दिनुपर्छ। दुरीभन्दा आफ्नो कलेज रहेको स्थानको महत्त्वमाथि ध्यान दिनुपर्छ। धेरै समय त्यहाँ बिताउनुपर्ने भएकाले त्यहाँको वातावरणले तपाईंलाई पक्कै प्रभावित पार्दछ। तर, दुरी जति नजिक भयो उति फाइदा हुन्छ। यसले पढाइका लागि समय जोगिन्छ। कलेज वरपर आधुनिक सुविधाहरु भएको खण्डमा खालि पिरियडमा समयको सदुपयोग गर्न सकिन्छ।

२ आफू जान लागेको कलेजले वर्षमा कति वटा खेलकुद प्रतियोगिता जित्ने गरेको छ भन्ने भन्दा त्यहाँका विद्यार्थीको खेल प्रस्तुति र क्षमता कस्तो छ भन्ने कुरामा ध्यान दिनुपर्छ। खेलकुदलाई भन्दा पढाइमा मात्र बढी केन्द्रित हुने कलेजको अचेल कुनै महत्त्व छैन। खेलकुद कलेजको अपरिहार्य विशेषता एवं गहना बनिसकेको छ।

३ कलेज महँगो वा सस्तो भन्दा पनि आफू जाने कलेजप्रति आफू कति आकर्षित छु र त्यहाँबाट आफूले अपेक्षित शिक्षा र ज्ञान हासिल गर्न सक्ने सम्भावना के-कति छ भन्नेबारे बुझ्नु जरुरी छ। यसबारे पैसा लगानी गर्ने अभिभावकहरुले पनि कलेज रोज्नुभन्दा पहिल्यै राम्ररी ध्यान दिनु जरुरी छ। किनभने महँगो कलेज रोजेर चाहेजस्तो प्रतिफल पाउन सकिएन भने पश्चाताप गर्नुबाहेक अन्य केही विकल्प हुँदैन।

४ कलेज कति लोकप्रिय र स्तरयुक्त छ भन्ने भन्दा सो कलेज भविष्यमा त्यहाँका विद्यार्थीलाई इन्टर्नसिप र रोजगारका अवसरहरु दिलाउन कति सक्षम छ भन्ने कुरामा बढी ध्यान दिनुपर्छ। यसका लागि त्यहाँका पूर्वविद्यार्थी र अभिभावकहरुसँग विचार विमर्श गर्नुपर्दछ। त्यसै गरी त्यहाँ पढेका विद्यार्थी समाजमा कति हदसम्म सफल र सम्मानित छन् भन्ने पनि बुझ्नुपर्दछ।

५ समय समयमा विभिन्न मनोरञ्जनात्मक कार्यक्रमहरु आयोजना गरिरहनेभन्दा तपाईंलाई मनपर्ने भौतिक पूर्वाधारहरु जस्तै स्विमिङ पुल, म्युजिक रुम, स्नुकर, डान्स रुम आदिको व्यवस्था गरिएको छ वा छैन भन्ने बुझ्नुपर्दछ। कहिलेकाहीं आफ्ना साथीहरुसँग घरमा झैं फिल्म हेर्न वा मज्जाले सुत्न हुने खालको डोर्म रुम छ वा छैन बुझ्नुपर्दछ।

६ आफूले छानेका केही कलेजहरुको बारे जान्न स्थलगत भ्रमण गनुपर्दछ। त्यसपछि आफ्नो छनोटमा परेका कलेजहरुलाई पनि प्राथमिकताको आधारमा वरियताक्रममा राख्नुपर्दछ। यस क्रमम त्यहाँका प्रिन्सिपल, व्यवस्थापन पक्ष र उक्त कलेजप्रतिको छरछिमेकीको धारणा पनि बुझ्नुपर्दछ। आफूले छानेको कलेजको मूल उद्देश्य नाफा आर्जन गर्नु मात्र हो कि सेवा पनि हो भन्ने बुझ्नुपर्दछ। साथै कलेज परिसरमा राजनीतिक चलखेल हुने गरेको छ वा छैन भन्ने पनि बुझ्नु जरुरी छ।

७ अध्ययन र अध्यापन नै कलेजको सबैभन्दा ठूलो उद्देश्य र उपलब्धि हुने भएकाले त्यहाँका सम्पूर्ण विभागका शिक्षक शिक्षिकाको शैक्षिक योग्यता, अनुभव र तिनीहरु आफूलाई दिइएको सुविधा र तलबप्रति सन्तुष्ट छ वा छैन भन्नेबारे बुझ्नु जरुरी छ। किनभने शिक्षक तथा शिक्षिको व्यस्थापनसँगको सन्तुष्टिका परिणाम नै त्यहाँको गुणस्तरीय अध्यापन हुनेछ। व्यवस्थापन सफल रहे मात्र कुनै पनि संस्था राम्ररी चल्दछ भन्ने यथार्थता बिर्सिनुहुन्न।

८ अध्ययनको सिलसिलामा विद्यार्थीले धेरै समय कलेजमा बिताउनुपर्ने हुनाले त्यहाँको क्यान्टिनको गुणस्तर र कलेजको वातावरणको सरसफाइमा पनि ध्यान दिइनुपर्दछ। त्यसै गरी कडा अनुशासन र शिक्षा दिने नाममा त्यो कलेजमा अमानवीय मानसिक र शारीरिक सञ्जाय दिइने गरेको छ वा स्वतन्त्रताको नाममा विद्यार्थीलाई निकै छाडा छोदिने गरिएको छ भन्ने राम्ररी अध्ययन गर्नुपर्ने हुन्छ।

९ वर्तमान वैज्ञानिक युगको आवश्यकताअनुरूप योग्य एवं दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यले पठन पाठन हुने गरेको, नैतिकवान, विवेकशील, अध्यात्मप्रति आस्थावान र सुसंस्कृति र व्यवहारिक ज्ञान दिइने गरिएको छ वा छैन भन्ने पनि जान्न जरुरी छ। अझ समाज र समाज सेवाप्रति बफादार र जिम्मेवार हुने ढंगले पढाइने कलेज त अब्बल छनोट सावित हुनेछ ।

१० त्यहाँ पढ्ने विद्यार्थीहरुको मात्र नभई त्यहाँका कर्मचारी एवं शिक्षक शिक्षिकाको नैतिक आचरणप्रति पनि कलेज छनोट गर्नुअघि अभिभावक र विद्यार्थी दुवैले विशेष ध्यान दिनुपर्दछ। हामीले कहिलेकाहीं कलेजहरुमा यौन व्यभिचारी कार्य हुने गरेको खबरहरु पनि सुन्ने गरेका छौं। यौन शोषणका घटनाको कारण आत्महत्याको परिणामसमेत निस्कन सक्छ। साथै कलेज लागू पदार्थ र हिंसामुक्त छ वा छैन भन्ने पनि जान्नु जरुरी छ।




# मेहिनत गर्दा उत्कृष्ट नतिजा : मनीष

मधुसूदन रायमाझी

रामेछाप सुनापति गाउँपालिका-१ गुन्सी निवासी मनीष चौलागाईं यस वर्षको एसईई परीक्षामा देशभरबाट उत्कृष्ट बन्न सफल भएका छन्। रामेछाप निवासी चौलागाईंले भक्तपुरको महेन्द्र विद्या आश्रम बोर्डिङ स्कुलबाट एसईई परीक्षामा ४ जीपीए ल्याएर उत्कृष्ट नजिता ल्याउन सफल भएका हुन्। २०७४ नर्सरी नपढी यूकेजीमा भर्ना भएका मनीष चौलागाईं हरेक कक्षामा प्रथम हुँदै उत्कृष्ट नतिजा हात पार्न सफल सफल भएका छन्।

१५ वर्षीय मनीष हाल सूर्यविनायक-६ पाण्डुबजारमा बसोबास गर्दै आएका छन्। चौलागाईंका आमाबुबा दुवै स्वास्थ्यकर्मी हुन्। आमा पार्वती आचार्य दुर्छिम स्वास्थ्य चौकी खोटाङकी अनमी हुन् भने बुबा मुकुन्द चौलागाईं महांकाल गोल्फुटार जनस्वास्थ्य चौकीका जनस्वास्थ्य निरीक्षक हुन्।

चौलागाईंले भविष्यमा डाक्टर बनेर दुर्गम भेगका गरिबीमा परेकाहरूको सेवा गर्ने उद्देश्य लिएका छन्। 'भविष्यमा डाक्टर बन्ने सोच बनाएको छु, शिक्षकहरुबाट पाएको राम्रो शैक्षिक वातावरण र बुबा आमाको राम्रो व्यवहारकै कारण आज राम्रो नतिजा ल्याउन सफल भएको छु' -उनले भने।

मनीषका बुबा मुकुन्द चौलागाईंले पढाइप्रतिको लगावकै कारण छोरा (मनीष) ले उत्कृष्ट नजिता ल्याउन सफल भएको बताए। उनले भने- 'हामीले छोराका लागि पढने वातावरण दियौं, सानैदेखि कहिले पनि पढ भनेर गाली गर्नुपरेन, पढाइमा घोक्नेभन्दा पनि व्यवहारिकरूपमा छलफल गरेरै पढ्दा छोराले राम्रो नतिजा आयो।'

एईई परीक्षामा ४ जीपीए ल्याएका मनीष काठमाडौंको नयाँवानेश्वरस्थित लिभरपुल कलेजमा भर्ना भएका छन्। अघिल्लो वर्षको एसईई परीक्षामा टपर विद्यार्थीले पढेको कारण लिभरपुल कलेज छनोट गरेको बताउँदै उनले एमबीबीएसको तयारीका लागि सहज हुने भएकाले यस कलेज रोजेको बताउँछन्। 'मेरो लक्ष्य डाक्टर बन्ने हो, लिभरपुल कलेजमा राम्रो वातावरण पाएँ, धेरै कलेजले फोन गरेर बोलाएका थिए' -उनले भने। चौलागाईंका अनुसार आफ्नो कलेजमा पढनका लागि १० वटाभन्दा बढी कलेजहरुले अनुरोध गरेका थिए। मनीषको रोजाइमा नै लिभरपुल कलेजमा भर्ना गरिएको (मनीष) को बुबा मकुन्द चौलागाईंले बताए। मनीषलाई कलेजले नि:शुल्क छात्रवृत्ति (फ्रि स्कलरसिप) प्रदान गरेको छ।

मनीषले भने- 'रुटिङ बनाएर नै पढनुपर्छ, घोकेर पढनुभन्दा पनि जिज्ञासु र नोट गेरर पढनुपर्छ।' आफ्नो कौतुहल्तामा थाहा पाएको विषयवस्तु सम्झिन सजिलो हुने बताउँदै उनले परीक्षाअघि घोकेर पढ्नुभन्दा पनि कक्षामा राम्रोसँग पढ्नुभन्दा अघि नै पढाउनुपर्ने बताए। चौलागाईंले भने- 'मेरो घरको वातावरण विद्यालयमा शिक्षकहरुको सिकाइले राम्रो अंक ल्याउन सफल भएको हुँ।' बुबा मुकुन्द चौलागाईंले आफूहरुले घरमा राम्रो वातावरण दिएकै कारण विद्यालयमा गएर राम्रोसँग पढने बानी बसेको बताए। उनले भने- 'छोराको मेहिनतसँग विद्यालय र घरको वातावरणले पनि राम्रो काम गऱ्यो।' आमा पार्वती आचार्य घरमा छोराछोरीहरुका लागि राम्रो वातावरण दिन सकेको खण्डमा परिणाम पनि राम्रो आउने बताउँछिन्। उनले भनिन्- 'छोराले पढ्न बस्दा हामीले कहिले पनि टिभी खोलेर बसेनौं, छोरासँगै बस्ने र साथी जसरी सिकाउने काम गऱ्यौं।' अभिभावकहरुले छोराछोरीलाई पैसा दिएर मात्र दायित्व पूरा नहुने बताउँदै खानपान, स्वास्थ्यमा पनि ख्याल गर्नुपर्ने उनले बताइन्।

छोराछोरीको दिमागमा सकारात्मक सोच मात्र भरिदिनु नै अभिभावको जिम्मेवारी भएको बताउँदै आचार्यले थपिन्- 'दिनभरि के-के भयो भनेर सोध्ने बानीले छोराछोरीले आफ्नो कुरा सहजरूपमा शेयर गर्छन्, यसो गर्दा मनोविज्ञान बुझ्न सजिलो हुन्छ।'

कक्षा ६ पास गरेपछि ७ कक्षा नपढाई कक्षा ८ मा भर्ना गरिएको बताउँदै बाबुको चाहनाअनुसार कक्षा ८ मा भर्ना गरिएको उनले बताइन्।

> “रुटिङ बनाएर बनाएर नै पढनुपर्छ, घोकेर पढनुभन्दा पनि जिज्ञासु र नोट गेरर पढ्नुपर्छ।



'नभन्दै छोराले कक्षा ८ मा पनि प्रथम हुन सफल भएपछि सधैं प्रथम हुँदै एसईईको परीक्षामा पनि उत्कृष्ट बन्न सफल भयो' -आचार्यले भनिन्।

उनले घरमा छोराछोरीको अगाडि जाँड-रक्सी, चुरोट, बिडी नखाने, छोराछोरीको अगाडि झगडा नगर्ने र असल संस्कार दिने हो भने राम्रोसँग पढ्ने वातावरण बन्छ, हरेक दिन छोराछोरीको होमवर्क चेक गनुपर्छ, तनाव दिएर होइन राम्रो वातावरण दिएर पढ्ने वातावरण बनाउनुपर्छ' -आचार्यले भनिन्।

'छोराछोरीलाई पढ-पढ भनेर मात्र हुँदैन, छोराछोरीको मनोविज्ञानअनुसार खेल्न, टिभी हेर्न दिनुपर्छ', मनीषकी आमा आचार्यले थपिन्- 'टाउको दु:खेको अवस्थामा पढ्न सक्दैनन्, त्यसका लागि केही समय टिभी हेरेर पनि फ्रेस हुन सक्छन्। छोराछोरी रिसाउने बानी छ भने सकारात्मक सोचको विकास हुने किताबहरु किनेर ल्याइदिनुपर्छ, विद्यालय बिदा भएको बेलामा छोराछोरीको चाहनाअनुसार घुमाउन लैजानुपर्छ।'

दबाब दिएर पढाउन खोज्ने गलत भएको बताउँदै साथीजस्तो भएर सिकाउने काममा लाग्नुपर्नेमा उनले जोड दिइन्।

# धर्मस्थलीमा जब घन्कियो कौरा



राजधानीको धर्मस्थलीलाई हालैको एक दिउँसो कौरा गीत-संगीतले मोहक र रोचक बनाइरहेको थियो। स्थानीयदेखि आगन्तुकसम्म कौराको भाकामा झुमिरहेका थिए।

निर्देशक मनाङ गुरुङ कौरा गीतको तालसँगै आफैंसमेत नाचेर मोडल रीना थापा मगर, गायक तथा मोडल शिशिर गुरुङ र दर्जनौं कोरस कलाकारलाई नाच्न सिकाइरहेका थिए। उनको निर्देशनमा छायाँकार नवराज उप्रेती क्यामेरामा विभिन्न कोणमा यी सब दृश्यलाई कैद गर्न व्यस्त थिए। मनाङको एक्सनसँगै दर्जनौं कलाकार, मोडल, गायक गायिका र प्राविधिहरु एकसाथ सटका लागि परिचालित हुन्थे। उनको कटको ध्वनिसँगै फेरी सबै पक्ष स्वचालितरूपमा रोकिन्थे। *के गरौं यो मायालाई भगाई छोडौं कि* बोलको कौरा गीतको सुटिङमा देखिएको रमाइलो दृश्य थियो यो।

विशेष गरी गुरुङ समुदायमा प्रचलित कौरा गीत तनहुँ र त्यस आसपासको क्षेत्रहरुमा गाउने तथा कौरा नाच्ने चलन छ। तर, यसलाई म्युजिक भिडियोमा उतार्नका लागि भने धर्मस्थलीलाई छानिएको थियो। आफ्नो मौलिक परम्परा बोकेको भाकालाई बजारमा ल्याउने जमर्को गर्ने गायक हुन् शिशिर गुरुङ। उनलाई कौरा गाउन साथ दिएकी छिन् गीता पाइजा मगरले। निर्भाना टिभी नेपालले उत्पादन र बजार व्यवस्थापन गरेको गीतलाई विष्णुहरि तिमल्सिनाले सम्पादन गरेका छन्। कौरामा शब्द, संगीत र एरेन्ज दिवान किनारको रहेको छ। निर्भाना कला केन्द्रले निर्माण गरेको यो कौराको म्युजिक भिडियोलाई निर्भाना टिभी नेपालले बजारमा ल्याएको छ।

# ज्याकलिनलाई जवाफ

लामो समयसम्म हिन्दी फिल्ममा टिक्न सफल बलिउड अभिनेतृ ज्याकलिन फर्नांडिज ग्ल्यामरस फोटोसुट गराइरहने नायिकामध्येमा पर्छिन्। केही दिनअघि पनि उनले फोटोसुट गराएकी थिइन्। तर, यो फोटोसुट अघिल्ला पटकको भन्दा भिन्न थियो।

यस फोटोसुटमा उनी टपलेस थिइन्। कपालले शरीर ढाकिएको उक्त तस्वीर उनले इन्स्टाग्राममा शेयर गरेकी थिइन्। जसको कारण उनलाई मानिसले सामाजिक सञ्जालमा ट्रोल गरेका थिए। यसको जवाफ उनले आफ्नै तरिकाले दिएकी छिन्। उनले ट्रोल गर्नेहरुमाथि कडा जवाफ फर्काएकी छिन्। यसको जवाफस्वरूप इन्स्टाग्राममा अर्को टपलेस तस्वीर शेयर गर्दै उनले लेखेकी छिन्- 'म त्यस्तो फूल बन्न अस्वीकार गर्छु, जस्लाई सौन्दर्यका लागि तोडिन्छ र मर्नका लागि छोडिन्छ। म जंगली फूल बन्नेछु, जसलाई खोज्न मुश्किल र भुल्न असम्भव छ।'



# बासकोटालाई लाइफटाइम अवार्ड

## खनाल र रानालाई सम्मान, सुवेदीलाई पत्रकारिता पुरस्कार









हेटौंडामा आगामी बिहीबार हुन लागेको *नवौं छायाँछवी डी सिने अवार्ड*अन्तर्गत यस वर्षको *छायाँछवी लाइफटाइम लिजेन्ड्री अवार्ड २०७४* संगीतकार तथा गायक शम्भुजित बासकोटालाई प्रदान गरिने भएको छ। उनलाई ४ दशकभन्दा लामो समयदेखि गीत-संगीत क्षेत्रको उन्नयनमा योगदान गरेबापत *लाइफटाइम लिजेन्ड्री अवार्ड*बाट सम्मान गरिन लागेको छायाँछवीका अध्यक्ष शान्तिप्रियले जानकारी गराए। त्यसै गरी *छायाँछवी चलचित्रकर्मी रजत सम्मान २०७३* अभिनेता सरोज खनाल र अभिनेत्री रूपा रानालाई सम्मानित गरिने भएको छ। उनीहरुलाई ३ दशकभन्दा लामो समयदेखि फिल्म क्षेत्रमा योगदान पुऱ्याएबापत सम्मान गर्न लागिएको हो। *छायाँछवी चलचित्र पत्रकारिता पुरस्कार २०७४* बाट भने पत्रकार लक्ष्मण सुवेदीलाई पुरस्कृत गरिने भएको छ। डेढ दशकदेखि पत्रकारितामा निरन्तर सक्रिय सुवेदीलाई ९ हजार ९ सय ९९ रुपियाँ र ताम्रपत्रबाट पुरस्कृत गरिने आयोजकले जानकारी गराएका छन्। अवार्ड समारोह हेटौंडाको ओम्याक्स सिनेमा हलमा सम्पन्न हुँदै छ।



# शिल्पा विरांगना

*विरांगना* नाममा फिल्म बन्ने भएको छ। राजबहादुर सानेले निर्देशन गर्ने फिल्मको आइतबार राजधानीमा आयोजित एक समारोहबीच शुभ मुहूर्त गरियो।

फोर्थ आई मुभिजले निर्माण गर्न लागेको फिल्मको पूर्वउपप्रधानमन्त्री तथा माओवादी केन्द्रका नेता टोपबहादुर रायमाझीको प्रमुख अतिथ्यतामा शुभ मुहूर्त गरिएको हो। पुरानादेखि नयाँ अनुहारको देखिने फिल्म नेपालको सीमा क्षेत्रमा हुने अवैधानिक गतिविधि तथा अपराधिक क्रियाकलापमाथि बन्ने निर्देशक सानेले जानकारी गराए। नायिका शिल्पा पोखरेल प्रमुख भूमिकामा रहने फिल्ममा अनुपविक्रम शाही, पृथ्वीराज प्रसाईं, धिरेन शाक्य, सुनीलदत्त पाण्डे, सुशील पोखरेल, प्रिया रिजाल, सपना श्रेष्ठ, मार्टिन वली, किशोर झालगायतका कलाकार रहनेछन्।

बाबुराम दास, श्यामबहादुर थापा र रघु परियारको निर्माणमा बन्ने फिल्ममा लेखन निर्देशक साने, दीपक शर्मा र पुरुषोत्तम न्यौपानेको संगीत कविराज गहतराजको नृत्य र श्री श्रेष्ठको द्वन्द्व रहनेछ।

# शशिको सरप्राइज



गायक शशि शेखर बुढाथोकीले *दिल दिने कुरा, क्या राम्रो नेपाल, माया तिम्रो त्यो, हातैमा घडी*जस्ता गीतबाट चर्चा कमाएका छन्। १२/१३ वर्षको उमेरदेखि नै गायन क्षेत्रमा होमिएका काभ्रे बनेपा नगरपाललिका-१३ का शशि स्टेज प्रर्फमेन्स गर्न माहिर मान्निछन्।

आफूलाई भर्स्टायल गायक भन्न रुचाउने उनले लोकपप, आधुनिक, लोक र राष्ट्रिय गाएका छन्। गीतको भिडियोमा पनि आफैं मोडलिङ गर्दै आएका शेखरले आफ्नै शब्द र संगीतमा पनि केही गीत गाएका छन्। यसै क्रममा नयाँ गीत लिएर आउने तयारीमा छन्। यो गीत सरप्राइज प्याकेज हुने उनले बताए।


कामनाको हरेक अंक विशेष अंक

यस अंकका आकर्षणहरू:




सर्वत्र बजारमा उपलब्ध छ

**दीपक दीपाले किन लिएनन् अवार्ड?**

यस वर्षको अवार्डको खाता खोल्दै सम्पन्न एनएफडीसी नेसनल फिल्म अवार्ड २०७३ मा छक्का पञ्जाको नाममा सर्वोत्कृष्ट फिल्म, निर्देशक, अभिनेतृसहित ५ विधाको अवार्ड घोषणा भयो। तर दीपकराज गिरी, दीपाश्री निरौलालगायत छक्का पञ्जाको नाममा अवार्ड घोषणा हुनुअगाडि नै कार्यक्रमस्थलबाट बाहिरिए, किन? विशेष रिपोर्ट।

**प्रियंकाद्वारा खुलमखुला चुम्बन गरेर प्रेम प्रदर्शन**

एनएफडीसी नेसनल फिल्म अवार्ड २०७३ मा हलिउड बलिउड शैली अपनाउँदै नायिका प्रियंका कार्कीले सर्वोत्कृष्ट नायिकाको अवार्ड जितेको उन्मादमा आफ्ना प्रेमी नवनायक आयुष्मान जोशीलाई आफ्नो र उनको आमाका साथमा सबैका सामु भरिभराउ हलमा अधरमै चुम्बन गरिदिइन्। रोचक रिपोर्ट।

**वर्तमान संगीत : कसैको नजरमा उर्वर, कसैको अनुभवमा दयनीय**

वर्तमान संगीत क्षेत्रलाई नियाल्ने क्रममा सम्बन्धित संगीतकर्मीमध्ये नै कसैले यसलाई उर्वर पाएका छन् भने कतिपयको अनुभवमा दयनीय अवस्था पनि देखिएको छ। खासमा के छ नेपाली संगीतको वर्तमान अवस्था? संगीतकर्मीकै अनुभवमा विशेष रिपोर्ट।

**८९/१० फिल्म सफल**

नेपाली फिल्मको निर्माण र प्रदर्शनमा व्यापक वृद्धि भए पनि असफल फिल्मको बाढी उर्लंदै गएको छ। झन्डै ९० फिल्म रिलिज भएको बजारमा मुस्किलले १ दर्जन फिल्मले मात्र व्यापारिक सफलता हासिल गरेको पाइएको छ। के कति कारणले फिल्मको व्यापारमा ह्रास आइरहेको छ? व्यापारिक समीक्षा।

**रंगमञ्चबाट रजतपटमा**

कुनै बेला रंगमञ्चीय कलाकार फिल्मका लागि उपयुक्त हुँदैनन् भन्ने मानिन्थ्यो। तर अहिलेको फिल्म क्षेत्र लगभग रंगमञ्चबाट आएकै कलाकारको भरथेगमा अगाडि बढिरहेको छ। पुरानै कुरा सम्झिने हो भने पनि नेपालमा फिल्म निर्माण आरम्भ हुँदा निर्माण भएको आमामा शीर्ष भूमिकमा निर्वाह गर्ने अभिनेतृ चैत्यदेवी र सोही फिल्ममा नायिकाको भूमिका निर्वाह गर्ने भुवन थापा (चन्द) पनि रंगमञ्चबाट फिल्ममा आएका थिए। कसरी धानिरहेका छन्, रंगमञ्चका कलाकारले फिल्म क्षेत्र? विस्तृत रिपोर्ट।

**मारवाडी समुदायबाट मिस नेपाल**

मिस वर्ल्डजस्तो अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगितामा प्रमुख उपाधि चयन गर्ने व्यवस्थालाई पछ्याउँदै एक जनाबाहेक फाइनलमा पुगेका बाँकी ६ जना प्रतिस्पर्धीको कानमा बाहिरको आवाज सुन्न नसकिने एयरफोन लगाउन लगाई सोधिएको प्रश्नमा तार्किक जवाफ दिँदै उर्लाबारी, मोरङकी मारवाडी समुदायबाट निकिता चाण्डकले यसपालिको मिस नेपालको ताज कसरी चुमिन्? विस्तृत रिपोर्ट।

**साथमा**

बलिउडसम्म छाउँदै अदिती, कलाक्षेत्रको वर्ष दिन, फेरिँदै फेसन शैली, सेलिब्रेटी राज : आमा भए पनि उमेर बढे पनि उस्तै, पिताको चार उपहार शाहरुखलाई ठूलो पाठ, यसरी हुन्छ मिस युनिभर्स। फोवीलाई फिल्मबाट पछुतो, ज्याकी चान हङकङदेखि हलिउडसम्म, कलाक्षेत्रले गुमाएका कलाकर्मीहरू ।

**तथा**

नियमित स्तम्भहरू सम्पादकीय, समाचार, हलिउड बलिउड, पेटारो र हुइयाँ

आफ्नो प्रति समयमै सुरक्षित गर्नुहोस्।

# विचार

{ असफलता त्यो अवसर हो, जसले अझै सच्चिएर अघि बढ्ने मौका दिन्छ।
-हेनरी फोर्ड

{ कमाएँ नाम जो भन्छ, त्यो वैरत्व कमाउँछ। कमाएँ दाम जो भन्छ, आफ्नै खाल्डो ऊ खन्छ।
-बालकृष्ण सम

## सम्पादकीय

नेपाल समाचारपत्र

# एमालेको अग्रता

स्थानीय तह दास्रो चरणको निर्वाचन परिणाम आउने क्रम अब अन्तिम चरणमा पुगेको छ। यस चरणको निर्वाचनमा पनि तीन दलबीच तीव्र प्रतिस्पर्धा देखिएको छ। पहिलो चरणमा तीन दलबीच प्रतिस्पर्धा भए पनि प्रमुख प्रतिपक्षी दल नेकपा एमाले पहिलो शक्तिको रुपमा स्थापित भएको थियो भने दोस्रो चरणमा पनि नेकपा एमाले नै पहिलो शक्ति हुने संकेतहरु देखा परेका छन्।

मुख्य गरी नेकपा एमाले, नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्रबीच चुनावी प्रतिस्पर्धा भए पनि नेपाली कांग्रेस र नेकपा एमाले मुख्य प्रतिस्पर्धीका रुपमा देखा परेका छन्। पहिलो चरणमा एमाले पहिलो शक्तिको रुपमा उदाएको भए पनि दोस्रो चरणमा भने एमाले इतरका सबै शक्ति मिलेर केही जिल्लामा एमालेलाई विस्थापित गर्ने योजना विफल हुँदा एमाले नै पहिलो शक्तिको रुपमा देखा पर्नुले जनतामा एमालेप्रति विश्वास बढ्दै गएको भन्दा फरक नपर्ला। कतिपय जिल्लामा संसदीय अभ्यासमा रहेका सबै दल मिलेर संयुक्त उम्मेदवारी एकातिर र अर्कोतिर एमालेले एक्लै उम्मेदवारी दिँदासमेत एमाले विजयी भएको देख्दा एमालेप्रति जनताको आकर्षण रहेछ भन्दा बढी हुँदैन।

दोस्रो चरणको निर्वाचनमा १ नम्बर प्रदेशमा एमाले, ५ नम्बर प्रदेशमा दुवै दलबीच तीव्र प्रतिस्प्रर्धा र ७ नम्बर प्रदेशमा नेपाली कांग्रेस अगाडि हुने आंकलन निर्वाचनअघि गरिएको भए पनि निर्वाचन परिणाम भने सोचेजस्तो नआउँदा कांग्रेस र माओवादी अचम्ममा परेका छन्। अहिलेसम्म घोषणा भएका ठाउँमा पनि एमाले अगाडि रहनु र गणना भएका स्थानमा पनि एमाले अगाडि देखिनुले कांग्रेस, माओवादीलाई भने धक्का लागेको छ।

स्थानीय निकाय निर्वाचनमा एमाले अगाडि देखिनुलाई एमालेले देखाएको राष्ट्रवादी धार र विगतमा भारतले लगाएको नाकाबन्दीलाई तत्कालीन प्रधानमन्त्री केपी ओलीले डटेर सामना गर्नु नै एमालेप्रति जनताको भरोसा बढेको एकाथरी विश्लेषकले बताएका छन् भने अर्का थरी विश्लेषकले कांग्रेसको एजेन्डा पुरानो हुँदै गएको र नेतृत्वमा आएको कमजोरीले यसपटकको स्थानीय निकायमा एमाले हाबी हुन पुगेको विश्लेषण गरेका छन्। जे होस्, विगत २ दशकदेखि जनप्रतिनिधि नहुँदा जनतामा नैराश्यता देखिएको र अहिले चुनाव भएपछि जनता चुनावमा भाग लिन लालायित भएको जनताको सहभागिताले नै पुष्टि गर्छ। तर अब निर्वाचित जनप्रतिनिधिले जनताको पक्षमा काम गर्न सके मात्रै स्थानीय निर्वाचनले सार्थकता पाउन सक्छ।

**लेखकहरूलाई अनुरोध**

१००० शब्दसम्मका उत्कृष्ट लेख-रचना एवम् छोटा पाठक-पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।
email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# गृह प्रशासन सुधार मार्गचित्र र अपेक्षा



भीमबहादुर पन्थ

> समयानुकूल परिष्कृत र परिमार्जित गराउँदै प्रहरी संगठनलाई सुदृढ तुल्याउने सकारात्मक सोचका साथ ३० वर्षे सेवा हद लागू गरिएको हो भने तत्काले २ वर्ष थप गर्न सक्ने प्रावधान ल्याउनुपर्ने नै थिएन। यदि सुरक्षा निकायलाई चुस्त-दुरुस्त राख्ने चाहना भएको भए नेपाली सेनामा चाहिँ यो किन लागू गरिएन ?

आन्तरिक शान्ति सुरक्षा कायम गर्ने महत्वपूर्ण निकाय नेपाल प्रहरी संगठन प्रजातन्त्रको पुनः वहालीपश्चात् राजनीतिक पार्टीको खेलौनासरह उपयोग हुँदै आएको कुरा जगजाहेर नै छ। स्वतन्त्र अभिव्यक्ति प्रस्तुत गर्दा पूर्वपञ्चहरुको पक्षधरको ट्याग लाग्न पनि सक्ला, म अन्यथा लिने पक्षमा छैन। आफूले देखेभोगेको विचार अभिव्यक्त गरेको मात्र हुँ। नेपाल प्रहरीलाई पङ्गु बनाई आफ्नो पिछलग्गु बनाउने 'ग्राइन्ड डिजाइन' अनुरुप नै प्रहरी संगठनमा ३२ वर्षे सेवा हद लागू गरी आफ्नो समर्थक प्रहरी महानिरीक्षक नियुक्त गर्ने कुटिल चालस्वरुप वर्तमान प्रधानमन्त्री गृहमन्त्री रहँदाका बखत रत्न शमशेर जबरालाई पदच्यूत गरी अछामवासी मोतिलाल बोहरालाई प्रहरी महानिरीक्षक बनाइयो। त्यहीँबाट नेपाल प्रहरीका कुदिन शुरु भए। २०५२ सालदेखिको फोहोरी खेल झन्-झन् झाँगिदै आएको अवस्थालाई यस पटकको प्रहरी महानिरीक्षकको नियुक्तिले निर्लज्ज स्वरुप प्रस्तुत गऱ्यो।

समयानुकूल परिष्कृत र परिमार्जित गराउँदै प्रहरी संगठनलाई सुदृढ तुल्याउने सकारात्मक सोचका साथ ३० वर्षे सेवा हद लागू गरिएको हो भने तत्कालै २ वर्ष थप गर्न सक्ने प्रावधान ल्याउनुपर्ने नै थिएन। यदि सुरक्षा निकायलाई चुस्त-दुरुस्त राख्ने चाहना भएको भए नेपाली सेनामा चाहिँ यो किन लागू गरिएन ? सेना त झन् एक स्टेप अगाडि हुनुपर्ने हो, शारीरिक सुगठनको हिसाबले  सशस्त्र प्रहरी बल गठन भएको करिब ७ वर्षपछि ३२ वर्षे सेवा हद लागू गरी कसैको व्यक्तिगत चाहना पूरा गर्ने उद्देश्यले सरकारको विरोधमा खुलेर उत्रिन नसक्ने निरीह संगठन सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभागमा समेत सो गलत अव्यावहारिक नियम अत्यन्त स्वेच्छाचारी ढंगबाट लागू भएको देखिन्छ। निजामती सेवाबाट शुरु भएको ३० वर्षे सेवा हद कर्मचारी युनियनको दबाबमा खारेज हुने तर निमुखा प्रहरी संगठनमा लागू भैरहने यो गलत प्रवृत्तिलाई वर्तमान गृहमन्त्रीज्यूबाट आफ्नो गृह प्रशासन सुधार मार्गचित्र २०७४ मा उल्लेख भएकोमा मात्रै पनि म पूर्वप्रहरी कर्मचारीको नाताले अत्यन्त हर्षित छु। सरकारको नजरमा सबै राष्ट्रसेवक कर्मचारी समान हुन्। उही सरकारी सेवा कसैले ६० वर्ष सेवा गर्ने अवसर पाउने, कसैले ४८ वर्षमा अवकाश लिनुपर्ने, यो कस्तो असमान नियम हो ? समानताको नारा दिने प्रजातान्त्रिक सरकारको भाषणमा मात्र सीमित छ, समानता भन्ने कुरा।

१० वर्षे द्वन्द्वकालमा नागरिकको अत्यन्त नजिकको साथी नेपाल प्रहरीलाई बलिको बोको बनाइयो। जसका नजिकका कोही छैनन्, ती निमुखा प्रहरी अत्यन्त संवेदनशील कहलिएका स्थानमा खटिनुपर्ने अवस्था रह्यो। खटाएको स्थानमा नजाऊँ भने जागिर जाने डर, संरक्षण दिने कोही छैनन्। तिनै सोझासीधा आर्थिक अवस्था कमजोर भई रोजिरोटीको लागि परिवारको माया मारी अहोरात्र खटिने प्रहरी कर्मचारीहरुले नै हो वीरगति प्राप्त गरेका। कहीँ-कतै कुरो सुन्ने छन् भने सुरक्षित स्थानमा सरुवा वा काजमा खटिने र ज्यान जोगाउन अलआउट हुने पनि तिनै हुन्। तिनै समाउने हाँगो र टेक्ने खुड्किलो नभएका बेसहारा प्रहरी कर्मचारीको वास्तविकता नबुझी विद्रोही पक्षको चौकी आक्रमण तथा क्रुर व्यवहार सहन विवश भए विचरा ! आजसम्म पनि ती वीर प्रहरीका सन्ततिले अविभावकको अभावमा उचित शिक्षादीक्षाबाट वञ्चित हुनुपरेको छ भने कतिपयलाई गरिबीले आक्रान्त पारिरहेको छ। त्यस्ता वीर प्रहरीका सन्तति तथा परिवारजनको पीरमर्का बुझ्ने कसले ? त्यसपछिका संगठन प्रमुखहरु संगठनको विषयमा भन्दा पनि व्यक्तिगत लाभ-हानिका क्षेत्रमा आकर्षित भएको तथ्य ठूला-ठूला आर्थिक घोटालामा संलग्न भएको घटनाले पुष्टि गर्दछ। प्रहरीका उच्च ओहदाबाट अवकाश लिएका पूर्व विशिष्ट प्रहरी अधिकृतहरुले अदालती कारबाही सहनुपर्ने अवस्था आएको छ। तर आफ्ना संगठनका पूर्वराष्ट्रसेवक कर्मचारीको सेवा-सुविधामा वृद्धि गर्दै लगेको भए त्यस्ता वीर पूर्वकर्मचारीहरुले राहत पाउने थिए र दुरुपयोगको आरोपमा सजाय भोग्नुपर्ने दिन आउने थिएन। प्रहरी कल्याण कोषको नाममा रकम जम्मा गर्ने अनि व्यक्तिगत लाभमा दुरुपयोग गर्ने प्रवृत्तिले कल्याण कोष नै बदनाम हुँदै गएको छ। प्रहरी कल्याण कोषको स्थापना नै बहालवाला तथा पूर्वकर्मचारीको हित तथा कल्याणको खातिर स्थापना भएको कोष हो। कोषको मर्म बुझी मिसन प्रयोजनका लागि कोषको रकम खर्च नगरी सरकारी बजेट प्रयोग गर्ने वातावरण सृजना गरेको भए आर्थिक ऐन नियमको परिधिभित्र रही खर्च गर्नुपर्ने अवस्था रहने हुँदा आर्थिक घोटलामा संलग्न भई पूर्वसंगठन प्रमुखहरु अदालती कारबाहीमा मुछिँदा सिंगो प्रहरी संगठन तथा पूर्वप्रहरीहरुसमेत लज्जित महसुस हुनुपर्ने थिएन। प्रहरी निरीक्षकको सरुवामा समेत अनुचित दबाब दिने गृह प्रशासन तथा गृहमन्त्री पक्कै चोखा छैनन्, कानुनीरुपमा मात्रै संगठन प्रमुख चुकेका मात्रै हुन्।

गृह प्रशासन सुधार मार्गचित्र-२०७४ तर्फ दृष्टि दिँदा अत्यन्त सकारात्मक पक्ष भनेको नै सेवा अवधि विवाद अन्त्य गर्ने हो जस्तो लाग्छ। यसै गरी लामो समय एउटै दर्जामा रही कार्य गर्दा प्रहरी कर्मचारीहरुमा नैरास्यता उत्पन्न भई कार्यसम्पादनमा असर पुग्ने गरेको देखिएकोले पदसोपानलाई पुनर्मूल्यांकन गरी समस्याको समाधान गर्न प्रहरी जवान र प्रहरी हवल्दारको बीचमा (सहायक हवल्दार) र प्रहरी नायब निरीक्षक र प्रहरी निरीक्षकको बीचमा (प्रहरी वरिष्ठ निरीक्षक) पद सृजना गर्ने भन्ने उल्लेख छ, त्यो सारै मार्मिक र व्यावहारिक देखिन्छ। यस्तै एउटै पदमा लगातार लामो अवधि सेवा गरी निवृत्त हुने अवधि पुगेका प्रहरी कर्मचारीलाई एक तह बढुवा भई अवकाश लिने कानुनी व्यवस्था गरिने विषय पनि त्यत्तिकै महत्वपूर्ण छ। सशस्त्र प्रहरी बल कान्छो सुरक्षा निकाय हो तापनि माथि उल्लिखित विषयहरु पहिले नै कार्यान्वयनमा ल्याइसकेकाले दूरदृष्टि भएको मान्नुपर्छ। पुरानो संगठन भन्ने अनि यथास्थितिमा बस्ने, राम्रो कुराको फलो गर्ने होइन कि आफूलाई उछिन्ने भयो भनी रिस गर्ने परिपाटी नेपाल प्रहरीले त्याग्न जरुरी छ। जे-जसरी होस्, उल्लेखनीय कार्यको थालनी गरोस्, सबैतिरबाट हाइहाइ हुन्छ। आफ्ना सकल दर्जाका कर्मचारीको मनोबल उच्च राख्दै प्रतिस्पर्धामा उत्रिन सक्नुपर्छ। मातहत दर्जाको मनोबल गिराउने क्रियाकलाप कदापि गरिनुहुँदैन, हौसला अभिवृद्धि गर्ने/गराउनेतर्फ सिंगो संगठन मात्रै होइन कि गृह मन्त्रालयसमेत अडिग भई लाग्न जरुरी छ। गृह मन्त्रालय प्रहरी संगठनलाई आफ्नो इशारामा चलोस् भन्ने चाहन्छ, त्यो सरासर गलत हो। एउटा उदाहरण छ, सम्मानको सबै भोका हुन्छन्, उसको पदीय मर्यादाअनुसारको सम्मान प्रकट गर्न किन हिच्किचाउने ? जबसम्म समान व्यवहार गरिँदैन तबसम्म गृह मन्त्रालयप्रतिको नकारात्मक सोचाइ प्रहरीको मानसपटलबाट हट्दैन। गृह मन्त्रालयले ऊर्जा मन्त्रालयको जिम्मेवारीमा रहँदा लोडसेडिङको अन्त्यजस्तो अत्यन्त लोकप्रिय कार्य गरी सारा नेपालीको मन जित्न सफल व्यक्ति संरक्षक प्राप्त गरेको आभास भएको छ, दुवै प्रहरी संगठनमा। केही न केही नयाँ कामको थालनी हुनेमा ढुक्क छन् प्रहरी संगठन। 'खुट्टी देख्दै चाल पाएँ' भनेजस्तै शुरुवाती कदम अत्यन्त सराहनीय छ।

ट्राफिक प्रहरीले हाल पाइरहेको जरिबानाको १५ प्रतिशत प्रोत्साहन भत्ता हटाइनेछ। प्रोत्साहन भत्ताको लोभमा ट्राफिक प्रहरीको ध्यान आफ्नो मूल दायित्वलाई बिर्सिएर ट्राफिक व्यवस्थापन सूचारु गर्ने भन्दा पनि साइड बिजनेस (चेकिङ) लाई प्राथमिकता दिएका कारण आलोचित हुँदै गएको थियो। हालको काठमाडौंको ट्राफिक व्यवस्था अत्यन्त चुनौतीपूर्ण छ, धूलो-धुवाँको प्रवाह नगरी १२ देखि १८ घन्टासम्म सडकमा खटिने ट्राफिक प्रहरीलाई दैनिक अतिरिक्त भत्ताको व्यवस्था गर्ने नीति आउनु अत्यन्त व्यावहारिक छ। ट्राफिक व्यवस्थापनमा सहजता ल्याउने उद्देश्यले आवश्यकताअनुसार चोक-चोकमा ट्राफिक बत्तीहरु, सीसीटीभी, जेब्राक्रसिङ र पार्किङको उचित व्यवस्थाको लागि सम्बन्धित निकायसँग समन्वय र सहकार्य गर्न काठमाडौं महानगरपालिकाका कार्यकारी अधिकृतको संयोजकत्वमा कार्यदल गठन गरिनु मात्रले पनि काठमाडौं उपत्यकावासीले ट्राफिक व्यवस्थापनमा आमूल परिवर्तनको ठूलो आशा राखेका छन्।

मार्गचित्रमा धेरै विषयहरु समेटिएका छन्। ती सम्पूर्ण सवालमा घोत्लिन यो सानो लेख पर्याप्त हुँदैन। दुई प्रहरी संगठनबीच लामो समयसम्म तिक्तता रह्यो। अघिल्लो वर्षबाट सम्बन्धमा क्रमिकरुपमा सुधार हुँदै आएको छ। आशा गरौं, आगामी दिनहरुमा पनि दुई प्रहरी संगठनबीच सौताको व्यवहार नहोस्, यही कामना गरौं। वर्तमान मन्त्रीज्यूको कार्यकालमा संगठनले भुल्नै नसक्ने छाप अवश्य छोडेर जानुहुने नै छ। कुनै व्यक्तिको इच्छामा परिवर्तन हुन नसक्ने गरी प्रहरी तथा सशस्त्र प्रहरी बलको ऐनमा नै संशोधन गरी अटुटरुपमा दुवै प्रहरी संगठनले विकास-विस्तार गर्ने वातावरण सृजना होस् भन्ने सबैको चाहना छ।

(लेखक अवकाशप्राप्त सशस्त्र प्रहरी उपरीक्षक हुनुहुन्छ।)

## पाठक पत्र

### आफूले जितेका ठाउँमा मात्रै लोकतन्त्र ?

एमाले अध्यक्ष केपी शर्मा ओलीले रोल्पा-रुकुममा अहिलेसम्म लोकतन्त्र नै नआएको टिप्पणी गर्नुभएको रहेछ। काठमाडौं जिल्लाका महानगरपालिका र नगरपालिकाका निर्वाचित मेयर-उपमेयर र कार्यपालिका सदस्यलाई प्रशिक्षण दिँदै ओलीले त्यसो भनेको खबर सञ्चारमाध्यममा आएको छ। एमाले अध्यक्षसमेत रहेका ओलीले यस्तो भन्नु कतिसम्मको गैरजिम्मेवार कुरा हो ? यो नेपाली जनताले बुझ्न जरुरी छ। नेपालमा आफूले जित्दा लोकतन्त्र स्थापित भएको र अर्को फरक दलले जित्दा लोकतन्त्र धरापमा परेको टिप्पणी कांग्रेस, एमाले, माओवादीलगायतका सबै दलबाट आउने गरेका पाइन्छ। यस विषयमा मलाई दल नै गैरजिम्मेबार भई लागेको अनुभूति हुन्छ।

लोकतन्त्रको ठेकेदार बताउने दलहरुले सार्वजनिक ठाउँमा यसरी बोल्नुहुँदैन। यसले आमजनमानसमा लोकतन्त्र कमजोर भएको आभास हुन्छ। मेरो सुझाव सबै दललाई यो छ कि यहाँ नियम कानुन र आचारसंहिता अनि नैतिकता सबैको बन्धन छ। त्यसकारण यी सबै कुरालाई ख्याल गरेर मन्तव्य दिन जरुरी छ।

*- रोजी केसी, रुकुम*

### आखिर कहिलेसम्म यस्तो ?

नारायणगढ-मुग्लिन सडकखण्डको कालिखोलामा सधैं पहिरो गएर यात्रुलाई साह्रै दुःख दिइरहेको छ। यात्रुको हरिबिजोग हुने गरेको छ सधैं। यस विषयमा सरकाले गम्भीररुपमा चासो नदिएको जस्तो भान भएको छ। वैकल्पिक व्यवस्था पनि अझै भएको छैन। सरकारी निकाय आफ्नै पारामा छ। तर त्यहाँका स्थानीयलाई त्यहाँ कहिले बगाउने हो पहिरोले भन्ने चिन्ता छ। धेरै मानवीय क्षति भइसक्दा पनि उचित कदम नचालिनु सरकारी लाचारीपनको पराकाष्ठा हो।

पानी परिरहने भएको र छिन्छिन्मा पहिरो जाने हुनाले यात्रा जोखिमयुक्त बनेको छ त्यहाँ। सधैं एक-दुई दिन यातायात अवरुद्ध हुने गरेको छ। बाटो अवरुद्ध भएपछि यात्रु अलपत्र पर्ने गरेका छन्। मुग्लिनदेखि ९ किलोसम्मको क्षेत्रमा अधिकांश स्थानमा पहिरो खस्ने गरेको छ। त्यस क्षेत्रमा विशेष व्यवस्था गरेमा यो समस्या केही हदसम्म समाधान हुने देखिन्छ। कालिखोला, तोपेखोला, चार किलो, नौ किलो, साढे दुई किलोमा पहिरो खसिरहनेगर्छ। त्यसै गरी घुमाउनेमा पनि पहिरोको जोखिम छ। सामान्य पानी पर्दा पनि पहिरो जाने गरेको छ।

नारायणगढ-मुग्लिन सडक आयोजनाले भौगोलिक अध्ययनसमेत गरेको थियो। त्यस क्रममा २९ स्थानलाई पहिरो आउन सक्ने भनी जोखिम क्षेत्र मानेको थियो। वर्षासँगै पहिरो जाने क्रम बढेको छ। पहिरोका कारण घन्टौं सवारी जाम हुनाका साथै यात्रा पनि जोखिमपूर्ण रहेको छ। मुग्लिन प्रहरीको टोली पहिरो हटाउनमा केन्द्रित हुने गरेको छ। चाडबाडका समयमा यात्रु खचाखच हुने सवारी हजारौंको संख्यामा उक्त बाटोमा सञ्चालन हुने गरेका हुन्छन्। अब चाडबाड शुरु हुन लागेको छ। अहिलेबाटै यो समस्या समाधान गरेर केही निकास दिन म सरकारसँग माग गर्दछु।

*- रविन ताम्राकार, ललितपुर*

### मन ठूलो बनाऔं

उनको घर दोलखाको झुले हो। २१ वर्षकी भइन्। २०७४ साल जेठमा उनको बंगाराबाट रगत बग्न थाल्यो। पछि बान्ता र पखालासमेत लाग्न थाल्यो। हुँदा-हुँदा बान्तामा रगत देखिन थाल्यो। झुले स्वास्थ्य चौकीमा जाँच गराइन्। त्यहाँ तीन दिन बसेपछि उनलाई जिल्ला जनस्वास्थ्यमा पठाइयो। त्यहाँ चार दिन बसिन्। चार दिनको उपचारपछि डा. विनोद डंगोलले काठमाडौं जाने सल्लाह दिनुभयो। उनी वीर अस्पताल आइपुगिन्। यहाँ पनि नभएपछि असार १ गते नयाँबानेश्वरस्थित निजामती अस्पतालमा भर्ना भइन्।

उनलाई ब्लड क्यान्सर भएको रहेछ। त्यहीं उनको उपचार भइरहेको छ। रोग पहिलो स्टेजमै भएकोले उपचार गर्न सके उनी बाँच्न सक्ने रहिछिन्। उनको बाँच्ने चान्स ८० प्रतिशत रहेछ। यति कुराले उनमा बाँच्ने आशा पलाएको छ, तर उपचार गर्न लगभग २५ लाख रुपियाँ लाग्ने रहेछ। उनको घरको आर्थिक अवस्था नाजुक छ र उपचार गर्न सक्ने अवस्था पनि छैन। काखमा तीन महिनाको छोरो छ। श्रीमान् बेरोजगार हुनुहुन्छ। सुत्केरी अवस्थामै उनलाई यति ठूलो विपत्ति आइपऱ्यो।

बालक छोरालाई हुर्काएर पढाउने र आफ्नै खुट्टामा उभिन सक्ने बनाउने इच्छा छ, तर रोग लागेकाले अस्पतालको बेडमा आइपुगेकी छिन् उनी। अब उनीसित एउटै विकल्प बाँकी छ, त्यो हो- सबैसँग हात फैलाएर सहयोग माग्ने र उपचार गर्ने। उनले भगवान्सँग पनि बारबार यही प्रार्थना गरिरहेकी छिन। उनलाई सहयोगको लागि राष्ट्रिय वाणिज्य बैंक, चरिकोट शाखा, दोलखामा रहेको खाता नम्बर १६१०००६९६११० मा रकम जम्मा गरी मोबाइल नम्बर ९८६१७२३२५९, ९८४१३२५८४८ मा खबर गरिदिन विनम्र अनुरोध गर्दछु। उर्मिला भुजेल, बेड नं. २३५, निजामती अस्पताल, नयाँ बानेश्वर, काठमाडौंमा उनी छिन्। उनलाई मन ठूलो बनाएर सहयोग गरिदिनुहुन अनुरोध गर्दछु।

*- सुदीप खड्का, भक्तपुर*

### बाढीपीडितलाई सहयोग आवश्यक

सप्तरीमा आएका बाढीका कारण त्यहाँ विभिन्न गाउँपालिका र नगरपालिकाका १५ सयभन्दा बढी घर डुबानमा परेको खबर आएको छ। त्यहाँ स्थानीयको अहिले बिचल्ली छ। बाढीले कम्तीमा २ सय ३६ घर बगाएको छ। भन्सार, प्रहरी पोस्टलगायत सरकारी कार्यालयसमेत जलमग्न भएका छन्। बाढीले विभिन्न खोलाका तटबन्ध क्षति पुऱ्याउँदा भेल बस्तीमा पस्ने क्रम भैरहेको हो। कोशीको भंगालोमा सशस्त्र प्रहरीका एक हवल्दारको शव पनि भेटिइसकेको छ। अन्य धनजनको विवरण आउने क्रम जारी छ।

प्राकृतिक विपत्ति आउन सक्छ। त्यसलाई सकेसम्म कम गर्ने उपाय सोचिनुपर्छ। भइहालेमा पीडितलाई राहत र क्षतिपूर्तिमा सरकार बढी क्रियाशील हुन जरुरी छ। देशको अवस्था र त्यहाँका स्थानीयको अवस्थालाई मध्यनजर गरी सरकारले छिटोभन्दा छिटो राहत दिन जरुरी छ। छिटोभन्दा छिटो त्यहाँका पीडितको व्यवस्थापन गर्न जरुरी छ। त्यहाँ महुली खोलाको बाढीले सप्तरीको त्रिकौलका १५०, तिरहुत गाउँपालिकाका-५ भेडियाका ७० र दुधैला खोलाको बाढीले रुपनी गाउँपालिका-६ वीरेन्द्रबजारका ६ घर बगेका छन्। रुपनी बसबिटीको ४ किलो भन्ने स्थानमा खाडो खोलाको बाढी पस्दा बस्ती जलाम्य भएको छ। गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्र पनि जलमग्न भएको थियो। तिलाठीमा पनि ३ सय घर जलमग्न भएको थियो। तलाठी कोइलाडी गाउँपालिकाकै बेल्हीका १ सय ५० घर र सकरपुराका ५० घरमा पानी पसेको थियो। त्यहाँको अवस्था अहिले दयनीय छ। त्यसकारण संघसंस्थाले पनि त्यहाँ सहयोगको कार्यक्रम लान जरुरी छ। यो विषयमा सबैको ध्यान जाओस्।

*- सरु विक, थानकोट*

## सामाजिक सञ्जाल




निर्वाचन आयोगको लागि सम्पर्क मन्त्रालय गृह मन्त्रालय रहेको कानुनी व्यवस्था छ। तर यो कानुनी आचरणको पालन भइरहेको छैन। सबैको ध्यानाकर्षण जरूरी छ।

**Bimalendra Nidhi**
**@BimalendraNidhi**



समाज त्यो बेला समृद्ध र परिपक्व हुन्छ जब चेतना र विवेकको नियमले आमजनतालाई नियमन गर्छ।

**Karna Sakya**
**@KarnaSakya**




जहाँ ठूलो चुनौतीको पहाड हुन्छ, त्यहाँ अवसर पनि धेरै हुन्छ।

**Radhika Dhakal**
**@happy_dhakal**

२०७४, असार
सोमबार
१९

मन्त्रालयले संविधानको प्रावधानअनुसार संघ, प्रदेश, स्थानीय तहको खाका तयार गरी संघीय संरचनाअनुरुप संस्थागत संरचना खडा गर्ने विषयमा प्रशासन सुधार आयोगमा पेश गरेको छ।



# नेपाल

## शिक्षाका ३१ उपसचिव काण्ड

# चिट्ठी नबुझ्न दबाब

नेपाल समाचारपत्र

काठमाडौं

शिक्षा मन्त्रालयले स्थानीय निकायमा कर्मचारी खटाउने निर्णयको विरोध भएको छ।

शिक्षा मन्त्रालयले करिब दुई साताअघि ३१ जना उपसचिवलाई स्थानीय निकायअन्तर्गत शिक्षा हेर्न खटाएलगत्तै चर्को विरोध गरेका कर्मचारीले खटिएका कर्मचारीलाई चिट्ठी नबुझ्न दबाब दिएका छन्।

मन्त्रालयलाई आन्दोलनको आँधीबेहरी सिर्जना गर्ने चेतावनी दिएपछि मन्त्रालयले चिट्ठी फिर्ता लिन दबाब बढेको छ। मन्त्रालयले खटाएका कर्मचारीमध्ये अधिकांश काठमाडौंमा भए पनि मन्त्रालयले हुलाकमार्फत पत्र पठाएको थियो।

अहिले ती पत्र धमाधम मन्त्रालयले फिर्ता लिन थालेको छ। सरकारले गएको २६ गते शिक्षा सेवाका कर्मचारीलाई तत्काल स्थानीय तहमा खटाउनुपर्ने बाध्यात्मक निर्देशन दिएपछि मन्त्रालयले हतारिएर ३१ जना उपसचिवलाई नगरपालिकाको शिक्षा हेर्न खटाएको थियो। त्यसलगत्तै आधिकारिक ट्रेड युनियन, शिक्षा मन्त्रालयअन्तर्गत रहेका कांग्रेस, एमाले र माओवादी निकट कर्मचारीले कडा चेतावनी दिँदै पत्र फिर्ता लिन दबाब दिएका थिए।

कर्मचारीले दबाब दिएपछि मन्त्रालयले चिट्ठी फिर्ता लिएको मन्त्रालय स्रोतले जनाएको छ। स्रोतका अनुसार सबै कर्मचारीले दबाब दिएपछि मन्त्रालयले चिट्ठी फिर्ता लिएको हो।

स्थानीय तहमा कर्मचारीको खटनपटन तथा समायोजन गर्दा निजामती सेवाका सबै सेवाहरूलाई कानुनको दृष्टिमा समान ठानी न्यायिक तथा सम्मानजनक रूपमा व्यवस्थापन गरिनुपर्ने, तहगत इकाइहरूको संगठन संरचना र प्रशासकीय नेतृत्व व्यवस्थापनको स्पष्ट आधार तयार गरी जुनसुकै पद तथा सेवा समूहका वरिष्ठ कर्मचारीको प्रशासकीय नेतृत्व रहने व्यवस्था गरिनुपर्नेलगायतका माग राखी आन्दोलनमा उत्रने तयारी गरेका कर्मचारीले प्रधानमन्त्री शेरबहादुर देउवा, उपप्रधान तथा शिक्षामन्त्री गोपालमान श्रेष्ठ, अर्थमन्त्री कृष्णबहादुर महरा, संघीय मामिला तथा स्थानीय विकास मन्त्री र सामान्य प्रशासन मन्त्री, मुख्य सचिव, राज्य व्यवस्था समिति र अधिकारसम्पन्न संघीय प्रशासनिक पुनर्संरचना कार्यान्वयन समितिका संयोजकलाई समेत मागपत्र पेश गरेका छन्।

कर्मचारीले कनिष्ठको मातहतमा रहने गरी वरिष्ठलाई खटाउन नहुने, स्थानीय सेवा सञ्चालन तथा व्यवस्थापनसम्बन्धी आदेशमा भएको विभेदकारी व्यवस्था तत्काल खारेज गर्नुपर्ने र संसद्मा दर्ता भएको स्थानीय तह सञ्चालनसम्बन्धी विधेयक, २०७३ र कर्मचारी समायोजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७३ मा प्रशासन सेवा र अन्य सेवाबीच विभेद गर्ने गरी भएको प्रस्ताव संशोधन गरिनुपर्ने जनाउँदै चार सूत्रीय मागपत्र पेश गरेका छन्।

तत्काल कानुन नबनाइ आदेशकै भरमा प्रशासन सेवालाई मात्र प्रत्यक्ष लाभ एवम् पहुँच पुग्ने र गरी अरु सेवा समूहका कर्मचारीहरूलाई अन्याय, अपमान तथा मानमर्दनसमेत हुने गरी समायोजन तथा व्यवस्थापन गर्न लागिएकोमा गम्भीर ध्यानाकर्षण गराउँदै करिब ४ सय ५० जना कर्मचारीले प्रधानमन्त्रीदेखि मुख्य सचिवसमक्ष मागपत्र पेश गरेका हुन्।

शिक्षा सेवाका उपसचिव देवकुमार बराललले हचुवाको भरमा गर्न लागेको निर्णय तत्काल खारेज गर्नुपर्ने जनाउँदै मागपत्र पेश गरेको बताउनुभयो। उहाँले भन्नुभयो- 'हामी अपमानित भएका छौं, सरकारले मनोमानी रूपमा कर्मचारीलाई स्थानीय तहमा व्यवस्थापन गर्न थालेको छ।'

उहाँले मन्त्रालयमा कार्यरत वरिष्ठ प्राविधिक कर्मचारीलाई कनिष्ठ कार्यकारी अधिकृतको मातहतमा राख्ने गरी निर्णय गर्न लागेकोमा समेत आपत्ति जनाउँदै सबैलाई समान रूपमा व्यवस्थापन गर्नुपर्ने बताउनुभयो। उहाँले सरकारले कर्मचारीको व्यवस्थापनको विषयमा नसोचे अदालतमा जाने तयारीसमेत भएको बताउनुभयो। मन्त्रालयले कर्मचारी खटाउँदा के काम गर्ने हो? भन्ने विषयमा कार्ययोजनासहित काममा खटाउनुपर्ने माग राखेका छन्। शिक्षा मन्त्रालयका प्रवक्ता डा. हरि लम्सालले मन्त्रालयले कर्मचारी व्यवस्थापन गर्ने विषयमा गृहकार्य भइरहेको जानकारी दिनुभयो। 'कर्मचारी खटाउनैपर्छ कसरी व्यवस्थापन गर्ने? भन्ने विषयमा गृहकार्य गरिरहेका छौं' -उहाँले भन्नुभयो।

मन्त्रालयले संविधानको प्रावधानअनुसार संघ, प्रदेश, स्थानीय तहको खाका तयार गरी संघीय संरचनाअनुरुप संस्थागत संरचना खडा गर्ने विषयमा प्रशासन सुधार आयोगमा पेश गरेको छ।

शिक्षा सेवाका कर्मचारीले कडा आपत्ति जनाएपछि स्थानीय तहका शिक्षा सेवाका कर्मचारी कहिले हाजिर हुने हो भन्ने विषयमा अन्यौलता उत्पन्न भएको छ। स्थानीय निकाय तहका जनप्रतिनिधिले शिक्षासम्बन्धी अधिकार माग गर्दै जिल्ला शिक्षा कार्यालयहरूलाई पत्रसमेत पठाउन थालेका छन्। केही जनप्रतिनिधिले त शिक्षक सरुवा गर्दासमेत आफ्नो स्वीकृत लिनुपर्ने माग गर्दै आएका छन्।

## ८६ हजार २ सय ९२ विद्यार्थी दीक्षित हुने

काठमाडौं, (नेस)

पुसमा हुने दीक्षान्त समारोहमा ८६ हजार २ सय ९२ जना विद्यार्थी दीक्षित हुने भएका छन् ।

त्रिविको आइतबार सम्पन्न ५८औं वार्षिक सभामा रजिस्टार डिल्लीराम उप्रेतीले २०७३ असार २ गतेदेखि २०७४ जेठ १७ सम्मका ट्रान्सक्रिप्ट लिइसकेका मध्ये शिक्षाशास्त्र संकायमा २६ हजार २ सय ९०, व्यवस्थापन संकायमा १८ हजार १ सय ५३, मानविकी तथा सामाजिक शास्त्र संकायमा १३ हजार २ सय ३६ र कानुन संकायमा १ हजार १ सय ८ जना, विज्ञान तथा प्रविधि अध्ययन संस्थानमा ४ हजार ३ सय ५४, इन्जिनियरिङ अध्ययन संस्थानमा २ हजार ३ सय ९३, कृषि र पशु विज्ञान अध्ययन संस्थानमा ४ सय ३१ र वन विज्ञान अध्ययन संस्थानमा २ सय ४० विद्यार्थी दीक्षित हुने भएका छन् ।

प्रधानमन्त्री एवं त्रिविका कुलपति शेरबहादुर देउवाले मुलुकको उच्च शिक्षालाई समयसापेक्ष परिवर्तन गरी चुस्त शैक्षिक वातावरण निर्माणमा विश्वविद्यालयको ध्यान केन्द्रित हुनुपर्ने बताउनुभएको छ। त्रिवि सभाको ५८औं वार्षिक दिवसको बैठकमा बोल्दै उहाँले उच्च शिक्षालाई सबै वर्ग र समुदायमा पुऱ्याउनुपर्ने बताउनुभयो। कार्यक्रमअघि उहाँले त्रिविको नवनिर्मित मूल प्रवेशद्वारको उद्घाट्न गर्नुकासाथै त्रिवि केन्द्रीय कार्यालय परिसरमा झन्डोत्तोलन पनि गर्नुभयो।

विश्वविद्यालयको शिक्षा सुधारका लागि विश्वविद्यालयको शैक्षिक, प्रशासनिक र नीतिगत विषयमा आवश्यकतानुसार सुधार गरी आफ्ना कार्य सञ्चालन गर्न आग्रह गर्नुभयो। उपप्रधानमन्त्री एवं शिक्षामन्त्री एवं सहकुलपति गोपालमान श्रेष्ठले समय र परिस्थिति अनुकूल विश्वविद्यालयमा सञ्चालित शिक्षालाई गुणस्तर शिक्षासंग जोड्नुपर्ने बताउनुभयो।

त्रिविका कुलपति प्राडा. तीर्थराज खनियाले विश्वविद्यालयले काठमाडौं उपत्यकाभित्र लागू गरेको सेमेस्टर प्रणाली व्यवस्थित गरेको, प्रविधियुक्त शिक्षाको थालनी गरी वाइफाइ र इ-लर्निङको व्यवस्था गरी त्रिविलाई सूचना प्रविधिसँग जोड्नुपर्ने बताउनुभयो।

## फेरि पराकम्प

काठमाडौं, (नेस)

आइतबार बिहान ओखलढुंगा केन्द्रविन्दु भएर ५ दशमलब १ रेक्टर स्केलको भूकम्प गएको छ। ओखलढुंगाको कुन्तादेवीबाट करिब साढे ३ किमी उत्तरपूर्व केन्द्रविन्दु भएको पराकम्प गएको राष्ट्रिय भूकम्प मापन केन्द्रले जनाएको छ।

भूकम्प मापन केन्द्रका अनुसार बिहान ७ बजेर ४३ मिनेटमा सो क्षमताको पराकम्पन रेकर्ड भएको हो। २ वर्षअघिको गोरखा भूकम्पको पराकम्प दोहोरिएको केन्द्रका पदाधिकारीले बताए। सो पराकम्पको धक्का ओखलढुंगा र आसपासका जिल्लामा प्रष्ट रूपमा महशुस गरिएको थियो। गोरखा भूकम्पपछि आइतबबारसहित ४ रेक्टर स्केलभन्दा माथिका ४ सय ८३ पराकम्पन दोहोरिएको भूकम्प मापन केन्द्रको तथ्यांक छ।

## संक्षेप

### निःशुल्क स्वास्थ्य शिविर

ललितपुर, (नेस)

बी एन्ड बी अस्पताल तथा फ्रेन्ड्स् कोअपरेटिभको संयुक्त आयोजनामा एक दिने निःशुल्क स्वास्थ्य शिविरको आयोजना गरिएको छ। उक्त शिविरमा ७ सय ५० जना बिरामीहरूको निःशुल्क स्वास्थ्य परीक्षण गरिएको थियो। शिविरमा अर्थोपेडिक, पेडियाट्रिक, गाइनोकोलोजी, सर्जरी, युरोलोजी, डर्म्याटोलोजी, न्युरोसर्जरी, प्लास्टिक सर्जरी, एक्स-रे, अल्ट्रासाउन्ड जाँच, ईसीजी जाँच, सुगर जाँच, फिजियोथेरापीको परीक्षण गरिनुका साथै निःशुल्क औषधि पनि वितरण गरिएको थियो। यसका अतिरिक्त हाड जोर्नी, जनरल सर्जरी, जनरल मेडिसिन, चर्म रोग, स्त्री रोग, बाल रोग, दन्त परीक्षण तथा प्लास्टिक सर्जरी सम्बन्धी विशेषज्ञ डाक्टरहरूद्वारा परामर्श सेवा प्रदान गरिएको थियो।

### दुई जोडी आपत्तिजनक अवस्थामा पक्राउ

भक्तपुर, (नेस)

मध्यपुर ठिमी नगरपालिका-३ स्थित वेलकम गेस्ट हाउसमा चेकजाँच गर्ने क्रममा आपत्तिजनक अवस्थामा फेला परेका भक्तपुरका ५० वर्षीय पुरुष र काभ्रेकी ३० वर्षीया महिला तथा भारत विहारका ४२ वर्षीय पुरुष र काभ्रेकी २८ वर्षीया महिला गरी २ जोडीलाई जिउ मास्नेबेच्ने तथा ओसारपसार नियन्त्रण जिल्ला समिति भक्तपुर र महानगरीय प्रहरी परिसर भक्तपुरको संयुक्त टोलीले शनिबार पक्राउ गरेको छ। यस सम्बन्धमा प्रहरीले थप आवश्यक अनुसन्धान गरिरहेको जनाइएको छ।

### सामान चोरी

काठमाडौं, (नेस)

काठमाडौं महानगरपालिका-११ त्रिपुरेश्वर बस्ने मनिशशंकर रौनियारको घरमा कोही नभएको अवस्थामा ढोकाको ताला फोडेर नगद २ लाख, आइफोन १ थान, सुनको गरगहनाहरू १.५ तोला र चाँदी १५ तोला गरी करिब ३ लाख २५ हजार रुपियाँबराबरको धनमाल शनिबार चोरी गरी भएको छ। चोरहरूको खोजी गर्नुका साथै यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको जनाइएको छ।

### मृत फेला

काठमाडौं, (नेस)

तारकेश्वर नगरपालिका-१० मनमैजुमा जस्ताको टहरामा डेरा गरी बसोबास गर्ने पाल्पा, बगनासबाली नगरपालिका-६ की ५३ वर्षीया सीता भट्टराई शनिबार आफ्नै डेरामा मृत अवस्थामा फेला परेकी छन्।

## हत्या गर्ने अभियुक्त समातिए

काठमाडौं, (नेस)

चितवनको भरतपुर महानगरपालिका-२५ शुक्रनगरस्थित साउनी महतोको घरमा गत जेठ ५ गते हातहतियारसहित आएका व्यक्तिहरूले लुटपाट गर्न थालेपछि प्रतीकार गर्ने क्रममा घरका मानिसलाई खुकुरी तथा गोली प्रहार गरी घाइते बनाइ लुटपाट गरेको घटनाका मुख्य अभियुक्त तथा योजनाकार भरतपुर महानगरपालिका-२७ स्थित ससुराली घरमा बस्ने पर्वत, पकुवा-८ का कृष्ण शाही ठकुरीलाई शुक्रबार प्रहरीले पक्राउ गरेको छ।

सोही घटनामा संलग्न अन्य २ अभियुक्तहरू नवलपरासी मध्यबिन्दु-१० अरुणखोलाका नारायण विक र सोही ठाउँका लक्ष्मण परियारलाई गत असार ११ गते प्रहरीले पक्राउ गरेको थियो।

अभियुक्तबाट नगद ८३ हजार १ सय ४० रुपियाँ, पेस्तोल १ थान, त्यसको गोली ६ थान, घटनामा प्रयोग भएका ह्याम्बर १ थान, मोटरसाइकलको रड १ थान, चक्कु १ थान, पेचकस १ थान र सुनका गहनाहरू प्रहरीले बरामद गरेको जिल्ला प्रहरी कार्यालय चितवनले जनाएको छ।

## क्लब फिफ्टीको अध्यक्षमा दमन बस्नेत

काठमाडौं, (नेस)


क्लब फिफ्टीको अध्यक्षमा दमन बस्नेत चयन भएका छन्। शुक्रबार सम्पन्न संस्थाको साधारणसभाले बस्नेतलाई सर्वसम्मत अध्यक्षमा चयन गरिएको हो। यसअघि संस्थाको अध्यक्ष दीपक मल्होत्रा थिए।

साधारण सभाले निवर्तमान अध्यक्ष दीपक मल्होत्रा, डा अंगुर बाबा कार्कीको सहभागितामा उपाध्यक्षहरू रोशनकृष्ण न्याछ्योंं र प्रदिप कार्की, महासचिव पदम काफ्ले, कोषाध्यक्ष युवराज श्रेष्ठ तथा सदस्यहरू प्रमोद जयसवाल, नरेश ध्वज श्रेष्ठ , प्रसन्न योञ्जन पदमराज सुवेदी, शान्ति मोक्तान र श्रृजना मास्के रहेको कार्यसमितिसमेत चयन गरेको छ।


National Sports Council
Tripureshwor, Kathmandu
Invitation for Bid
Contract Identification No: NCB/works 36-315/073/074-006
Date of publication: July-03-2017 (19th Aasadh 2074)
Source of Funds: Government of Nepal (GoN Funded)
1. **National Sports Council, Tripureshwor, Kathmandu** invites sealed bid **submitted manually.**
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **National Sports Council, Tripureshwor, Kathmandu, Tel. No.: 01-4261219.**
3. A complete set of Bidding Documents may be purchased from the above office of by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, Tax Clearance Certificate of Fiscal Year 072/073, Self Declaration, Power of Attorney with valid notary Stamp with deposited slip of Bank Voucher of NRs. 3000.00(Three Thousand Only)
**Information to deposit the cost of bidding document in Bank:**
**Name of the Bank:** Agricultural Development Bank, Tripureshwor Branch
**Name of Office:** National Sports Council
**Office Account no.:** 0210600199238019 (030730)
**Information to deposit the cost of Bank Guarantee (Bid-Bond):**
**Name of the Bank:** Agricultural Development Bank, Tripureshwor Branch
**Office Account no.:** 0210600199240013 (030752)
4. Bid must be valid for a period of **90 days** after bid opening and must be accompanied by a bid security amount which shall be valid for 30 days beyond the validity period of the bid.
5. If the last date of purchasing, submission and opening falls on a government holiday, it shall be extended to the next working day.
6. Bidders are advised to visit site and assess the actual site conditions before submitting their bid.
7. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

| Contract No | Description of Work | Estimated Amount (without VAT) | Bid Security Amount | Last Date of Bid Purchase | Last Date of bid Submission | Bid-opening Date |
|---|---|---|---|---|---|---|
| NCB/ works 36-315/073/ 074-006 | Dismantle of Dashrath Stadium Earthquake damaged parts of VIP Parapet Roof Cover Slab & Cantilever Part at NSC, Tripureswor, Ktm | NRs. 1,06,29,701.45 | NRs. 2,70,000.00 | August 01, 2017 (within office hour) | August 2, 2017 (12:00 noon) | August 2, 2017 (13:00) |

## सिनेमा कर्नर

TODAY'S MOVIES
Tubelight 8:20, 11:20 2:20, 5:20
रातो घर 8:20, 11:20 2:20, 5:20
Raabta 8:20, 11:20 2:20, 5:20
Kidnap 8:20, 11:20 2:20, 5:20
तारेभिर 8:20, 11:20 2:20, 5:20
लाल्टीन 8:20, 11:20 2:20, 5:20
पर्व 8:20, 11:20 2:20, 5:20
Gopi Krishna Movies
Dolby Dogital, DTS Surround Sound
Luxurious & Pushback Seats
Extraordinary Picture Quality
Comfort Lounge
Comfy Cabins Serving Food on order
Massage Chair
Children's Corner
Coffee Joints
Rhythm Room
In-Theatre Advertising


Booking: 4812393/4812409

Guna Cinema
एकै छानामुनी ८ सिनेमा हल
Tubelight
तारेभिर
कमीना
लाल्टिन
Karkhana
रातो घर


Information SMS "smscinema" to 4862 or Dial 01618015 202777
Show Time 9:00, 12:00, 3:00, 6:00

गंगा चलचित्र मन्दिर
2 in 1 बालाजु, काठमाडौं, फोन नं. ९८५१०३०४६२, ९८४१६८०२०६



माउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : धनलाभ, समस्या समाधान, पठनपाठनमा सफलता ।
**वृष** : द्रव्यलाभ, शत्रु विजय, खेल-परीक्षा आदिमा सफलता प्राप्ति ।
**मिथुन** : कार्यसिद्धि, सन्तान-सुख, धन-सम्पत्ति प्राप्ति, लाभ ।
**कर्कट** : अपच, दिनचर्या अस्तव्यस्त, दौडधुप, परिवारमा विवाद, तनाव ।
**सिंह** : द्रव्य लाभ हुनेछ, मान-सम्मान बढ्ने, उन्नति-प्रगति हुनेछ ।
**कन्या** : धनलाभ, मन स्थिर, सुख-सन्तोष, उपलब्धिमूलक खर्च हुनेछ ।
**तुला** : धन प्राप्ति, उपहार, कोसेली प्राप्ति, उत्तम भोजन, कार्य सफल ।
**वृश्चिक** : अस्वस्थता, इष्टमित्रसँग विवाद, दुर्घटनाको सम्भावना छ ।
**धनु** : विविध वस्तु वा सेवाको लाभ, मिष्ठान्न भोजन, द्रव्य प्राप्ति ।
**मकर** : सुख-सन्तोष, कार्यसिद्धि, निरोगिता, जोश-जाागर बढ्ने ।
**कुम्भ** : राज्य-सुख, व्यापारिक सफलता, यश-ऐश्वर्य वृद्धि ।
**मीन** : रोगको भय, कार्यमा बाधा, धन हानि, अस्वस्थता हुनेछ ।

# नेपाल

अन्य शिक्षकको असहमतिका बाबजुद प्रधानाध्यापक सुरेन्द्र कुँवरले जिल्ला शिक्षा कार्यालय पर्साले जारी गरेको शैक्षिक क्यालेन्डर विपरीत आइतबार असार १८ गतेदेखि साउन २ गतेसम्मका लागि गर्मी बिदा दिएपछि विवाद भएको हो। प्रधानाध्यापकले विद्यालय बन्द गरेपछि विद्यार्थीले भने विद्यालय सञ्चालनको माग गर्दै सडक आन्दोलन शुरु गरेका हुन्।

## पढ्न पाउनुपर्ने माग गर्दै सडकमै उत्रिए विद्यार्थी

**कृष्णउदास खनाल, वीरगन्ज**

वीरगन्जको बिर्तामा रहेको सुन्दरमल रामकुमार कन्या उच्च माध्यमिक विद्यालयका शिक्षकको विवादले विद्यार्थी सडकमा उत्रिएका छन्।

खास गरी गर्मी बिदाका विषयमा प्रधानाध्यापक र शिक्षकबीच विवाद भएपछि विद्यार्थीहरू सडकमा उत्रिएका हुन्। अन्य शिक्षकको असहमतिका बाबजुद प्रधानाध्यापक सुरेन्द्र कुँवरले जिल्ला शिक्षा कार्यालय पर्साले जारी गरेको शैक्षिक क्यालेन्डर विपरीत आइतबार असार १८ गतेदेखि साउन २ गतेसम्मका लागि गर्मी बिदा दिएपछि विवाद भएको हो। प्रधानाध्यापकले विद्यालय बन्द गरेपछि विद्यार्थीले भने विद्यालय सञ्चालनको माग गर्दै सडक आन्दोलन शुरू गरेका हुन्। विद्यालयका सबै कक्षाकोठा र कार्यालयमा ताल्चा लगाइएका कारण विद्यार्थी आइतबार बिहानदेखि विद्यालय अगाडिको सडकै बसेर पठपाठन गर्दै प्रधानाध्यापक कुवँरविरुद्ध नाराबाजी गरिरहेका छन्।

जिल्ला शिक्षा कार्यालय पर्साले जारी गरेको शैक्षिक क्यालेन्डरमा सामुदायिक विद्यालयमा साउन ५ गतेदेखि गर्मी बिदा दिनुपर्ने उल्लेख छ। तर, प्रधानाध्यापक कुवँरले भने शुक्रबार असार १८ गतेदेखि साउन २ गतेसम्म गर्मी बिदाका लागि विद्यालय बन्द हुने सूचना प्रकाशित गरका थिए। शिक्षा कार्यालयको निर्देशन विपरीत असार १८ गतेदेखि गर्मी बिदाका लागि विद्यालय बन्द गर्ने प्रधानाध्यापक कुवँरको निर्णयको शिक्षकशिक्षिकाले पनि असहमति जनाउँदै चर्को विरोध गरेका थिए। यता विद्यार्थीले पनि शिक्षा कार्यालयको




निर्देशन विपरीत प्रधानाध्यापक कुवँरले आफ्नो स्वार्थका लागि विद्यालय बन्द गरेको भन्दै आन्दोलन शुरू गरेका हुन्। विद्यार्थीहरूले प्रअको कारबाहीको माग गर्दै पठनपाठन सुचारु गर्न माग गरेका छन्। यद्यपि प्रअ कुवँरले भने अहिले गर्मी बढेका कारण आफूले बन्द गर्ने निर्णय गरेको बताए।

### छ गाउँपालिकाको मतगणणा सम्पन्न

पाँचथर, (नेस)

बुधबार सम्पन्न स्थानीय तह निर्वाचनअन्तर्गत पाँचथरको ६ गाउँपालिकाको मतगणणा सम्पन्न भएको छ। प्राप्त पछिल्लो मत परिणामअनुसार मिक्लाजुङ गाउँपालिकाको अध्यक्षमा नेकपा माओवादी केन्द्रका अमर माखिम र उपाध्यक्षमा नेकपा एमालेका उर्मिला राई विजयी हुनुभएको छ। यस्तै फाल्गुनन्द गाउँपालिकाको अध्यक्षमा नेपाली कांग्रेसका अमरकुमार नेम्बाङ र उपाध्यक्षमा कांग्रेसकै देवित्रादेवी आङदेम्बे विजयी हुनुभएको छ।

यस्तै तुम्बेवा गाउँपालिकाको अध्यक्षमा नेपाली कांग्रेसका होमनाथ थापा र उपाध्यक्षमा नेकपा एमालेका धनप्रसाद सावाँ विजयी हुनुभएको छ। यस्तै कुम्मायक गाउँपालिकाको अध्यक्षमा नेकपा एमालेका जयबहादुर चेम्जोङ र उपाध्यक्षमा एमालेकै सीता आचार्य निर्वाचित हुनुभएको छ।

यसरी नै फालेलुङ गाउँपालिकाको अध्यक्षमा नेपाली कांग्रेसका सञ्चकुमार केरुङ र उपाध्यक्षमा कांग्रेसकै हिमा अधिकारी निर्वाचित हुनुभएको छ यस्तै हिलिहाङ गाउँपालिकाको अध्यक्षमा नेकपा एमालेका भुवानीप्रसाद लिङदेन उपाध्यक्षमा एमालेकै सुमित्रा सेढाईं विजयी हुनुभएको छ।

अहिले सदरमुकाम रहेको जिल्लाको एक मात्र फिदिम नगरपालिका र वाङवरक गाउँपालिकाको मत गणणा भइरहेको र सो पालिकाको मत परिणामसमेत साँझसम्ममा आउने निर्वाचन अधिकृत राजेन्द्रकुमार श्रेष्ठले बताउनुभयो।

### दुई मिनेट

### अग्लो झोलुङ्गेपुल जोखिममा

पर्वत, (नेस)

बाढी र पहिरोका कारण मुलुककै सबैभन्दा अग्लोमध्ये एक कुस्मा ज्ञादी झोलुङ्गपुल जोखिममा परेको छ। पर्वतको सदरमुकाम कुस्माबजार र ज्ञादी गाउँ जोड्न मोदीखोलामाथि निर्माण गरिएको पुल हुँदै ढल निर्माण गरिएपछि संकटमा परेको हो।

कुश्मा नगरपालिकाको बड्गाउँ क्षेत्रको ढल निकास पुलको कुस्मातर्फको जिप हुँदै बनाइएका कारण जमिन भासिन थालेको छ। ढलको उचित निकास नभएमा पुलको जिप भासिने भएकाले तत्काल व्यवस्थापन गर्न स्थानीयबासीले माग गरेका छन्।

पुल निर्माण समितिका तत्कालीन अध्यक्ष शिव शर्मा पौडेलले ढल व्यवस्थापनका नाउँमा पुल जीर्ण बनाउने कार्य नगर्न आग्रह गरेका छन्।

### सीआईएमएस तालिम सम्पन्न

काभ्रे, (नेस)

गृह मन्त्रालयको शासकीय सुधार एकाइ गभर्नेन्स शाखाले प्रदेश तीनमा रहेका सबै जिल्लाका जिल्ला प्रशासन कार्यालयमा सफ्टवेयर प्रणाली लागू गर्न आयोजना गरेको चारदिने तालिम सम्पन्न भएको छ। सिटिजनसिप इम्फरमेसन म्यानेजमेन्ट सफ्टवेयरसम्बन्धी तालिममा प्रदेश ३ का १३ जिल्लाका जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी र कम्प्युटरमा कार्यरत कर्मचारीहरू सहभागी थिए।

तालिमको समापनका क्रममा बोल्दै गृह मन्त्रालयका सहसचिव केदार न्यौपानेले आईटीको प्रयोगमा सुधार हुनुपर्ने बताए। आईटीविना प्रशासन सञ्चालनमा कठिनाइ हुने बताउँदै न्यौपानेले विगतमा सफ्टवेयर प्रयोग नगर्दा भोगेका भोगाइलाई बिर्सिएर अब प्रयोगमा ल्याउनुपर्ने बताए।

### नेचासल्यानमा बास्तोला

सोलुखुम्बु, (नेस)

सोलुखुम्बुको नेचासल्यान गाउँपालिकाको अध्यक्षमा नेकपा एमालेका डुफकुमार बास्तोला विजयी भएका छन्। उपाध्यक्षमा भने नेपाली कांग्रेसका कुमारी शर्मा विजयी भएका छन्। विजयी उम्मेदवार बास्तोलाले १ हजार ६ सय ९८ मत प्राप्त गरेका छन्, भने उपाध्यक्ष पदका उम्मेदवार शर्माले २ हजार २ मत प्राप्त गरेका छन्।

विजयी उम्मेदवार तथा निकटतम प्रतिद्वन्द्वी उम्मेदवार नेपाली कांग्रेसका धनजन राईले १ हजार ६ सय ५६ मत प्राप्त गरेका छन्। उपाध्यक्षमा भने नेकपा एमालेका अमृताकुमारी राईले १ हजार ५ सय ८१ मत प्राप्त गरेका छन्।

नेचासल्यान गाउँपालिकाको १ र २ वडामा नेपाली कांग्रेसको प्यानलै विजयी भएको छ भने ३, ४ र ५ मा नेकपा एमालेको प्यानलै विजयी भएको छ। नेचासल्यान गाउँपालिकामा पनि नेकपा एमालेले बहुमत प्राप्त गरेको छ। अध्यक्ष, ३ वडाका वडा अध्यक्ष र सदस्यसहित १६ जना निर्वाचित भएका छन्। त्यस्तै नेपाली कांग्रेसले उपाध्यक्ष, २ वडाका वडा अध्यक्ष र सदस्यसहित ११ जना निर्वाचित भएका छन्।

### भरुवा बन्दुकसहित पाँच जना पक्राउ

दोलखा, (नेस)

जिल्ला प्रहरी कार्यालय दोलखाले दुई थान भरुवा बन्दुकसहित पाँच जनालाई पक्राउ गरी आवश्यक अनुसन्धान शुरू गरेको छ। दोलखा मेलुङ गाउँपालिका वडा नम्बर १ का दीपक श्रेष्ठ, सुमन श्रेष्ठ, रामकुमार श्रेष्ठ, कल्याण कार्की र गणेश खड्कालाई मेलुङ गाउँपालिका वडा नम्बर ६ काउलेस्थित चित्रे जाने बाटोबाट दुई थान भरुवा बन्दुकसहित मेलुङ प्रहरी चौकीको टोलीले पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय दोलखाका प्रहरी नायब उपरीक्षक रामेश्वर कार्कीले बताए।

पक्राउ परेका पाँचै जनालाई जिल्ला अदालत दोलखाबाट सात दिनको म्याद थप गरी अनुसन्धान शुरू गरिएको पनि प्रहरी नायब उपरीक्षक कार्कीले बताए।

यसअघि प्रहरीले ०७१ पुस १८ गते दोलखा जिरी नगरपालिका साविक वडा नम्बर ३ मालिका रामबहादुर बस्नेत, ०७२ फागुन २० गते साविक जुंगु गाविस वडा नम्बर ८ का रत्नबहादुर जिरेल, ०७२ चैत्र २५ गते साविक बाँबरे गाविस वडा नम्बर २ बस्ने दलबहादुर थामीलाई अवैध हतियारसहित पक्राउ गरेको र उनीहरू धरौटीमा रिहा भइसकेको प्रहरीले जनाएको छ। त्यसै गरी ०७४ वैशाख ६ गते साविक बोच गाविस वडा नम्बर ८ का अशोक केसीको घरबाट एक थान अवैध हतियार बरामद गरिएको र उनीविरुद्ध कर्तव्य ज्यान मुद्दा दर्ता गरी उनको खोजी भइरहेको प्रहरीले जनाएको छ।

जिल्ला प्रशासन कार्यालय दोलखाको तथ्याङ्क हेर्दा ४६ वटा हतियार व्यक्तिगत रूपमा दर्ता रहेको र स्थानीय तहको निर्वाचनको क्रममा हतियार बुझाउन अनुरोध गरिएकोमा थोरै मात्र हतियार बुझाएको प्रहरीले जनाएको छ।

### मानवअधिकारको संरक्षणमा एक हुनुपर्नेमा जोड

रुकुम, (नेस)

मावअधिकारको संरक्षण र प्रवर्द्धनमा सरोकारवालाहरू एक हुनुपर्नेमा रुकुममा विशेष जोड दिइएको छ। द्वन्द्वग्रस्त जिल्ला भएकाले नाताले पनि रुकुमको मानवअधिकार र शान्तिको अनुभूति आम रुकुमेलीलाई हुनुपर्नेमा जोड दिइएको हो। मानवअधिकार संरक्षण तथा कानुनी सेवा केन्द्र रुकुमले जिल्लामा मानवअधिकार र शान्ति सुरक्षाको अवस्थाका विषयमा सदरमुकाम मुसिकोट खलंगामा गरेको अन्तरसंवादमा यस्तो आवाज उठेको हो।

मानवअधिकारको संरक्षण र प्रवर्द्धनमा देखिएका समस्याको समाधान गर्दै समाजमा शान्ति सुरक्षाको अवस्था प्रभावकारी बनाउन सरोकारवालाको सक्रियता बढाउने उद्देश्यले सञ्चालन गरिएको कार्यक्रममा बोल्दै सहभागीले शिक्षा, स्वास्थ्य, खानेपानी, यातायात र लैंगिक हिंसाको क्षेत्र तथा जिल्ला कारागारमा पूर्ण रूपमा मानवअधिकारको प्रत्याभूति हुन नसकेको बताएका थिए। कार्यक्रममा बोल्दै प्रमुख अतिथि एवं मुसीकोट नगरपालिकाका प्रमुख देवीलाल गौतमले नगरपालिकाबाट हुने गतिविधिमा मानवअधिकार र शान्ति सुरक्षाको दृष्टिकोणले सचेत भएर काम गर्ने र त्यसका लागि सबैले सहयोग गर्नुपर्ने बताउनुभयो।

## रूपन्देहीमा एमालेको वर्चश्व

**नेपाल समाचारपत्र**

बुटवल

रूपन्देहीको १६ स्थानीय तहमध्ये २ वटा गाउँपालिकामा नेकपा एमालेले विजयी हासिल गरेको छ भने बुटवल उपमहानगरपालिकामा ८ वटै वडामा नेकपा एमालेको प्यानलै विजयी भएको छ। जिल्लाको कञ्चन गाउँपालिकाको अध्यक्षमा गोकर्णबहादुर क्षत्री र उपाध्यक्षमा गोमा तरामु र शुद्धोधन गाउँपालिकाको अध्यक्षमा किशुनचन्द्र चौधरी र उपाध्यक्षमा शान्ता ज्ञवाली विजयी हुनुभएको छ।

बुटवल उपमहानगरपालिकाको वडा नम्बर १ मा एउटा वडा सदस्यबाहेक महेन्द्र लिगलको नेतृत्वमा पूरै प्यानल विजयी भएको छ। त्यसै गरी वडा नम्बर २ मा रमेश नेपाल, ३ मा लालप्रसाद बस्याल, ४ मा टंक पराजुली अध्यक्ष रहेको प्यानल विजयी भएको छ। त्यस्तै वडा नम्बर ५ मा तेजबहादुर विश्वकर्मा, ६ मा जगदीश आचार्य, ७ मा कमलप्रसाद थापा र ८ मा भीमबहादुर श्रेष्ठको प्यानल नै विजयी भएको छ।

तिलोत्तमा नगरपालिकाको वडा नम्बर १ देखि ५ सम्मको पूरै वडा र १५ नम्बर वडामा पनि एमालेका उम्मेदवारले विजयी हासिल गरेका छन्। नगरको १६ र १७ वडामा भने नेपाली कांग्रेसका उम्मेदवार विजयी भएका छन्। वडा नम्बर १ मा तामनाथ पाण्डे, २ मा दधिराम गौतम, ३ मा टंकप्रसाद तिवारी, ४ मा दिवाकर ढकाल र ५ मा चेतनारायण भण्डारी तथा १५ मा खेमराज गुरुङको पूरै प्यानल विजयी भएको छ। वडा नम्बर १६ मा कांग्रेसका झविलाल भुसाल र १७ मा दानबहादुर चौधरी विजयी भएका छन्।

### सोलुदूधकुण्डमा कांग्रेसका शेर्पा विजयी

सोलुखुम्बु, (नेस)

सोलुखुम्बुको एक मात्र सोलुदूधकुण्ड नगरपालिकाको मेयरमा नेपाली कांग्रेसका नाम्गेलजाङ्बु शेर्पा विजयी भएका छन्। उपमेयरमा भने नेकपा एमालेका कल्पना राई विजयी भएका छन्। कांग्रेसका मेयर पदका शेर्पाले २ हजार ७ सय ५१ मत ल्याएर विजयी भएका हुन्। त्यस्तै उपमेयर पदका उम्मेदवार राईले २ हजार ७ सय ६० मत ल्याएर विजयी भएका हुन्। मेयर पदका निकटतम प्रतिद्वन्द्वी नेकपा एमालेका झलक शेर्पाले २ हजार ६ सय १ मत ल्याएका छन्। त्यसै गरी उपमेयरका निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका छिन्डिल्हामु शेर्पाले २ हजार ७ सय १७ मत प्राप्त गरेका छन्।

नेकपा माओवादी केन्द्रका मेयर पदका उम्मेदवार निमातेण्डुप शेर्पाले १ हजार ५ सय ३७ मत प्राप्त गरेका छन् भने उपप्रमुख पदका डिमागेल्मु शेर्पाले १ हजार ३ सय ९० मत प्राप्त गरेका छन्। सोलुदूधकुण्ड नगरपालिकाको वडा अध्यक्ष नेपाली कांग्रेसले १, २, ४, र ९ वडामा प्यानलैसहित विजय हासिल गरेको छ भने नेकपा एमालेले ३, ५, ६, ७, ८ र १० वडामा प्यानलैसहित विजय हासिल गरेको छ। वडा ३ मा भने अध्यक्ष मात्र एमालेले जितेको हो।

सोलुदूधकुण्ड नगरपालिकामा एमालेले बहुमत ल्याएको छ। नेकपा एमालेको पक्षमा उपमेयर, वडा अध्यक्ष र सदस्यसहित २७ जनाले विजयी प्राप्त गरेका छन्। त्यस्तै नेपाली कांग्रेसको मेयर, वडा अध्यक्ष र सदस्य गरी २५ जनाले विजयी हासिल गरेका छन्। सोलुखुम्बुको अहिलेसम्म जितेको स्थानीय तहमा नेकपा एमालेले बहुमत हासिल गरेको छ।

## तीन गाउँपालिकामा एमाले

**कुशलबाबु बस्नेत, उदयपुर**

स्थानीय तह निर्वाचनअन्तर्गत उदयपुरको तीन गाउँपालिकामा प्रमुख उपप्रमुखसहित एमाले बहुमत सिटमा विजयी भएको छ। एक गाउँपालिकामा भने भने प्रमुख माओवादी केन्द्र र उपप्रमुख कांग्रेस विजयी भएको छ। चार नगरपालिकाको गणना जारी छ भने कुल ७५ वडामध्ये ४४ को परिणाम घोषणा भएको छ, बेलका नपामा विवाद गणना स्थगित भएको छ। उदयपुर गढी गाउँपालिकाको प्रमुखमा एमालेका मानबहादुर केप्छाकी मगर ४ हजार ४ सय २५ मत र उपप्रमुखमा एमालेकै सानु राउत ४ हजार ४३ मत प्रप्त गरी विजयी हुनुभएको छ।

रौतामाई गाउँपालिकाको प्रमुखमा २ हजार ७ सय ४२ एमालेका गजेन्द्र खड्का र २ हजार ७ सय ६९ प्राप्त गरी उपप्रमुखमा सनु कार्की राउत विजयी हुनुभएको छ। ताप्ली गाउँपालिकामा १ हजार २ सय ९१ मतसहित एमालेकै प्रमुख उद्धवसिंह थापा र १ हजार ८ सय २१ मतसहित उपप्रमुखमा कमलामाया राई विजयी हुनुभएको हो।

सुनकोसी गाउँपालिकामा माओवादी केन्द्रका प्रमुख मेजर राईले १ हजार ३ सय ४६ मत र उपप्रमुखमा कांग्रेसकी रमिला राईले १ हजार ५ सय २७ मतसहित विजयी भएको जिल्ला निर्वाचन अधिकारीको कार्यालयले जनाएको छ। असारे झटारोसँगै आफूले मतदान गरेको उम्मेदवार विजयी हुन् भन्ने अपेक्षासहित मतगणना भइरहेका चारै नगरपालिकाको गणनास्थलमा बिहानदेखि राति १२ बजेसम्म भेला हुने गरेका छन्।

पर्याप्त जनशक्ति हुँदाहुँदै पनि दलहरू र निर्वाचनमा खटिएका कर्मचारीका कारण चुस्त व्यवस्थापन गरी धेरै स्थानमा मतगणना गर्न सकिने भए पनि त्यस्तो तदारुकता नदेखाइएकाले परिणाम सुन्न आउनेहरूले सास्ती खेप्नुपरेको छ। बेलका नपाको वडा नम्बर ४ को मुचुल्कामा १ हजार ७ सय ४८ मत उल्लेख गरिए पनि मतपेटिकामा ३ मत बढी भेटिएपछि कांग्रेस र माओवादी केन्द्रले पुनः मतदानको माग राख्दै शनिबार राति ९ बजेबाट मतगणना स्थगित भएको छ। एमालेले मतगणना सुचारु गर्न माग राखेको छ। उक्त विवाद सुल्झाउन आइतबार दिउँसो प्रमुख जिल्ला अधिकारीसहित दलका जिल्लास्थित नेताहरू बेलका नपा जानुभएको छ।

आइतबार दिउँसोसम्मको पछिल्लो मत परिणामअनुसार बेलका नपामा एमालेका मेयरका उम्मेदवार दुर्गाकुमार थापा २ हजार ३ सय ७९, उपमेयका उम्मेदवार राजकुमारी चौधरी २ हजार ७ सय ५, नेपाली कांग्रेसका मेयरका उम्मेदवार अशोक कार्की २ हजार ९ सय ९०, उपमेयरका उम्मेदवार दीपाकुमारी राई २ हजार ७ सय ५५, माओवादी केन्द्रका मेयरका उम्मेदवार रमण भट्टराई १ हजार ५ सय १०, उपमेयरका उम्मेदवार गंगासरी राई १ हजार १ सय ५५ मत पाउनुभएको छ।

यसै गरी चौदण्डीगाढी नपामा कांग्रेसका मेयरका उम्मेदवार खगेन्द्र राई ४ हजार ९ सय २५, उपमेयसका उमेदवार रीता चौधरी ५ हजार २ सय ४५, एमालेका मेयरका उम्मेदवार नरेन्द्र राउत ४ हजार २ सय ६ उपमेयरका उम्मेदवार कान्ता राई ४ हजार ३ सय ५० माओवादी केन्द्र मेयरका उम्मेदवार कुमारसिंह कार्की ३ हजार ३ सय ६४ उपमेयरका उम्मेदवार मायादेवी राईले २ हजार ९ सय ९३ मत पाउनुभएको छ।

यसै गरी त्रियुगा नपामा एमालेका मेयरका उम्मेदवार बलदेव चौधरी ३ हजार ५ सय ५५, उपमेयरका उम्मेदवार गीता रेग्मीले ३ हजार १ सय ८८, कांग्रेसका मेयरका उम्मेदवार वसन्त बस्नेत ३ हजार २ सय ३४, उपमेयरका उम्मेदवार देवी चौधरीले ३ हजार ४ सय ८७, माओवादी केन्द्रका मेयरका उम्मेदवार किरण राईले २ हजार ८ सय २२, उपमेयरका उम्मेदवार गीता खड्काले २ हजार ८ सय २२ मत पाउनुभएको छ।

एमालेका मेयरका उम्मेदवार ज्ञानेन्द्र श्रेष्ठले ४ हजार ६२ सय, उपमेयरका उम्मेदवार भीमकुमारी राउतले ४ हजार ३ सय ७६, कांग्रेसका मेयरका उम्मेदवार ज्ञानेन्द्रमानसिंह राउतले ४ हजार ४ सय ४०, उपमेयरका उम्मेदवार निर्मला न्यौपानेले ४ हजार ३ माओवादी केन्द्रका मेयरका उम्मेदवार केपी बरालले ३ हजार ५ सय २५, उपमेयरका उम्मेदवार मीना पराजुलीले ३ हजार ३ सय ७०, मत प्राप्त गर्नुभएको छ। मत गणना जारी रहेका चारैवटा नगरपालिकामा एमाले कांग्रेस र माओवादी केन्द्रबीच त्रिकोणात्मक प्रतिस्पर्धा देखिएको छ।

हार्दिक श्रद्धाञ्जली



जन्म मिति:
वि.सं. २०४२/०९/१४

स्वर्गारोहण :
वि.सं. २०७४/०३/०६

स्व. अमित शाक्य

यस विद्यालयका पूर्व विद्यार्थी स्व. अमित शाक्यको असामायिक तथा अकल्पनिय स्वर्गारोहण भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै स-परिवारमा धैर्य धारण गर्ने शक्ति भगवानले प्रदान गरुन् भन्ने कामना सहित यस स्कुल परिवार भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछौं ।

एडभान्स इन्टरनेस्नल मोडल स्कुल परिवार
लगनखेल, ललितपुर

नेपाली कांग्रेसले रामपुर नगरपालिका, वगनासकाली गाउँपालिका, माथागढी गाउँपालिका र रैनादेवीछहरा गाउँपालिका गरी चार स्थानीय तहको प्रमुख/अध्यक्षमा विजय हासिल गरेको छ।

# राजपाले महोत्तरीमा गर्‍यो बृहत् सभा

नेपाल समाचारपत्र
महोत्तरी

राष्ट्रिय जनता पार्टी नेपालका अध्यक्ष मण्डलका नेताहरूले महोत्तरीको गौशालामा बृहत् सभा तथा पार्टी प्रवेश कार्यक्रम गरेका छन्।

गौशालामा राजपा नेपालका अध्यक्ष मण्डलका नेताहरूले सो कार्यक्रमलाई सम्बोधन गर्दै आफूहरू निर्वाचनमा भाग लिन चाहे पनि सरकारले वातावरण नबनाएको तथा मधेस र मधेसीहरूको मागप्रति बफादार नभएकाले प्रदेश नं. २ मा कुनै पनि हालतमा चुनाव नहुन दिने बताएका छन्। महोत्तरी क्षेत्र नं. ६ का क्षेत्रीय संयोजक हरिनारायण साहको अध्यक्षतामा सम्पन्न भएको बृहत् सभा तथा पार्टी कार्यक्रममा राजपाका अध्यक्षले सरकारमाथि सो आरोप लगाएका हुन्।

संविधान संशोधन, स्थानीय तहको संख्या थप, मुद्दा फिर्तालगायत आफूहरूसँग भएको सहमतिलगायतका माग राख्दै राजपा नेपाल आन्दोलन गर्दै आएका राजपा नेपाल अध्यक्ष मण्डलका सदस्य शरतसिंह भण्डारीले बताए। मधेस र मधेसीको माग पूरा नभएसम्म राजपा चुनावमा नजाने बताउँदै सरकारले जबरजस्ती निर्वाचन गराए मुलुकमा नयाँ द्वन्द्व शुरू हुन सक्ने बताए।



यस्तै राजपा नेपालका अध्यक्ष मण्डलका अर्का नेता महेन्द्रराय यादवले आफूहरूले गर्दै आएको आन्दोलन सम्पूर्ण मधेसी जनताको हकहितका लागि भएको बताउँदै संविधानका केही धाराहरूमा आफूको असन्तुष्टि रहेकाले संशोधित भएपश्चात मात्र चुनाव जाने कुरामा जोड दिए।

कार्यक्रममा संघीय समाजवादी फोरम नेपालका केन्द्रीय सल्लाहकार समितिका सचिव सीताराम साहलगायत नेपाली कांग्रेस, नेकपा एमाले, माओवादी केन्द्र र संघीय समाजवादी फोरम पार्टी परित्याग गरी सयौंको संख्यामा राजपा नेपालमा प्रवेश गरेका राजपाले जानकारी गराउँदै नवप्रवेशी कार्यकर्तालाई अध्यक्ष मण्डलका सदस्यले फूलमाला र अबिर लगाई स्वागत गरेका थिए।

# पाल्पाको दशवटै स्थानीय तहको परिणाम घोषणा

कविराज नेपाल, पाल्पा

पाल्पामा गत १४ गते भएको स्थानीय तहको निर्वाचनको १० वटै स्थानीय तहको नतिजा घोषणा भएको छ। जिल्लाका ८ गाउँपालिका र २ नगरपालिकामध्ये नेकपा एमालेले ६ स्थानीय तहमा र नेपाली कांग्रेसले ५ स्थानीय तहको अध्यक्ष र प्रमुखमा विजयी हासिल गरेका छन्। जिल्लाका अन्य दलहरूले प्रमुखमा विजयी हासिल नगरे पनि नेकपा माओवादी केन्द्र २ स्थानको वडाध्यक्षमा विजयी भएको छ।

तानसेन नगरपालिका, निस्दी गाउँपालिका, तिनाउ गाउँपालिका, रम्भा गाउँपालिका, पूर्वखोला गाउँपालिका, रिब्दीकोट गाउँपालिका गरी छ स्थानीय तहमा नेकपा एमाले विजयी भएको छ। त्यस्तै नेपाली कांग्रेसले रामपुर नगरपालिका, वगनासकाली गाउँपालिका, माथागढी गाउँपालिका र रैनादेवीछहरा गाउँपालिका गरी चार स्थानीय तहको प्रमुख/अध्यक्षमा विजय हासिल गरेको छ।

प्राप्त पछिल्लो नतिजाअनुसार जिल्लाको सदरमुकाम रहेको तानसेन नगरपालिकामा नेकपा एमाले विजयी भएको छ। मेयर र उपमेयर दुवै पदमा एमाले विजयी भएको हो। मेयरमा अशोककुमार शाहीले १० हजार ४ सय ५० मत ल्याएर विजयी भए। उनका निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका अजयमान कर्माचार्यले ८ हजार ६७ मत प्राप्त गरे। उपमेयरमा पनि एमाले नै विजयी भएको छ। लक्ष्मी पाठक ९ हजार ७ सय ५३



मतसहित विजयी भएकी हुन्। उनका प्रतिद्वन्द्वी कांग्रेसकी लालकुमारी रानाले ८ हजार ३ सय ८९ मत प्राप्त गरिन्। मेयरमा विजयी शाही २०५४ सालमा पनि जनप्रतिनिधिका रूपमा तानसेन नगरको मेयर थिए। यस नगरको १४ वडामध्ये नेकपा एमालेले १, ३, ५, ८, ९, ११, १३ तथा नेपाली कांग्रेसले २, ४, ६, ७ र १४ र माओवादी केन्द्रले वडा नं १२ को वडाध्यक्षमा विजयी हासिल गरेको हो।

त्यस्तै पूर्वी पाल्पाको रामपुर नगरपालिकाको मेयर पदमा नेपाली कांग्रेसका रमणबहादुर थापा ८ हजार ८ सय ८५ मत प्राप्त गरी विजयी भएका छन्। उनका निकटतम प्रतिद्वन्द्वी नेकपा एमालेका राजु श्रेष्ठले ७ हजार ६ सय ७६ मत ल्याए। उपमेयर पदमा पनि नेपाली कांग्रेसकै विष्णुदेवी आचार्य घिमिरेले ८ हजार ५ सय २८ मत प्राप्त गरी विजयी बनेकी छन्। उनकी निकटतम प्रतिद्वन्द्वी नेकपा एमालेकी दुर्गादेवी रानाले ७ हजार ९ सय २४ मत प्राप्त गरिन्।

रम्भा गाउँपालिका अध्यक्षमा नेकपा एमालेका विष्णुप्रसाद घिमिरे विजयी भएका छन्। उनी ४ हजार ७ सय ६७ मतसहित विजयी भएका हुन्। उनका निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका अशोककुमार फालले ४ हजार ९८ मत प्राप्त गरे। त्यस्तै उपाध्यक्षमा पनि एमालेकै राधाकुमारी श्रेष्ठ ४ हजार ८ सय ४ मतसहित विजयी भइन्। उपप्रमुखमा नेपाली कांग्रेसकी विष्णुकुमारी सिंजालीले ४ हजार १ सय २२ मत प्राप्त गरिन्।

त्यस्तै निस्दी गाउँपालिकाको अध्यक्षमा नेकपा एमालेका मुक्तबहादुर सारु विजयी भएका छन्। उनी ५ हजार ३ सय २० मतका साथ विजयी भएका हुन्। उपाध्यक्षमा नेकपा एमालेका रीताकुमारी खनाल ५ हजार ३ सय ६५ मतका साथ विजयी भएकी छन्। अध्यक्षमा निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका शालिकराम पाण्डेले २ हजार २ सय ५६ मत प्राप्त गरे भने उपाध्यक्षमा नेकपा माओवादी केन्द्रका बलबहादुर नेपालीले २ हजार १ सय ८५ मत प्राप्त गरे। यहाँ नेपाली कांग्रेस र माओवादी केन्द्रबीच तालमेल थियो।

# नवलपरासीका ६ स्थानीय निकायको नतिजा सार्वजनिक

घनश्याम बगाले, नवलपरासी

सात स्थानीय तहका लागि निर्वाचन भएको नवलपरासीमा २ नगरपलिकासहित ४ गाउँपालिकाको मतगणना सम्पन्न भएको छ। सुनवल नगरपालिकाको मेयरमा नेपाली कांग्रेसका भीमबहादुर थापाले जित हासिल गर्नुभएको छ भने उपमेयरमा नेकपा एमालेलका दधिराम अर्याल विजयी हुनुभयो।

उद्योग वाणिज्य संघका केन्द्रीय सदस्यसमेत रहनुभएका थापाले ९ हजार ७ सय ७ मत ल्याई मेयर पदमा विजयी हुनुभएको हो। थापाका निकटतम प्रतिद्वन्द्वी एमालेकी विमला अर्यालले ९ हजार १ सय ८२ मत प्राप्त गर्नुभयो। सुनवल नगरपालिकाको उपमेयरमा नेकपा एमालेका दधिराम अर्यालले ९ हजार ९ सय १० मत ल्याएर विजयी हुनुभएको छ। १३ वडा रहेको सुनवलमा ९ वडामा नेकपा एमाले, ३ ओटामा नेपाली कांग्रेस र १ वडामा माओवादी केन्द्र विजयी भएको छ।

यसै गरी सदरमुकाम परासीस्थित रामग्राम नगरपालिकामा नेपाली कांग्रेसका नरेन्द्रप्रसाद गुप्ताले ५ हजार ८ सय ५६ मत ल्याएर नगरप्रमुख पदमा विजयी हुनुभएको छ। नगरप्रमुख पदमै उठ्नुभएका नेकपा एमालेका उम्मेदवार उमाशंकर चौधरीले रामग्राम नगरपालिकामा ४ हजार ५ सय ३० मत ल्याउनुभएको थियो।

रामग्रामको उपमेयमा नेपाली कांग्रेसकी रम्भा कुँवरले ६ हजार ५ सय ८९ मत प्राप्त गरी जित हासिल गर्नुभएको छ। सोही पदमा एमालेकी उमादेवी यादवले ४ हजार ६१ मत प्राप्त गर्नुभएको थियो। १८ ओटा वडा रहेको रामग्राम नगरपालिकामा कांग्रेसले २, ३, ६, ८, ९, १२, १४, १५, १६ र १८ गरी दश वडामा जित हासिल गरेको छ भने राप्रपा र नयाँ शक्तिले १, ७, १७ र ४, १०, १३ मा जितेको छ। एमालेले जितेका २ वडामा ५ र ११ रहेका छन्।

यसै गरी सुस्ता गाउँपलिकामा नेकपा एमाले अध्यक्ष उपाध्यक्ष, प्रतापुरमा नेपाली कांग्रेसले अध्यक्ष उपाध्यक्ष, पाल्हिनन्दनमा नेकापा माओवादी केन्द्र अध्यक्षमा तथा सरावल गाउँपालिमा मधेसी जनअधिकार फोरम नेपाल (लोकतान्त्रिक) अध्यक्ष पदमा विजयी भएको छ। सुस्तामा नेकपा एमालेका रामप्रसाद पाण्डे गाउँपालिका अध्यक्षमा विजयी हुनुभएको हो। उहाँले ३ हजार ५ सय ११ मत ल्याउनुभएको थियो।

प्रतापुर गाउँपालिकामा नेपाली कांग्रेसका राजकुमार शर्माले ३ हजार ८ सय ८२ मत प्राप्त गरी विजयी हुनुभएको छ। पाल्हिनन्दनमा माओवादी केन्द्रका बैजुप्रसाद गुप्ताले ४ हजार ३ सय ५१ मत ल्याएर विजयी हुनुभएको हो। यसै गरी सरावल गाउँपालिकामा फोरम लोकतान्त्रिका राधेश्याम चौधरीले ५ हजार ४५ मत पाएर अध्यक्ष पदमा विजय बन्नुभएको हो। मतगणना जारी रहेको बर्दघाट नगरपालिकाको मेयर पदमा नेपाली कांग्रेस र नेकपा एमालेका उम्मेदवारबीच झिनो मतान्तर चलिरहेको छ।

# रूपाकोट मझुवागढीमा एमाले

खोटाङ, (नेस)

प्रमुख तीन दलबीच तीव्र प्रतिस्पर्धा भएको खोटाङको रूपाकोट मझुवागढी नगरपालिकाको मेयर तथा उपमेयर पदमा अन्ततः नेकपा एमालेले विजय प्राप्त गरेको छ। १५ वडा भएको नगरमा खसेको १७ हजार ४४ मतमध्ये ५ हजार ३ सय ४३ मत प्राप्त गर्दै मेयरमा दीपनारायण रिजाल र ५ हजार ३ सय ६७ मत प्राप्त गर्दै उपमेयर पदमा विणादेवी राईले जिजय हासिल गर्नुभएको हो।

रिजालको निकटतम प्रतिद्वन्द्वी राजनशेर राईले ४ हजार ७ सय १८ मत प्राप्त गर्नुभयो भने माओवादी केन्द्रकी उम्मेदवार दुर्गाजयन्ती राईले ४ हजार ४ सय ३४ मत प्राप्त गरी तेस्रो स्थानमा रहनुभयो। यस्तै उपमेयर पदका विजयी विणादेवी राईको निकटतम प्रतिद्वन्द्वी माओवादी केन्द्रका प्रत्यासी होमकाजी आचार्यले ४ हजार ६ सय २७ मत ल्याउनुभयो भने कांग्रेसका कुन्ता केसीले ४ हजार १ सय ६८ मत ल्याई तेस्रो स्थानमा रहनुपरेको छ।

गणनाको शुरुआतदेखि अग्रता लिएको माओवादी केन्द्र अन्तिम चरणमा १४ नम्बर वडामा पर्ने बुइपाको मत परिणामपछि पछाडि परेको थियो। १५ वडामध्ये २ नम्बर सोल्मा, ४ नम्बर खाल्ले, ८ नम्बर दोर्पा, ९ नम्बर निर्मलीडाँडा, १४ नम्बर बुइपा र १५ नम्बर विजयखर्क गरी ५ वटा वडा एमालेले जितेको छ। यस्तै, वडा नम्बर १ दिक्तेल, ७ नम्बर दोर्पा र ११ नम्बर खार्मीमा कांग्रेसले विजय गरेका छन्। माओवादी केन्द्रले भने वडा नम्बर ६ नेर्पा, १२ जालपा र १३ नुन्थलामा जित निकालेका छन्। वडा नम्बर १० पाथेकामा हँसिया हथौडामा उठेका हँसिया हथौडा र हातले समातेका मसाल चिन्हको गठबन्धन तथा वडा नम्बर ५ लफ्याङमा संघीय समाजवादी फोरम र नयाँ शक्ति नेपालको संयुक्त उम्मेदवारले विजय हासिल गरेका छन्। राप्रपाले वडा नम्बर ३ मा पर्ने बाम्राङमा विजय प्राप्त गरेको निर्वाचन कार्यालयले जनाएको छ।

# बर्दियामा ३ वटा तहको मतगणना सम्पन्न

विष्णुप्रसाद तिमिल्सिना, बर्दिया

स्थानीय तहको १४ गते सम्पन्न निर्वाचनको मतगणना कार्य जारी रहेको छ। बर्दिया जिल्लाका २ वटा गाउँपालिका र ६ वटा नगरपालिकामध्ये अब ४ वटाको नतिजा आइसकेको र ४ वटाको बाँकी छ। अहिलेसम्मको मतगणनाको प्राप्त नतिजाअनुसार गुलरिया नगरपालिकापछि आइतबार गेरुवा गाउँपालिका र मधुवन नगरपालिका र बारबर्दिया नगरपालिकाको मतगणना सकिएको छ।

मतगणनाको नतिजाअनुसार गेरुवा गाउँपलिकाको अध्यक्ष पदमा नेपाली कांग्रेसका जवानसिंह केसी ६ हजार ३ मत ल्याई विजयी हुनुभएको छ। उहाँका निकटतम प्रतिस्पर्धी विश्वबहादुर थारूले ५ हजार १ सय ५ मत प्राप्त गर्नुभएको छ। त्यसै गरी उपाध्यक्ष पदमा नेपाली कांग्रेसका हिमाकुमारी चौधरी ५ हजार ५ सय ५३ मत ल्याई विजयी हुनुभएको छ। उहाँ निकटतम प्रतिद्वन्द्वी नेकपा माओवादी केन्द्रका लीला चौधरीले ५ हजार ३ सय २ मत प्राप्त गर्नुभएको छ।

त्यसै गरी जिल्लाको सबैभन्दा ठूलो बारबर्दिया नगरपालिकाको प्रमुख पदमा नेकपा माओवादी केन्द्रका दुर्गाबहादुर थारूले ११ हजार ४२ मत प्राप्त गरी फराकिलो मत अन्तरले विजयी हुनुभएको छ। उहाँका निकटतम प्रतिद्वन्द्वी नेकपा एमालेका रामबहादुर थारूले ८ हजार ६ सय ४५ मत प्राप्त गर्नुभएको छ। त्यसै गरी उपप्रमुख पदमा नेकपा माओवादी केन्द्रका अञ्जु दहितले ११ हजार ११ मत प्राप्त गरी विजयी हुनुभएको छ। उहाँका निकटतम प्रतिस्पर्धी नेकपा एमालेका पुष्प वलीले ८ हजार ६ सय ९५ मत प्राप्त गर्नुभएको छ।

मधुवन नगरपालिकाको मतपरिणामअनुसार नेकपा माओवादी केन्द्रका उम्मेदवारको प्रमुख उपप्रमुख दुवै पदमा विजयी हुनुभएको छ। प्रमुख पदमा नेकपा माओवादी केन्द्रका गणेश कृष्ण केसीले ८ हजार ४ सय ३१ मत प्राप्त गर्नुभएको छ। उहाँ निकटतम् प्रतिस्पर्धी नेकपा एमालेका दुर्गा प्रसाद वलीले ५ हजार ९ सय २३ मत प्राप्त गर्नुभएको छ।

## सिलबन्दी बोलपत्र आह्वानको सूचना

प्रकाशित मिति : २०७४/०३/१९

**यस विद्यालयको पूर्वीभागमा रहेको ३ (तीन) ओटा सटरहरू मूल्य बढाबढको प्रक्रियाद्वारा बहालमा लगाउनुपर्ने भएकाले विद्यालयलाई न्यूनतम् मूल्य मासिक रू. १४,५००।- प्रति सटरभन्दा कम नहुने गरी यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र विद्यालय प्रशासन समयमा सिलबन्दी बोलपत्र पेस गर्न इच्छुक व्यक्ति/फर्महरूमा यो सूचना गरिएको छ।**

- बोलपत्रसम्बन्धी सर्तहरू बोलपत्र फाराममा उल्लेख गरिएको छ।
- बोलपत्रसम्बन्धी फाराम यस विद्यालयको लेखाशाखाबाट रू १०००।- फिर्ता नहुने गरी खरिद गर्न सकिने छ।

**विजय स्मारक मा.वि.**
डिल्लीबजार, काठमाडौं, ०१-४४१२४७९, ०१-४४१२२४२

**मुद्धा न - विगो ८२**

**श्री काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट जारी भएको प्रतिवादी सोलुखुम्बु जिल्ला खालपा सल्यान गा.वि.स. वडा नं ९ भिमराजको छोरा शम्भु कुमा थापाक्षेत्रीको नाउँको ३५(पैतिस) दिने म्याद।**

वादी काठमाण्डौ जिल्ला सितापाईला गा.वि.स.वडा न.४ बस्ने सुदर्शन खनाल र प्रतिवादी तपाई भएको लेनदेन विगो गरीपाउँ मुद्धामा काभ्रेपलाञ्चोक जिल्ला अदालतको मिति २०७३/०६/१० गतेको फैसला बमोजिम तपाईबाट भरी पाउने ठहरेको सावाँ रु ५,००,०००। - (अक्षेरुपी पाँच लाख मात्र), र सो को मिति २०७३/०३/०६ गते देखि विगो भरी भरा उतक सम्मको वार्षिक १० प्रतिशतले हुन आउने कानुन बमोजिमको व्याज रु ५,००,०००।- (पाँच लाख) समेत हुने रु १०,००,०००।-(दश लाख )र कोर्टफि/नपुग कोर्टफी समेत गरी जम्मा हुन आउने एकमुष्ट रकम रु १०,१३,३८०।-(दश लाख तेह्र हजार तिन सय असी ) दिलाई भराई पाउँ भनी मिति २०७३/१२/२० मा वादी तर्फबाट तपाईबाट दुष्टि बन्धक पास गरी लिएको का.प.जि.मेथिनकोट गा.वि.स. वडा नं. ४ का १३ कित्ता जग्गा जेथा देखाई दरर्खास्त परी तपाईको नाउँमा माथी उल्लेखित ठेगानामा म्याद जारी गरी पठाउदा उक्त म्याद बेपत्ते तामेल भई आएको हुँदा आदेसानुसार तपाईको नाउँमा यो ३५(पैतिस) दिने म्याद सुचना प्रकाशन गरिएको छ। यो म्याद प्रकाशन भएको मितिले वाटोको म्याद वाहेक ३५(पैतिस) दिन भित्र वादीलाई बुझाउनु पर्ने उल्लेखित रकम यस अदालतमा दाखिला गर्न आउनु होला। नल्याए/नआए दावी बमोजिमको जग्गाहरू अदालतबाट मुल्याँकन भई कानुन बमोजिम लिलाम भई वादीको विगो भराई जानेछ। पछि तपाईको उजुर लाग्ने छैन।

**ईति सम्बत २०७४ साल असार महिना १८ गते रोज १ शुभम्.................।**

# एक दिनको वर्षाले ६ स्थानमा राजमार्ग अवरुद्ध

नेपाल समाचारपत्र
पर्वत

शनिबार साँझदेखि परेको अविरल बर्षाका कारण पोखरा बागलुङ राजमार्गका विभिन्न स्थानमा अवरुद्ध भएको छ। प्रहरीले दिएको जानकारीअनुसार पर्वत खण्डमा मात्रै शनिबार साँझदेखि आइतबार बिहानसम्म विभिन्न ६ स्थानमा सडक अवरुद्ध भएको हो।

पहिरोले सडक नबगाए पनि सडकमाथिबाट झरेको पहिरो तथा बाढीका कारण सडक अवरुद्ध भएको हो। राजमार्ग सुचारु गर्नका लागि जिल्ला प्रहरी कार्यालय तथा मातहतका प्रहरीको टोलीले सडक डिभिजन कार्यालय बागलुङको सहयोगमा बिहान ८ बजेसम्म डोजर परिचालन गरी सञ्चालनमा ल्याएको छ।



पर्वतको कुश्मा नगरपालिका-३ बडारेखोला पहिरो आउँदा शनिबार साँझ नै अवरुद्ध बनेको थियो भने कुश्मा नगरपालिका-८ चुवाको भीरमा २ स्थानमा पहिरो जाँदा सडक अवरुद्ध भई शनिबार राति ११ बजे मात्रै सञ्चालनमा आएको थियो। त्यस्तै चुवाको ठाडो खोलामा पहिरो खस्दा अवरुद्ध बनेको पोखरा-बागलुङ राजमार्ग राति १२ बजेबाट मात्रै सुचारु भएको थियो।

पहिरोले कुश्मा नगरपालिका-८ चुवा कै गिलमिरी खोला, कुश्मा नगरपालिका-४ नयाँपुल, कुश्मा नगरपालिका-३ आम्बोटलगायतका स्थानमा राजमार्ग अवरुद्ध भएपछि प्रहरी चौकी देउपुर पर्वतको २० जनाको प्रहरी टोली खटिई गएको र स्थानीय स्तरमा रहेको डोजरलाई समेत समन्वय गरी आइतबार बिहान मात्र सडक सञ्चालनमा ल्याइएको जिल्ला प्रहरी कार्यालय पर्वतका प्रहरी नायब उपरीक्षक मधुकरजंग विष्टले जानकारी दिनुभयो।

पर्वतको कुश्मा नगरपालिका-८ चुवादेखि मोदी गाउँपालिका-१ सम्मको करिब २० किलोमिटर पोखरा बागलुङ राजमार्ग आसपासमा जलविद्युत् आयोजनाहरू निर्माण कार्य धमाधम भइरहेको र सोही कारण पनि पहिरोको जोखिम बढेर गएको हो। आयोजना निर्माणका क्रममा स्काभेटर र डोजरहरूको प्रयोग गरी राजमार्ग आसपासका स्थानबाट सुरुङ निर्माण गर्ने गरेपछि र मोदीखोलामा आयोजनाले नै दोहन गर्ने क्रम बढेर गएपछि सडक उच्च जोखिममा परेको हो।

## हार्दिक श्रद्धाञ्जली



जन्म
वि.सं. १९८४ श्रावण ६ गते

स्वर्गारोहण
वि.सं. २०७४ असार ७ गते

**स्व. चेत कुमारी राणा**

हाम्रा परम मित्र अर्जुन विक्रम राणाका ममतामयी आमा **श्री चेतकुमारी राणा**को स्वर्गारोहण भएको आज १३औं दिनको पुण्य तिथीमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं, साथै यस दुःखद घडीमा शोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना व्यक्त गर्दछौं।

पवित्र बज्राचार्य
मधुकर श्रेष्ठ
रोशन शाक्य
मणिकमान स्थापित
सुदर्शन के.सी
बालकृष्ण श्रेष्ठ

ई. प्रदिप मानन्धर
ई. सञ्जय शाक्य
सुरेशमान सिं
कालिकामान जोशी
राजेन्द्र सुवाल

# विश्व

2017, JULY
Monday
3

**दमन**

थाइ सैनिक सरकारले शाही परिवारको आलोचना र अपमान गर्नेहरुमाथि दमन गर्ने काममा तिव्रता दिन थालेको छ।



**लापरवाही**

अमेरिकाको युताहमा पारिवारिक जमघटमा भाग लिन जाने एक दम्पतीले तातो भ्यानमा छोडिएका नाम नखुलाइएका दुई वर्षिय बालक मृत्त भेटिएको प्रहरीले जनाएको छ ।



## विश्व २ मिनेट

### अमेरिका

#### उत्तर कोरियालाई चेतावनी

वासिंगटन, (एजेन्सी)

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले उत्तर कोरियालाई लिएर वर्षौंदेखिको रणनीतिक संयम काम नलागेको र अब 'कडा जवाफ' दिने समय आएको बताएका छन्। दक्षिण कोरियाका राष्ट्रपति मुन जे इनसँगको संयुक्त प्रेस सम्मेलनमा ट्रम्पले भने- 'हामी एउटा बर्बर र गैर जिम्मवार शासनको खतराको सामना गरिरहेका छौं।' उनले उत्तर कोरियालाई चाँडै सही मार्गमा आउन पनि आह्वान गरे। यसबीच दक्षिण कोरियाली राष्ट्रपति मुनले उत्तर कोरियाली नेताहरूसँग वार्ता गरिरहनु आवश्यक भएको बताए। उनले आफ्नो देशको सुरक्षाका लागि सुधार लागू गरिरहने र आफ्नो रक्षात्मक क्षमतालाई प्राथमिकता दिने बताए।

### भारत

#### मुखर्जी पिता जस्तै

नयाँदिल्ली, (एजेन्सी)

यसै महिना राष्ट्रपति पदबाट सेवामुक्त हुन लागेका प्रणब मुखर्जीलाई प्रधानमन्त्री नरेन्द्र मोदीले पिताका रूपमा रहेको बताउँदै प्रशंसा गरेका छन्। प्रणब मुखर्जीले आफूलाई पिताले जस्तै चासो लिने गरेको र साधै स्वास्थ्यको चिन्ता गरिरहने मोदीले बताए। उत्तर प्रदेशको चुनावको व्यस्ततालाई लिएर त्यति धेरै दौडधुप नगर्न र स्वास्थ्यको पनि ध्यान दिन आफूलाई सुझाव दिएको र उनी सधैं आफ्नो प्रेरणाको स्रोत रहेको बताए। मुखर्जीले आफूलाई पिताले जस्तै मार्गनिर्देश गरेको र आफू उनको औंला समातेर दिल्लीको जिन्दगीमा अगाडि बढ्न सकेको मोदीले बताए।

### सिरिया

#### आत्मघाती विस्फोट

दमास्कस, (एजेन्सी)

सिरियाको राजधानी दमास्कसमा आइतबार भएको एक आत्मघाती बम आक्रमणमा कम्तिमा १९ जना व्यक्तिको ज्यान गएको स्थानीय सञ्चार माध्यमले जनाएको छ। सरकारी टेलिभिजनले सिरियाली प्रहरीले राजधानी प्रवेश गर्न लागेका आशंकित बम आक्रमणकारी चढेको कारलाई लखेट्ने क्रममा सो घटना घटेको जनाएको छ। प्रहरीले दुईवटा कार रोकेर तिनलाई सुरक्षित ढंगले विस्फोट गराउन सफल भएको थियो भने तेस्रो ड्राइभरले कारलाई दमास्कसको पूर्वी भागमा रहेको ताहिर चोकमा लगेर आत्मघाती विस्फोट गरेका थिए। सिरियामा विगत छ वर्षदेखि गृहयुद्ध जारी रहेको छ।

### अमेरिका

#### ट्रम्पको सफाइ

वासिंगटन, (एजेन्सी)

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले लगातार ट्विट गर्दै आफूले सामाजिक सञ्जाल प्रयोग गरेको बारे प्रतिवाद गरेका छन्। उनले हालै एमएसएनबीसी टेलिभिजनका दुईजना प्रस्तोताबारे गरेको प्रतिक्रिया विवादास्पद भएपछि आफूले राष्ट्रपतिको हैसियतले मात्र नभइ एक आधुनिक राष्ट्रपतिको हैसियतले सामाजिक सञ्जाल प्रयोग गर्ने गरेको शनिबार ट्विटरमार्फत बताएका छन्। उनले गत साता मिका ब्रेजेजिन्स्की र जोय स्कारवोरो नाम ती प्रस्तोतामाथि व्यक्तिगत रूपमा आलोचना गरेका थिए। राष्ट्रपति भवन व्हाइट हाउसले उनको प्रतिरक्षा गरे पनि डेमोक्रेट र रिपब्लिकन दुबैले उनको कदमको आलोचना गरेका थिए।


## जिल्ला समन्वय समितिको कार्यालय, लमजुङ

### सिलबन्दी दरभाउ-पत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति :- २०७४/०३/१९**

स्थानीय स्वायत्त शासन ऐन- २०५५, स्थानीय स्वायत्त शासन नियमावली २०५६, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ तथा संघीय मामिला तथा स्थानीय विकास मंत्रालयको चं नं २०५ मिति २०७४/०१/१९ को प्राप्त पत्र बमोजिम यस जिल्ला समन्वय समितिको कार्यालय लमजुङले आ.व. २०७४/७५ को लागि देहायका खण्डहरु (स्थानहरु) मा **ढुङ्गा, बालुवा, गिट्टी बिक्री/निकासी बापतको स्रोत उपयोग कर** असुली सम्बन्धी राजश्व ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले सिलबन्दी दरभाउ-पत्र आव्हानको लागि सूचना प्रकाशित गरिएको छ । इच्छुक इजाजत प्राप्त फर्मले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र आ.व. ०७२/७३ को फर्म/इजाजतपत्र नवीकरण प्रमाणपत्र, मूल्य अभिवृद्धि कर/स्थायी लेखा दर्ता प्रमाणपत्र, आ.व.०७२/७३ को कर चुक्ताको प्रमाणित प्रतिलिपि सहित निवेदन साथ रु. ३००/- तिरी दरभाउपत्र खरिद गरी १६औं दिनको १२.०० बजे भित्र तोकिएको शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउ-पत्र पेश गर्नुहुन जानकारी गराईन्छ ।

| क्र.सं | ठेक्का नं. | खण्डको नाम | मू.अ.कर वाहेक न्युनतम ठेक अंक | उत्खनन गर्न सकिने परिमाण र क्षेत्रफल | करको दर रु. |
|---|---|---|---|---|---|
| १ | १ आ.आ.०७४/७५ | मर्स्याङदी नदी वेसीशहर नपा-चण्डिस्थान, सिम्पानी खण्ड | ३५००००.०० | IEE प्रतिवेदनमा उल्लेखित भएबमोजिम | प्रति क्यू.फिट रु. ३।- |
| २ | २ आ.आ.०७४/७५ | मर्स्याङदी नदी वेसीशहर गाउशहर खण्ड | २७००००.०० | " | " |
| ३ | ३ आ.आ.०७४/७५ | मर्स्याङदी नदी रिङ्हेवगर उदीपुर, चिती खण्ड | ९०००००.०० | " | " |
| ४ | ४ आ.आ.०७४/७५ | मर्स्याङदी नदी भोटेवडार फूलवारी खण्ड | ३५००००.०० | " | " |
| ५ | ५ आ.आ.०७४/७५ | मर्स्याङदी नदी तार्कुघाट खण्ड | १०००००.०० | " | " |
| ६ | ६ आ.आ.०७४/७५ | चेपे नदी अन्य खोलानाला धमिलिकुवा खण्ड | ५०००००.०० | " | " |
| ७ | ७ आ.आ.०७४/७५ | चेपे नदी र अन्य खोलानाला, चक्रतिर्थ, भलायखर्क | २५००००.०० | " | " |
| ८ | ८ आ.आ.०७४/७५ | मादी नदी रम्घा, समिभन्ज्याङ खण्ड | २५००००.०० | " | " |
| ९ | ९ आ.आ.०७४/७५ | रिस्ती खोला जिता,ता.टक्सार सूर्यपाल खण्ड | १२००००.०० | " | " |
| १० | १० आ.आ.०७४/७५ | मादी नदी, मिदिम र पिस्ती खोला, भोर्लेटार इशानेश्वर खण्ड | ५५००००.०० | " | " |
| ११ | ११ आ.आ.०७४/७५ | पाउदी खोला,खत्री ठाटी, नाउदी खोला दोभान खण्ड | ४०००००.०० | " | " |
| १२ | १२ आ.आ.०७४/७५ | चेपे नदी कुनाघाट विचौर खण्ड | १०००००.०० | " | " |
| १३ | १३ आ.आ.०७४/७५ | मर्स्याङदी नदी पाखेटार सुन्दरवजार , खण्ड | १०००००.०० | " | " |
| १४ | १४ आ.आ.०७४/७५ | मर्स्याङदी नदी सातविसे वेसीशहर, खण्ड | १५००००.०० | " | " |

**शर्तहरु:-**

१. प्रत्येक ठेक्काको दरभाउ-पत्र छुट्टाछुट्टै खरिद गरी बाहिर स्पष्टरुपमा कुन ठेक्काको लागि दरभाउपत्र पेश गरेको हो लेखी पेश गर्नुपर्नेछ ।
२. ठेक्का अवधि २०७४ साल श्रावण १ गतेदेखि २०७५ साल अषाढ मसान्तसम्म १ वर्ष कायम रहनेछ ।
३. दरभाउ-पत्र फाराम खरिद, दर्ता र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन अन्तिम दिन मानिनेछ ।
४. दरभाउपत्र साथ कबुल अंकको ५% धरौटी रकम यस कार्यालयको रा.बा.बैंक बेसीशहर स्थित ग-३ (३०४०३०३००७१०१) स्थानीय निकाय धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर साथ पेश गर्नुपर्नेछ । दरभाउपत्र दाखिलाका लागि विडबण्ड (बैंक जमानी पत्र) मान्य हुनेछैन ।
५. ठेक्का लिए बापत ठेकेदारले नेपाल सरकार र अन्य निकायलाई बुझाउनु पर्ने सम्पूर्ण कर आफैंले बुझाउनु पर्नेछ । उक्त करहरु अग्रीम किस्तासँगै बुझाउनु पर्नेछ । यस्तो कर रकम ठेक्का रकमबाट कटाउन पाइने छैन ।
६. ठेकेदारले प्रथम किस्ता बापत आफूले कबोल गरेको कूल ठेक्का रकमको ६०% र १.५% अग्रीम आयकर रकम समेत एकमुष्ठ सम्झौता गर्ने समयमा नै बुझाउनु पर्नेछ । त्यसपछिको बाँकी ४०% किस्ता रकम २०७४ साल पौष मसान्तभित्र बुझाउनु पर्नेछ । तर, ठेकेदारले सम्झौताको समयमा कबोल अनुसारको सम्पूर्ण ठेक्का रकम एकमुष्ठ बुझाएमा दश प्रतिशत रकम छुट दिइनेछ ।
७. ठेकेदारले सम्झौता गर्दा पहिलो किस्ता बाहेक बुझाउन बाँकी ४०% रकम २०७४ आषाढ मसान्तसम्म मान्य अवधि भएको र यस कार्यालयको नाममा मान्यता प्राप्त बैकबाट जारी गरिएको बैंक ग्यारेण्टी (परफरमेन्स बण्ड) पेश गरेपछि मात्र ठेक्का सम्झौता गरी कार्यादेश दिइनेछ ।
८. ठेकेदारले ढुंगा, गिट्टी, बालुवा उत्खनन् संकलन गर्दा तोकिएको क्षेत्र भित्रबाट मात्र गर्नु पर्नेछ । तोकिएको क्षेत्र भन्दा अन्यत्रबाट उठाएको पाईएमा प्रत्येक पटक रु. १,०००/- का दरले जरिवाना लगाई असुल गर्न र संकलन गरिएको माल वस्तु समेत जफत गर्न सकिनेछ ।
९. ढुंगा, गिट्टी, बालुवा उत्खनन् संकलन र निकासीमा तोकिएको स्रोत उपयोग कर उठाउने प्रयोजनका लागि ठेकेदारले तोकिएको संकलन केन्द्रमा ढाँट राखि ३/३ प्रति रसिद ठेकेदारले आफ्नै तर्फबाट छपाई कार्यालयको छाप र प्रमाणित गराई कार्यालयमा रसिद दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनु पर्नेछ । तोकिएको स्थान बाहेक अन्यत्र ढाँट राखी कर उठाएको र कार्यालयको छाप नलगाएको रसिद प्रयोग गरेको पाईएमा प्रत्येक पटक रु. १०००/- का दरले जरिवाना लगाई असुल उपर गर्न सकिनेछ ।
१०. स्रोत उपयोग कर सम्बन्धी कार्यालयबाट स्वीकृत दररेट सम्बन्धी सूचना पाटी सबैले देख्ने गरी तोकिएको स्थानमा टाँस्नु पर्नेछ । सूचना पाटी नराखेको भेटिएमा वा तोकिएको दर भन्दा बढी कर असुल गरेमा प्रत्येक पटक रु. १०००/- का दरले जरिवाना गर्न सकिनेछ ।
११. तोकिएको समयमा किस्ता रकम नबुझाएमा म्याद समाप्त भएको ७ दिनपछि सम्झौता गर्दा राखेको परफरमेन्स वण्डबाट किस्ता रकम जम्मा गर्न सम्बन्धित बैंकमा लेखी पठाई रकम असुल गरिनेछ ।
१२. नेपाल सरकार तथा जिल्ला समन्वय समिति लमजुङले समय-समयमा दिएको नीति, निर्देशन तथा आदेशको पालन गर्नु ठेकेदारको कर्तब्य हुनेछ ।
१३. ठेक्का सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा जिससको निर्णय अन्तिम हुनेछ ।
१४. नेपाल सरकार र जिससको निर्णय अनुसार ठेक्का तोडिन गएमा दामासाहीले हिसाब गरी ठेक्का रकम बुझाउनु पर्नेछ ।
१५. प्रचलित ऐन, नियम, कानून, सम्झौता र सूचनाका शर्तहरु विपरीत कार्य गरेमा जुनसुकै अवस्थामा पनि जिससले ठेक्का तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई हुने हानी-नोक्सानी ठेकेदारबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।
१६. बन्द, हड्ताल, चक्काजाम वा अन्य कुनै कारण देखाई ठेक्का रकम मिनाहा माफी माग गर्न पाइने छैन ।
१७. ठेक्का सम्बन्धी विस्तृत दररेटको सूचना जिल्ला समन्वय समितिको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ । अन्य थप कुराहरु बुझ्नु परेमा कार्यालय समयमा सम्पर्क गरी बुझ्न सकिनेछ ।


# इजरायलका पूर्वप्रधानमन्त्री कारागार मुक्त



जेरुसेलम, (एजेन्सी)

इजरायलका पूर्वप्रधानमन्त्री एहुद ओल्मार्टलाई आइतबार बाँकी कैद माफी गरी कारागार मुक्त गरिएको छ। उनलाई जालसाजी र धेखाघडीको अभियोगमा २७ महिना लामो काराबास संजाय सुनाइएकोमा उनले दुई तिहाइ कैद काटिसकेका छन्।

उनलाई सन् २०१६ मा आफू व्यापार मन्त्री छँदा घुस लिएको र कानुन उल्लंघन गरेको अभियोगमा जेल चलान गरिएको थियो। इजरायलकै इतिहासमा यसरी कागारमा पर्ने ओल्मार्ट पहिलो पूर्व सरकार प्रमुख हुन्। सन् २००६ मा प्रधानमन्त्री बनेका उनले ३ वर्षपछि प्रहरीले आफू विरुद्ध लगाइएको अभियोग अनुमोदन गरेकाले पदबाट राजीनामा दिएका थिए।

इजरायलको मध्य भागमा रहेको मासियाहु कारागारबाट छुट्ने क्रममा ७१ वर्षीय ओल्मार्टले पत्रकारहरूसँग एक शब्द पनि नबोलेको बताइएको छ। यसअघि इजरायली संजाय मिनाह गर्ने बोर्डले कारगारमा ओल्मार्टको आचरण र गतिविधि निकै प्रशंसनीय रहेको जनाएको थियो।

तर अहिले सरकारी महान्याधिवक्ताको कार्यालयले उनले कारगारमा लेख्दै गरेको एक पुस्तकको एक अध्याय अवैध ढंगले कारागरबाहिर पठाएको विषयमा उनीमाथि अनुसन्धान गरिरहेको छ। उक्त पुस्तकका कारण राष्ट्रिय सुरक्षामा समेत आँच आउन सक्ने अनुमान गरिएको छ।

गत साता समाजिक सञ्जालमा अस्पतालको पोशाकमा दुब्लो पातलो र कमजोर देखिने ओल्मार्टको तस्वीर भाइरल भएपछि उनको रिहाइका लागि जनआवाज उठेको थियो। उनलाई छातीमा पीडा भएपछि अस्पताल पुर्‍याइएको थियो तर स्वास्थ परीक्षणबाट सबै ठिकठाक देखिएकाले पुन कारागार फर्काएको थियो। सन् २०१४ मा सन् १९९३ देखि २००३ सम्म जेरुसेलमको मेयर रहँदा घुस खाएको आरोप लगाइएको थियो।

# अमेरिकी नाइट क्लबमा गोली चल्यो






न्युयोर्क, (ऐजेन्सी)

अमेरिकाको अर्कान्सास राज्यको अल्बामा स्थित एउटा नाइट क्लबमा भएको गोलीकान्डमा कम्तिमा ५० जना व्यक्ति घाइते भएको र तीमध्ये दुईजनाको स्थिति चिन्ताजनक रहेको आइतबार प्रहरीले जनाएको छ।

गोली चलेपछि भएको भागदौडमा पनि अन्य ३ जना घाइते भएको तथा सबैभन्दा कम उमेरका पीडितमा १६ वर्षीय एक किशोर रहेको बताइएको छ। स्थानीय समयअनुसार शनिबार राति करिब साढे बाह्रबजे त्यहाँ कन्सर्ट भइरहेको बेला गोली चलेको र आक्रमणकारीको आशंकामा टेन्नेस्सीको मेम्फिस निवासी २५ वर्षीय ˌयापर रिकी हयाम्पटनलाई पक्राउ गरिएको जानाइएको छ।

तर प्रहरी र स्थानीय अधिकारीहरूले यो घटना आतंकवादसंग सम्बन्धित नरहेको बताएका छन्। लिटिल रकका मेयर मार्क स्टोडोलाले घाइते २८ जना नै बाँच्ने संभावना रहेको र पावर अल्ट्रा लाउन्ज ननइट क्लबकै मालिकहरूबीच भएको असहमतिका कारण गोली चलेको बताएका छन्।

# चिनियाँ राष्ट्रपतिद्वारा चेतावनी

हङकङ, (एजेन्सी)

चिनियाँ राष्ट्रपति सि जिनपिङले हङकङ पुगेपछि त्यस क्षेत्रमा चिनियाँ प्रभुत्वलाई चुनौती दिने प्रयास विरुद्ध चेतावनी दिएका छन्।

चिनियाँ राष्ट्रपतिले हङकङको नयाँ कार्यकारी अधिकारी केरी लेमको सपथ ग्रहण समारोहमा सहभागी हुन हङकङ पुगेका थिए। लेम हङकङकी पहिलो महिला कार्यकारी अधिकारी हुन्। चिनियाँ राष्ट्रपति बनेपछि जिनपिङको यो पहिलो हङकङ भ्रमण हो।

सीले भने- 'चिनियाँ सम्प्रभुता सुरक्षा खतरामा पुर्‍याउने, केन्द्रीय सरकारको शक्तिलाई चुनौती दिने, हङकङबाट घुसपैठ गर्ने र चीनको भूमि विरुद्ध कुनै प्रकारको गतिविधिमा संलग्न रहने प्रयास गर्नु पूर्ण रूपमा निषेध छ। यस प्रकारको प्रयास अफ्नो सीमारेखा पारी गर्ने गतिविधिहरू हुन्।

उनले हङकङमा अहिले सबैभन्दा धेरै स्वतन्त्रता भएको उनले बताए। यद्यपि हङकङमा एक राष्ट्र दुई प्रणाली कार्यक्रमअन्तर्गत यहाँको कानुनले नागरिकलाई धेरै स्वतन्त्रता दिएको छ। तर सबै वयस्कलाई राजनैतिक मताधिकारको प्रयोगको स्वतन्त्रता दिने मुद्दामा चीनको अस्विकृतिलाई लिएर कयौंपटक हिंस्रक प्रदर्शन भइसकेको छ।

# गुगललाई युरोपेली आयोगद्वारा २ अर्ब १० करोड जरिवाना

ब्रसेल्स, (एजेन्सी)

विश्वको सबैभन्दा ठूलो सर्च इन्जिन गुगलमाथि धोखाधडीको आरोप लगाएको छ। युरोपेली युनियन आयोगले गुगलमाथि करिब २ अर्ब १० करोड पाउन्ड जरिवाना तिराएको छ। यो जरिवाना सर्चका क्रममा दिने नतिजामा गडवडी गरेकोमा लगाइएको हो।

गुगलले आफ्नो शक्तिको गलत प्रयोग गर्दै सर्च इन्जिनमा आफ्ना सपिंग सेवाको धेरै प्रचार गरेको आयोगले जनाएको छ। कुनै पनि कम्पनीलाई लगाइएको यो जरिवाना अहिलेसम्मकै सबैभन्दा ठूलो हो।

यस मामिलाको जाँच सन् २०१० मा शुरू भएको थियो। केही प्राइज कम्पारिजन वेबसाइटले गुगलमाथि सर्च रिजल्टबाट उनीहरूको सेवा हटाएको उजुरी दिएपछि त्यसमा छानबिन भएको हो। आयोगले गुगललाई कडा कारवाही तथा जरिवानाको चेतावनी




दिँदै आफ्ना प्रतिस्पर्धीहरूको गतिविधिहरू ९० दिनसम्म बन्द नर्गन निर्देशन दिएको थियो।

गुगलले यस मामिलामा आफू विरुद्ध लगाइएका सम्पूर्ण आरोपको सुनुवाइका लागि तयार रहेको जनाएको छ। उसले अदालतमा आफ्नो बचाउ गर्ने जनाएको छ।

ईयूका कम्पिटिसन कमिस्नर माग्रेथ भेस्टाजरले भने- 'गुगलले जे गर्‍यो, नियमअनुसार त्यो पूर्ण रूपमा अवैध छ। गुगलले अन्य कम्पनीहरूलाई प्रतिस्पर्धा र नयाँ प्रयोग गर्ने मौका दिएको छैन। उसले युरोपेली उपभोक्तालाई प्रतिस्पर्धाको लाभ र सही चयन गर्ने अधिकारबाट समेत वञ्चित गरेको छ।

आयोगका अनुसार गुगलले आफ्नो सिस्टममा त्यसतो प्राविधिक हेरफेर गरेको छ जसले सर्चको नतिजामा उसको सपिंग सर्विस मात्रै देखिनेछ। यसबीच उसले प्रतिद्वन्द्वी साइटहरूलाई हतोत्साही बनाइरहेको छ।

वास्तवमा गुगलको युरोपको इन्टरनेट सर्चमा ९० प्रतिशत सेयर रहेको छ। आफूमाथि लागेको गम्भिर आरोपलाई लिएर गुगलले भनेको छ- 'हामी आयोगको फैसलाको सम्मान गर्छौं, तर उनको दावीप्रति असहमत छौं। हामी अपिलका लागि विचार गरिरहेका छौं। यसका लागि आयोगको फैसलाको गहन समिक्षा गर्नेछौं।'

वास्तवमा प्रयोगकर्तालाई सर्च, जिमेल, ह्यांगआउट, प्ले जस्ता सेवा दिएर गुगलले प्रतिदिन १२ करोड अमेरकी डलर कमाउँछ र यो आम्दानी उसलाई विज्ञापनको माध्यमबाट हुनेगर्छ। कुनै पनि प्रयोगकर्ताले गुगलमा केही खोज्दा त्योसँग जोडिएका विज्ञापन आफैं सर्च पेजमा आउने गर्छ।

शनिबार बिहानदेखिको अविरल वर्षापछि विभिन्न खोला तथा नदीमा आएको बाढीको कारण सप्तरीको दुई दर्जन गाउँ डुबानमा परी पीडितहरूको विचल्ली भएपछि विभिन्न संघ-संस्था र व्यक्तिले सहयोगका हात अघि बढाएका छन्।

# उछिन्दै एमाले

काठमाडौं, (नेस)

दोस्रो चरणको निर्वाचन भएका स्थानीय निकायको मतगणना जारी रहँदा एमालेको जितको संख्या ९६ पुऱ्याउँदै आफ्नो अग्रता कायम राखेको छ।

नेपाली कांग्रेसले एमालेलाई पछ्याउँदै गइरहेको छ भने नेकपा माओवादी केन्द्र तेस्रो स्थानमा रहेको छ। घोषित परिणामअनुसार कांग्रेस ८३ स्थानमा विजयी भएको छ भने नेकपा माओवादी केन्द्र २९ स्थानमा विजयी भएको छ।

यो समाचार तयार पार्दासम्म घोषित २ सय २० भन्दा बढी स्थानीय निकायको निर्वाचन परिणामअनुसार फोरम लोकतान्त्रिक २ स्थान, राष्ट्रिय जनमोर्चा २ स्थान र संघीय समाजवादी फोरमले १ स्थानमा विजय हासिल गरेका छन् ।

मतगणना जारी रहेको स्थानमा पनि एमालेले ४४ ठाउँमा अग्रता लिएको छ भने नेपाली कांग्रेसले ४१ स्थान, नेकपा माओवादी केन्द्रले ८ स्थानमा अग्रता लिएको छ। त्यस्तै अन्य दलले १५ स्थानमा अग्रता लिएका छन्।

## हत्या गर्ने अभियुक्त समातिए

काठमाडौं, (नेस)

चितवनको भरतपुर महानगरपालिका-२५ शुक्रनगरस्थित साउनी महतोको घरमा गत जेठ ५ गते हातहतियारसहित आएका व्यक्तिहरूले लुटपाट गर्न थालेपछि प्रतिकार गर्नेक्रममा घरका मानिसलाई खुकुरी तथा गोली प्रहार गरी घाइते बनाई लुटपाट गरेको घटनाका मुख्य अभियुक्त तथा योजनाकार भरतपुर महानगरपालिका-२७ स्थित ससुराली घरमा बस्ने पर्वत, पकुवा-८ का कृष्ण शाही ठकुरीलाई शुक्रबार प्रहरीले पक्राउ गरेको छ।

सोही घटनामा संलग्न अन्य २ अभियुक्तहरू नवलपरासी मध्यबिन्दु-१० अरुणखोलाका नारायण विक र सोही ठाउँका लक्ष्मण परियारलाई गत असार ११ गते प्रहरीले पक्राउ गरेको थियो।

अभियुक्तबाट नगद ८३ हजार १ सय ४० रुपियाँ, पेस्तोल १ थान, त्यसको गोली ६ थान, घटनामा प्रयोग भएका ह्याम्बर १ थान, मोटरसाइकलको रड १ थान, चक्कु १ थान, पेचकस १ थान र सुनका गहनाहरू प्रहरीले बरामद गरेको जिल्ला प्रहरी कार्यालय चितवनले जनाएको छ।

## 'सरकारी निकायमा सामन्तवादकै राज'



भक्तपुर, (नेस)

राष्ट्रिय सूचना आयोगका प्रमुख आयुक्त कृष्णहरि बास्कोटाले देशमा लोकतन्त्र आउँदा पनि सरकारी निकायमा भने अझै सामन्तवादकै राज चलिरहेको बताउनुभएको छ। राष्ट्रिय सूचना आयोगको सहयोगमा आइतबार नेपाल पत्रकार महासंघ भक्तपुरले आयोजना गरेको सूचनाका हक सम्बर्द्धन र प्रचलनसम्बन्धी गोष्ठीमा बोल्दै उहाँले सूचना लुकाउने सरकारी निकायका कर्मचारीलाई सामन्तीको संज्ञा दिँदै यस्तो धारणा राखेको हो।

सूचना लुकाउने अधिकार कसैसँग नरहेको बताउँदै उहाँले सूचना अधिकारीलाई सूचना नदिने कार्यालय प्रमुख र सूचना नदिने कर्मचारीविरुद्ध उजुरी आए आयोगले तत्काल कारबाही अगाडि बढाउने बताउनुभयो। उहाँले भन्नुभयो- 'देशमा लोकतन्त्र आइसक्यो तर अझै पनि जनताले त्यसको प्रत्याभूति सहजरूपमा गर्न पाएका छैनन्, सूचना नदिने सरकारी निकायका कर्मचारी सामन्ती हुन्, त्यस्तालाई कारबाही गर्नु आवश्यक छ।'

जनतालाई सरकारले अझै विश्वास दिलाउन नसकेको बताउँदै उहाँले सरकारप्रति अविश्वास रहेकै कारण आमनागरिक सूचना माग्न नआएको उहाँको भनाइ थियो।

नेपाल पत्रकार महासंघ भक्तपुरका अध्यक्ष पुष्कर‌राज बुढाथोकीको सभापतित्वमा सम्पन्न कार्यक्रममा सहायक प्रमुख जिल्ला अधिकारी लक्ष्मी होमागाईं, स्थानीय विकास अधिकारी ध्रुवप्रसाद कोइराला, जिल्ला शिक्षा अधिकारी अर्जुन रायमाझी, महिला तथा बालबालिका कार्यालय प्रमुख नीला घिमिरेलगायतले सूचनाको हक स्थापित हुने क्रम बढ्दै गएको बताउँदै सूचनाको हकबारेमा आम नागरिकमा अझै चेतना नपुगेको बताउनुभयो।

## ताप्लेजुङका २ महिला, वडाध्यक्षमा विजयी

ताप्लेजुङ, (नेस)

ताप्लेजुङका ९ स्थानीय तहका ६१ वडामध्ये ३ वटा वडामा वडाध्यक्ष उठेका महिलामध्ये २ जनाले सफलता पाएका छन्। दुवै जना एमालेका उम्मेदवार निर्वाचित भएका हुन्। फुङलिङ नगरपालिका ५ को वडाध्यक्षमा एमालेबाट प्रतिस्पर्धी रहनुभएकी भीमादेवी ओझा प्रतिस्पर्धीभन्दा करिब ७० मतान्तर बढीले विजयी हुनुभयो।

यस्तै सिरिजङ्घा गाउँपालिका १ साविकको सिनाम गाउँ विकास समितिबाट उम्मेदवार रहनुभएकी उर्मिला थेवे पनि विजयी बन्नुभएको छ। संसद् भूपेन्द्र थेवेकी पत्नी उर्मिला कञ्चनजंघा महिला विकास केन्द्रकी अध्यक्षसमेत हुनुहुन्छ।

## मतगणनास्थलमा झडप

कञ्चनपुर, (नेस)

पुनर्बास नगरपालिका-६ टाउन बजारस्थित निर्वाचन कार्यालयअगाडि मतगणनाको विषयलाई लिएर शनिबार टायर बाली ढुंगामुढा हुँदा प्रहरीले नियन्त्रण गर्ने क्रममा भएको झडपमा परी ४ जना प्रहरी कर्मचारी, ६ जना म्यादी प्रहरी र प्रदर्शनकारीतर्फका ३ जना गरी १३ जना घाइते भएका छन्।

घाइतेमध्ये २ महिला म्यादी प्रहरी बेहोस भएका थिए भने घाइतेहरूलाई तत्काल उपचारका लागि पोलिक्लिनिक आईबीआरडी पठाइएकोमा सबै घाइतेहरू उपचार पछि डिस्चार्ज भएका छन्।

प्रहरीले अश्रुग्याँस प्रहार तथा हवाई फायर गरी स्थितिलाई नियन्त्रणमा लिएको थियो। ढुंगामुढा गर्नेहरूको खोजी गर्नुको साथै यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको जनाइएको छ।

# ध्यान गुरू शाक्यको स्मृतिमा श्रद्धाञ्जलीसभा




ललितपुर, (नेस)

५० वटाभन्दा बढी कृतिका लेखक एवं ध्यान गुरू दोलेन्द्ररत्न शाक्यको स्मृतिमा सयौंले आइतबार श्रद्धाञ्जली व्यक्त गरेका छन्।

ललितपुर कार्यरत करिब एक दर्जन संघ-संस्थाले संयुक्तरूपमा पुल्चोकस्थित अक्षेयश्वर महाविहारमा आयोजित श्रद्धाञ्जली एवं गुनानुस्मरण सभामा श्रद्धाञ्जली व्यक्त गर्दै स्वर्गीय शाक्यको योगदानको चर्चा गरिएको हो।

मंगलमार्ग अन्तर्राष्ट्रिय बौद्ध ध्यान केन्द्रको संयोजनमा बौद्ध विहार संघ (शाक्य वज्रचार्य समाज) नेपाल परम्परागत बौद्ध धर्म संघ, बौद्ध युवा कमिटी ललितपुर, युवक बौद्ध मण्डल नेपाल, अक्षेयश्वर महाविहार संरक्षण समिति, ललितपुर बुद्ध जयन्ती ट्रस्ट कमिटी, वज्रचार्य पूजाविधि संघले संयुक्तरूपमा सो सभाको आयोजना गरेको हो।

सभामा स्वर्गीय शाक्यको स्मृतिमा एक मिनेट मौनधारण गरी उपस्थिति सयौंले श्रद्धाञ्जली व्यक्त गरेका थिए। वज्रयानी बौद्ध परम्पराअनुसार स्वर्गीय शाक्यको सुगति र निर्वाणको कामना गर्दै दुगति परिशोधन पाठ र भिक्षुहरूले अनित्यस्मरण गर्दै पाठ गर्नुभएको थियो।

सो अवसरमा अखिल नेपाल भिक्षु महासंघका महासचिव भिक्षु कौण्डन्यले ध्यान र ज्ञान सिकाउन पुऱ्याउनुभएको योगदानको सराहना गर्दै उहाँका अनुयायीहरूले साप्ताहिक धर्मचचा कार्यक्रमलाई निरन्तरता दिनुपर्नेमा जोड दिनुभयो।

सो अवसरमा मंगलमार्ग अन्तराष्ट्रिय ध्यान केन्द्र बनाउन जग्गा दान गर्नुहुने स्वर्गीय शाक्यका अनुयायी दशलाल डंगोलले स्वर्गीय शाक्यले बुद्धको साम्प्रदायिक रहित ज्ञान र ध्यान सिकाउन सर्मपित भएर लाग्नुभएको धारणा राख्नुभयो।

सभामा मंगलमार्ग अन्तराष्ट्रिय बौद्ध ध्यान केन्द्रका अध्यक्ष पुष्परत्न शाक्यले ध्यान केन्द्र संस्था स्थापना गर्नमा स्वर्गीय शाक्यको योगदानको चर्चा गर्दै उहाँको गुणको अनुशरण गर्नुपर्ने खाँचो औंल्याउनुभयो।

समाजसेवी एवं मोतीलाल शिल्पकार, ललितपुर उद्योग वाणिज्य संघका अध्यक्ष सविन श्रेष्ठको पनि उपस्थिति रहेको सो सभामा स्वर्गीय शाक्यका ज्येष्ठ पुत्र महेन्द्ररत्न शाक्य, केन्द्रका महासचिव सुनील महर्जनले शाक्य एक लेखक, ध्यान गुरू, ध्यान र ज्ञानको नेतृत्वकर्ताको रूपमा पहिचान स्थापित गरेको भन्दै समग्र योगदानको विविध पक्षबारे चर्चा गर्दै आ-आफ्नो धारणा राख्नुभयो।

## शोक प्रस्ताव पारित गर्दै संसद् बैठक स्थगित

काठमाडौं, (नेस)

आइतबार बसेको व्यवस्थापिका संसद् बैठकले नेकपा एमालेकी सांसद महिन लिम्बुको निधनमा शोक प्रस्ताव पारित गर्दै आज (सोमबार) सम्मका लागि स्थगित भएको छ।

स्थानीय तहको दोस्रो चरणको निर्वाचनका लागि जेठ २८ गते स्थगित भएको बैठक सोमबार बसेको थियो। अबुर्द रोगले थलिएका लिम्बुको धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा गत असार १० गते निधन भएको थियो। लिम्बुको निधनमा सर्वसम्मतिले शोक प्रस्ताव पारित गरेको हो।

लिम्बुले एमालेबाट समानुपातिक कोटामा धनकुटाबाट संसद्मा प्रतिनिधित्व गर्नुभएको थियो।

शोक प्रस्ताव पारित गरेको दिन अन्य कार्यसूचीमा प्रवेश नगर्ने संसदीय अभ्यासअनुसार संसद्को अर्को बैठक सोमबार बिहान ११ बजेका लागि बोलाइएको छ।

# सप्तरीका बाढीपीडितलाई राहत

नेपाल समाचारपत्र

राजविराज

सप्तरी जिल्लाका बाढीपीडितलाई आइतबार राहतस्वरूप खाद्यान्न, लत्ताकपडालगायतका सामग्री उपलब्ध गराएको छ।

शनिबार बिहानदेखिको अविरल वर्षापछि विभिन्न खोला तथा नदीमा आएको बाढीका कारण जिल्लाको दुई दर्जन गाउँ डुबानमा परी पीडितहरूको विचल्ली भएपछि विभिन्न संघ-संस्था र व्यक्तिले सहयोगका हात अघि बढाएका छन्।

यसै क्रममा आइतबार बिहानै नागरिक सञ्जाल सप्तरीका अध्यक्ष सुखराम यादवले बाढीबाट सर्वाधिक प्रभावित मलेठ गाउँका पीडितहरूलाई राहतस्वरूप च्युरा, भुजा, चामल, बिस्कुट, चाउचाउ वितरण गरेका छन्।

आइतबारै बाढी प्रभावित क्षेत्रमा पुगी जिल्ला समन्वय समिति, सेभ द सप्तरी, सेभ द नेपाल, राष्ट्रिय जनता पार्टीलगायतका दलले बाढीपीडित परिवारलाई तत्कालीन राहतस्वरूप खाद्यान्न र लत्ताकपडा उपलब्ध गराएका हुन्। कतिपय बाढीपीडितको घरमा अझै २ फिटसम्म पानी जमेका कारण सुत्न र खाना पकाउन समस्या देखिएको छ।

कतिपय बाढीपीडित सुरक्षित स्थान खोज्दै आफन्तको शरणमा पुगेका छन्। केहिले सडक किनारलाई नै खाना पकाउने स्थलको रूपमा प्रयोग गरिरहेका छन्।

## बाढीपीडितको उद्धार गर्न एमालेको माग

काठमाडौं, (नेस)

नेकपा एमालेले सप्तरी जिल्लाका विभिन्न स्थानमा भएको डुबान, कटान र त्यसबाट प्रभावित भएकाहरूको तत्काल उद्धार गरी उचित राहत प्रदान गर्न सरकारसँग माग गरेको छ। बाढीमा परी सशस्त्र प्रहरीका हवल्दार सुमन आचार्यको निधन भएको छ भने करिब १ हजार ५ सय घर डुबानमा परी स्थानीय बासिन्दा विस्थापित भएको घटनाप्रति एमालेले गहिरो दुःख व्यक्त गर्दै सप्तकोशी नगरपालिकाको बुचही गाउँमा त्रिजुगाको पानी थुनिएर क्षति पुऱ्याइरहेकाले स्थानीय बासिन्दालाई बचाउन बाँधको उचित व्यवस्था गर्न माग गरेको छ।

एमालेका महासचिव ईश्वर पोखरलेद्वारा जारी विज्ञप्तिमा बाढीबाट पीडित नागरिकलाई तत्काल उद्धार गरी बसोबासको प्रबन्ध मिलाउन सरकारसँग माग गरेको गर्नुभएको छ।

हरेक वर्ष जस्तो बाढीका कारण हुने डुबान र कटानको समस्या समधानका लागि दीर्घकालीन सोचका साथ त्यस क्षेत्रमा विशेष ध्यान पुऱ्याउन आवश्यक रहेको बताउँदै विज्ञप्तिमा बस्ती तथा खेतीयोग्य जमिनलाई क्षति पुऱ्याउने सम्भावित खोलाहरूमा उचित तटबन्ध गरेर सुरक्षित बनाउन र तराई-मधेसका यस्ता बस्तीहरूको पहिचान गरी दीर्घकालीन योजनाका साथ काम गर्न सरकारसँग माग गर्नुभएको छ।

## समर्थन जुटाउने महराको पहल

काठमाडौं, (नेस)

संयुक्त राष्ट्र संघको मानव अधिकार काउन्सिल सदस्यमा नेपालले दिएको उम्मेदवारीको पक्षमा समर्थन जुटाउन उपप्रधान एवं परराष्ट्रमन्त्री कृष्णबहादुर महरा आइतबार भारतको नयाँदिल्ली पुग्नुभएको छ।

यही सिलसिलामा उहाँ दिल्लीबाट नेपाल नियाल्ने विभिन्न मुलुकका गैरआवासिय राजदूतहरूसँग आइतबार साँझ अनौपचारिक सामूहिक भेटवार्तासहित डिनर मिटिङमा सामेल हुनुभएको थियो। गैरआवासीय राजदूतहरूसँगको औपचारिक बैठक भने आज सोमबार दिउँसोका लागि तय गरिएको परराष्ट्र मन्त्रालयले जनाएको छ। सो बैठकमा महराले गैरआवासिय दूतहरूलाई नेपालको उम्मेदवारीका पक्षमा सहयोग गर्न आग्रह गर्ने बताइएको छ।

हाल विभिन्न ८९ मुलुकका राजदूतले दिल्लीबाट नेपालको समेत जिम्मेवारी सम्हाल्दै आएका छन्। नेपालले राष्ट्र संघको मानव अधिकार काउन्सिल सदस्यमा सन् २०१८ देखि २०२० सम्मका लागि अस्थायी सदस्यताको उम्मेदवारी दिएको छ। परिषद्को निर्वाचन आगामी नोभेम्बरमा हुँदै छ।

गैरआवासीय दूतहरूसँगको जमघट र बैठकमा मन्त्री महराले नेपालमा ती मुलुकहरूको लगानी भित्र्याउनसमेत आग्रह गर्ने परराष्ट्र स्रोतले जनाएको छ।

मन्त्री महरा भारतीय समकक्षी सुष्मा स्वराजको औपचारिक निमन्त्रणामा दिल्ली पुग्नुभएको हो। महरा-स्वराजको भेटवार्ता भने सोमबार साँझका लागि तय भएको दिल्लीस्थित नेपाली दूतावासले जनाएको छ। सो भेटवार्ता मुख्यतया प्रधानमन्त्री शेरबहादुर देउवाले गर्ने भनिएको भारत भ्रमणको तयारीका साथै कूटनीतिक सम्बन्ध विस्तारमा केन्द्रित हुने बताइएको छ। महराको अहिलेको भ्रमणको क्रममा अन्य राजनीतिक भेटवार्ता भने तय नभएको परराष्ट्रले जनाएको छ।

## दुर्घटनामा एकको मृत्यु ३९ घाइते

सिन्धुपाल्चोक, (नेस)

चौतारा साँगाचोक गढी नगरपालिका-११ बनदेउमा बा२ख २७०२ नम्बरको बस र बा६४प ३०२६ नम्बरको मोटरसाइकल आइतबार एक-आपसमा ठक्कर खाँदा भएको दुर्घटनामा १ जनाको मृत्यु भएको भने अन्य ३९ जना घाइते भएका छन्। दुर्घटनामा बस र मोटरसाइकलमा सवार ६ जना गम्भीर र २४ जना सामान्य घाइते भएकोमा गढी नगरपालिका-१३ बस्ने सुभाष नेपालीको छोरी ५ वर्षीया सृजना नेपालीको धुलिखेल अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो। घाइतेमध्ये ६ जनालाई थप उपचारका लागि बी एन्ड बी अस्पताल ललितपुर पठाइएको छ।

बसका चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ भने मोटरसाइकल चालक घाइते भएकाले उपचारका लागि धुलिखेल पठाइएको छ।

## खोटाङका १० वटै स्थानीय तहको मतपरिणाम सार्वजनिक

खोटाङ, (नेस)

दुई नगर तथा आठ गाउँपालिका रहेको खोटाङका सबै स्थानीय तहको मत परिणाम सार्वजनिक भएको छ। स्थानीय तहको निर्वाचनबाट आएको अन्तिम मतपरिणामअनुसार एमालेले एक नगरपालिकासहित ५ तहमा विजय हासिल गरेको छ।

दोस्रो स्थानमा आएको कांग्रेसले एक नगरपालिका सहित ४ र तेस्रो बनेको माओवादी केन्द्रले १ तहमा जित हासिल गरेका छन्। रूपाकोट मझुवागढी नगरपालिका, खोटेहाङ गाउँपालिका, जन्तेढुंगा गाउँपालिका, लामीडाँडा गाउँपालिका र केपिलासगढी गाउँपालिकामा एमाले विजयी भएको हो। यस्तै, कांग्रेसले हलेसी तुवाचुङ नगरपालिका, ऐंसेलुखर्क गाउँपालिका, दिप्रुङ गाउँपालिका र वराहपोखरी गाउँपालिकामा विजय हात पारेका हुन्। माओवादी केन्द्रले भने साकेला गाउँपालिकामा जितेको छ।

### बाढी-पहिरो...

त्यस्तै, याम्दी खोला बढ्दा पोखरा लेखनाथ महानगरपालिका वडा नम्बर १ सिमपानीमा लालीमान थापाको घरमा क्षति पुगेको छ। थापाको घरको तल्लो तलाको एउटा कोठामा बाढीको भल पस्दा त्यहाँ बस्दै आएका विस्थापित भएका छन् भने घरअगाडि बनाएको कटेज पूर्णरूपमा क्षतिग्रस्त भएको छ। पोखरामा शनिबार साँझदेखि आइतबार बिहानसम्म १ सय ९१ मिलिमिटर पानी परेको मौसम विभाग पोखरा शाखाले जनाएको छ।

मुगु संवाददाता वीरबहादुर बमका अनुसार खोलामा नुहाउँदै गरेको अवस्थामा माथिबाट आएको बाढीले बगाएर पूर्वी करान भेगको सेरोग गाढ भन्ने स्थानमा ३ जना बेपत्ता भएका छन्।

शनिबार बेलुकी मुगुम कार्मारोङ गाउँपालिकास्थित सेराग गाढमा नुहाउने क्रममा माथिदेखि आएको बाढीले वडा नम्बर ६ का १६ वर्षका उर्गिन लामा, सोही वडा निवासी २७ वर्षका कुनक्याप लामा र ४० वर्षका तेन्जिङ लामा बगेर बेपत्ता भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। तीन जना यार्सा टिपेर हिमालबाट फर्किएका र बाटोमा पर्ने सरोग गाढमा नुहाउँदै गर्दा तीनैजना बगेर मुगु कर्णालीमा बेपत्ता भएको प्रहरी चौकी पुलुलाई उद्धृत गर्दै जिल्ला प्रहरी कार्यालयले जनाएको छ। खोलाले बगाएर तीनैजनालाई कर्णाली नदीमा पुऱ्याएको र उनीहरूको खोजीकार्य भइरहेको जनाइएको छ। नदीको बहाव ठूलो र पानी धमिलो भएकाले बेपत्ताको खोजीकार्यमा असहजता भइरहेको बताइएको छ।

यस्तै प्यूठान संवाददाताका अनुसार प्यूठानमा पहिरोमा परेर १ जनाको मृत्यु भएको छ। दुर्गम गाउँ गौमुखी गाउँपालिका-३ रजवाराकी १६ वर्षीया तुलसा घर्ती शनिबार रातिदेखि बेपत्ता भएकामा आइतबार मृत अवस्थामा फेला परेकी छन्। पहिरोमा पुरिएका दुई जनाको उद्धार गरिएको छ।

त्यस्तै, सप्तरी संवाददाताका अनुसार तिलाठी कैलाडी गाउँपालिका-५ स्थित कोशी नहरमा डुबेर सशस्त्र प्रहरी बेस क्याम्प तिलाठी कैलाडीमा कार्यरत सशस्त्र प्रहरी सहायक हवल्दार सुमन आचार्यको शनिबार मृत्यु भएको छ। ड्युटीमा खटेको अवस्थामा उक्त नहरमा पानीको बहाव चेक गर्ने क्रममा शनिबार अचानक नहरमा डुबी बेपत्ता भएका आचार्यको खोजी गर्नेक्रममा नहरभित्र हिलोले पुरिएको अवस्थामा शव फेला परेको हो।

यस्तै रौतहट संवाददाताका अनुसार फतुवा विजयपुर गाउँपालिका-२ स्थित डुमरीया टोलमा बाटोको छेउमा खेल्ने क्रममा शनिबार पानी जमेको खाल्डोमा डुब्दा सोही ठाउँ बस्ने राजेश कुसुवाहकी छोरी ७ वर्षीया रेखा कुसुवाहा र छोरा ५ वर्षीय अनिकेट कुसुवाहको मृत्यु भएको छ।

घटनाका सम्बन्धमा स्थानीय प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको जनाइएको छ। धादिङ संवाददाताका अनुसार बेनीघाट रोराङ गाउँपालिका-३ स्थित त्रिशूली नदीको किनारमा हाल नाम, थर, वतन खुल्न नसकेका करिब ५५ वर्षीय पुरुष शनिबार मृत अवस्थामा फेला परेका छन्। घटनाका सम्बन्धमा स्थानीय प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको जनाइएको छ।

### कांग्रेस...

स्थानीय तहको निर्वाचनलाई पार्टीले सामान्यरूपमा बुझ्नु नै कमजोरी भएको भन्दै कार्यालयमा रहेका नेताहरूको आलोचना शुरु भएको छ।

संविधान जारी भएपछि भारतले गरेको नाकाबन्दीको क्रममा एमालेले अगाडि सारेको राष्ट्रवादको कारण आफ्नो पार्टीले स्थापित गराएको पहिचानको अधिकार छायाँमा परेको निष्कर्ष माओवादीले निकालेको छ।

'निर्वाचन जिताउनका लागि एमालेभित्र व्यक्ति र पार्टी नै लड्यो', एक नेताले भने- 'माओवादीभित्र केन्द्रीय कार्यालय जसरी लाग्नुपर्ने थियो, त्यो लागेको देखिएन।'

दोस्रो चरणको निर्वाचनमा परिणाम सुदृढ गर्ने माओवादीको दाबी असफल भएको छ। 'पहिलो चरणको निर्वाचनबाट अनुभव र शिक्षा लिएका थियौं', नेता थापाले भन्नुभयो- 'तर, कार्यकर्ताले मात्र लड्दा राम्रो परिणाम आउन सकेन।'

माओवादी केन्द्रको केन्द्रीय कार्यालयमा ३३ जना सदस्य रहेका छन्। स्थानीय तहको निर्वाचनमा केन्द्रीय नेताहरूको भूमिका प्रभावकारी नभएको र प्रचारप्रसारमा पार्टीले ध्यान दिन नसक्नु पनि हारको कारण रहेको भन्दै पार्टीभित्र विवाद शुरु भएको छ।

'प्रदेश र केन्द्रको निर्वाचनमा भोट बिग्रिएला भनेर कार्यालयका नेताहरू नै स्थानीय तहको निर्वाचनमा गम्भीरताका साथ लाग्नुभएन', नेता थापाले भन्नुभयो- 'पार्टीलाई जिताउन लाग्नुपर्ने केही नेताहरूमा अवसरवाद देखियो।'

### ब्याडमै...

यसैबीच पर्साको ठोरी, सौझौता, निर्मलबस्तीलगायतका केही स्थानका कृषकले पानी नपर्दा अहिलेसम्म धानको बीउ राख्न पाएका छैनन्। धानको बीउ राख्न खनजोत गरी ब्याड तयार गरी राखे पनि पानी नपर्दा धान छर्न नपाएको स्थानीय कृषक कृष्ण पौडेलले दुःखेसो पोखे। धान रोपिसक्ने समयमा ठोरीका कृषकहरूले धानको बीउसमेत छर्न नपाएपछि चिन्तित बनेका छन्। खेडेरीका कारण ठोरीका मकै किसानलाईसमेत असर परेको छ। भर्खर घोगा लाग्न शुरु भएको मकैको बोट सुक्न थालेपछि उत्पादनमा ह्रास आउने भन्दै यस क्षेत्रका किसान चिन्तित बनेका हुन्। समयमा रोपाइँ गर्न नपाउँदा र रोपिएको बालीसमेत जंगली जनावरले सिध्याउने गरेका कारण ठोरीका कृषकले नेपाल समाचारपत्रसँग गुनासो गरे- 'हाम्रो दिन कहिले आउला ?'

जिल्ला कृषि विकास कार्यालय पर्साका अनुसार हालसम्म पर्सामा जम्मा २० प्रतिशत मात्रै धान रोपाइँ कार्य सम्पन्न भएको छ। वर्षाको अभावमा समयमा धान रोपाइँ कार्य हुन नसकेकोमा भने किसानले चिन्ता जनाएका छन्। लगाइएको धानको बीउसमेत ब्याडमा नै सुक्न थालेपछि कृषक चिन्तामा परेका छन्। तर, धान भने असारको अन्तिम सातासम्ममा रोपे पनि फरक नपर्ने कृषि प्राविधिकहरूले बताएका छन्।



# अर्थ

2017, JULY
Monday
3

हेटल समूहमा शून्य दशमलब ३३ अंक र अन्य समूहमा भने २ दशमलब ६१ अंकको सुधार आए। आइतबार सबैभन्दा धेरै कारोबार नेपाल लाइफ इन्स्योरेन्स कम्पनीको भयो।


ज्योति
हिमाल स्टील आजको भाउ

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७७.८५ | ७६.८५ | ७९.३५ | ७८.३५ | ७५.३५ | ७७.८५ | ७७.६५ | ८७.२२ |
| बीरगंज | ७५.९५ | ७४.९५ | ७७.४४ | ७६.४५ | ७३.४५ | ७५.९४ | ७५.७५ | ८५.४२ |
| विराटनगर | ७६.४५ | ७५.४५ | ७७.९४ | ७६.९५ | ७३.९५ | ७६.४४ | ७६.२५ | ८६.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • ५०० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।

RHINO GUARANTEED DUCTILITY Fe 500D

बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरू | राईनो स्टील | | | |
|---|---|---|---|---|
| | ८ एम.एम | १०-२० एम.एम | २५ एम.एम | २८-३२ एम.एम |
| काठमाडौं, भक्तपुर, ललितपुर, बनेपा | ७८ | ७५ | ७८ | ७८ |
| सिमरा, वीरगञ्ज, कलैया, हेटौंडा | ७६/४० | ७३/४० | ७६/४० | ७६/४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ७७ | ७४ | ७७ | ७७ |
| लाहान, विराटनगर, धरान, इटहरी, बुटवल, भैरहवा, कृष्णनगर | ७७ | ७४ | ७७ | ७७ |
| विर्तामोड, दमक, नेपालगञ्ज, धनगडी | ७८ | ७५ | ७८ | ७८ |
| पोखरा, स्याङ्जा | ७८ | ७५ | ७८ | ७८ |

नोटः उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के. जी. अन्तशुल्क र १३% मु.अ.कर थप लाग्नेछ ।

नेपालमा पहिलो पटक, नेपालकै लागि

NS:191 IS : 1786

Available at Samakhushi (01-4384786), Swayambhu (9841356008), Satungal (9841687562), Dhumbarai (01-446169) Sanepa ( 01-5525049 / 01-5555259), Bhaktapur (01-6616205), Banepa (9851054994), Pokhara (9845494757), Gwarko (01-5200333, 9851027694), Dakshindhoka, Jorpati (9851007467)

नेपालको नं. 1
मारुती सिमेन्ट
हामी बनाउँदैछौं नेपाललाई...

SAURABH GROUP
नेपालकै एक मात्र
EUROPEAN VRM MACHINE बाट उत्पादित
सर्वोत्तम सिमेन्ट
सर्वोत्तम भविष्य


# लगानीकर्ता त्रसित हुँदा नेप्सेमा गिरावट

**नेपाल समाचारपत्र**

काठमाडौं

भ्याटको विवादका कारण बन्द भएको शेयर बजार आइतबारबाट खुलेको छ। शेयर ब्रोकरहरूले अर्थ मन्त्रालयबाट केही दिनमै भ्याट विषयमा स्पष्ट पार्ने आश्वासन पाएलगतै शेयर बजारको कारोबार सुचारु गरेका हुन्।

शेयर कारोबारमा भ्याट लाग्ने बिषयमा विवाद हुँदा लगानीकर्ता सशंकित भएका छन्। लगानीकर्तामा त्रास उत्पन्न भएका कारण आइतबार कारोबार सुचारु हुँदा परिसूचकमा भारी गिरावट आएको छ। परिसूचक नकारात्मक हुने क्रममा साताको पहिलो दिन नेप्से २१ दशमलब ९९ अंकले घटेको हो। आइतबार १ हजार ५ सय ६३ दशमलब ८१ को विन्दुबाट शुरू भएको शेयर कारोबार १ दशमलब ४१ प्रतिशतले ओरालो लाग्दै १ हजार ५ सय ४१ दशमलब ८२ मा आएर रोकियो।


परिसूचक घटे पनि आइतबार कारोबार रकममा भने वृद्धि आयो। आइतबार शेयर बजारमा १ सय ४८ कम्पनीका कुल ९ लाख ३१ हजार ९ सय ७५ कित्ता शेयर ५६ करोड ७७ लाख १६ हजार ५ सय ९८ रुपियाँमा कारोबार भए। कारोबार रकम अघिल्लो साताको अन्तिम दिन बुधबारभन्दा १४ दशमलब २६ रुपियाँ कम हो। बुधबार बजारमा ४९ करोड ६८ लाख ७६ हजार ६ सय ५१ रुपियाँको कारोबार भएको थियो।

परिसूचक ओरालो लाग्दा आइतबार कारोबारमा आएका ८ मध्ये ६ समूह ओरालो लागेका छन्। आइतबार बीमा समूहमा सबैभन्दा धेरै १ सय २९ दशमलब ६६ अंकको गिरावट आयो। त्यस्तै विकास बैंक, जलविद्युत्, बैंकिङ र उत्पादनमूलक समूहमा क्रमशः ३० दशमलब २१, २५ दशमलब ४२, २२ दशमलब ८७ र २० दशमलब ६८ अंकले ओरालो लाग्यो। आइतबार वित्त समूह पनि ६ दशमलब ५२ अंकले घट्यो।

आइतबार होटल समूहमा शून्य दशमलब ३३ अंक र अन्य समूहमा भने २ दशमलब ६१ अंकको सुधार आए। आइतबार सबैभन्दा धेरै कारोबार नेपाल लाइफ इन्स्योरेन्स कम्पनीको भयो। कम्पनीका २५ हजार ३ सय २२ कित्ता शेयर कूल ५ करोड ६ लाख ४५ हजार ५ सय ९६ रुपियाँमा कारोबार भए। कारोबार रकमका आधारमा आइतबार स्ट्यान्डर्ड चार्टर्ड बैंक र हिमालयन जनरल इन्स्योरेन्स कम्पनी क्रमशः दोस्रो र तेस्रो स्थानमा रहे।

आइतबार पोखरा फाइनान्सका लगानीकर्ताले सबैभन्दा धेरै कमाए। कम्पनीको शेयर मूल्य सर्वाधिक १० प्रतिशतले बढ्दा एभरेस्ट बैंक कन्भर्टिवल प्रिफरेन्सका लगानीकर्ताले सबैभन्दा धेरै शेयर मूल्यको ९ दशमलब शून्य ९ प्रतिशत गुमाए।

# फेरि पेट्रोलियम पदार्थको मूल्य घट्यो




काठमाडौं, (नेस)

पेट्रोलियम पदार्थ तथा खाना पकाउने एलपी ग्यासको मूल्य घटेको छ। नेपाल आयल निगमले आइतबार राति १२ बजेदेखि लागू हुने गरी पेट्रोल, डिजल र मट्टितेलको मूल्यमा प्रतिलिटर २ रुपियाँ घटाएको हो।

मूल्य घटेपछि प्रतिलिटर १ सय रुपियाँ पर्ने पेट्रोल अब ९८ रूपैयाँमै पाइने छ। त्यस्तै डिजेल र मट्टितेलको मूल्य प्रतिलिटर ७६ रुपियाँ पर्ने गरेकोमा अब ७४ रुपियाँमा नै पाइने भएको छ।

बजारमा खाना पकाउने ग्यासको मूल्य पनि प्रतिसिलिन्डर २५ रुपियाँले घटेको छ। अब उपभोक्ताले १ सिलिन्डर ग्यासको खरिद गर्न १ हजार ३ सय ५० रुपियाँ मात्र तिरे पुग्छ। आइतबार राति १२ बजेदेखि लागू भएको नयाँ मूल्य अनुसार आन्तरिक हवाई इन्धनको मूल्य प्रतिलिटर ४ रुपियाँले घटेर ८२ रुपियाँमा झरेको छ। निगमले पेट्रोलियम पदार्थमा मूल्य समायोजन गर्दा पनि निगमलाई मासिक ४० करोड रुपियाँ नाफा हुने निगमस्रोतले जनाएको छ।

अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्यमा गिरावट आएपछि नेपालमा पेट्रोलियम पदार्थ आपूर्ति गर्दै आएको भारतीय आयल निगमले नेपाल आयल निगमलाई नयाँ मूल्यसूची पठाएको थियो। भारतीय आयल निगमले नेपाल आयल निगमलाई प्रत्येक महिनाको १ तारिख र १५ तारिखमा नयाँ मूल्य पठाउने गर्छ। त्यसकै आधारमा निगमले मूल्य समायोजन गरेको हो। यसअघि असार २ गते पनि आयल निगमले पेट्रोलियम पदार्थको मूल्य समायोजन गरेको थियो।

मूल्य समायोजनपछि पनि निगमलाई पेट्रोलमा प्रतिलिटर ७ रुपियाँ ३० पैसा, डिजेलमा प्रतिलिटर १ रुपियाँ ५० पैसा, मट्टितेलमा १८ रुपियाँ र हवाई इन्धनमा १० रुपियाँ तथा एलपी ग्यासमा प्रतिसिलिन्डर ३९ रुपियाँ नाफा हुने बताइएको छ।

## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग
२०७४ असार १९ जुलाई ३ २०१७

खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रुपियाँ १०० का रु. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रु. | १०३।०३ | १०३।६३ |
| युरो १ का रु. | ११७।७० | ११८।३८ |
| पाउन्ड स्टर्लिङ १ का रु. | १३४।२० | १३४।९९ |
| स्विस फ्रन्क १ का रु. | १०७।५१ | १०८।१४ |
| अस्ट्रेलियन डलर १ का रु. | ७९।२३ | ७९।७० |
| क्यानाडियन डलर १ का रु. | ७९।४७ | ७९।९३ |
| सिङ्गापुर डलर १ का रु. | ७४।८५ | ७५।२९ |
| जापानी यन १० का रु. | ९।१७ | ९।२२ |
| चिनियाँ युआन १ का रु. | १५।१९ | १५।२८ |
| साउदी अरब रियाल १ का रु. | २७।४७ | २७।६३ |
| कतारी रियाल १ का रु. | २७।५९ | २७।७६ |
| थाई भाट १ का रु. | ३।०४ | ३।०५ |
| सं. अरब इमिरट दिराम १ का रु. | २८।०५ | २८।२२ |
| मलसियन रिङ्गिट १ का रु. | २४।०० | २४।१४ |
| दक्षिण कारियन वन १०० का रु. | ८।९९ | ९।०५ |

खरिद दर

| | |
|---|---|
| स्विडिस क्रोनर १ का रु. | १२।२२ |
| डनिस क्रोनर १ का रु. | १५।८३ |
| हङकङ डलर १ का रु. | १३।२० |

नोटः वर्तमान व्यवस्था अन्तर्गत वणिज्य बैङ्कहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# विश्वका धेरै कमाउने सेलिब्रेटी

**नेपाल समाचारपत्र**

काठमाडौं

विभिन्न क्षेत्रमा ख्याती कमाएका सेलिब्रेटीहरूले वार्षिक रूपमा कति कमाउँछन् होला भनेर सबैमा कौतुहलता रहन्छ। चर्चित अन्तर्राष्ट्रिय पत्रिका फोर्ब्सले धेरै कमाउने चर्चित सेलिब्रेटीहरूको सूची तयार पारेको छ। जसअनुसार धेरै कमाउने सेलिब्रेटीहरूमा संगीत क्षेत्रबाट नै बढी देखिएको छ।

### सेन जोन कोम्ब्स, म्युजिसियन

४७ वर्षीय म्युजिसियन कोम्ब्सले सन् १९९३ मा संगीत कम्पनी ब्याड ब्याई इन्टरटेन्मेन्ट खोलेका थिए। अमेरिकी नागरिक कोम्ब्स हावर्ड विश्वविद्यालयबाट ड्रप आउट विद्यार्थी हुन्। गायक, संगीतकार तथा निर्माता कोम्ब्सले वार्षिक १ सय ३० मिलियन डलर कमाउने गरेका छन्। कोम्ब्सले हालसम्म ३ वटा ग्रामी अवार्ड जितिसकेका छन्।

### बियोन्स नोलेज, गायिका

धेरै कमाउने सेलिब्रेटीको दोस्रो स्थानमा अमेरिकी नायिका, गायिका तथा गीत लेखिका बियोन्स नोलेज रहेकी छन्। नोलेजले वार्षिक १ सय ५ मिलियन अमेरिकी डलर कमाउँछिन्। ३५ वर्षीया गायिकाले अमेरिकाको लस एन्जेलसबाट हाईस्कुलसम्मको शिक्षा लिएकी छन्। नोलेजका डेन्जरस इन लभ, ड्रिम गर्ल, लेमोनेडलगायत एल्बम विश्वभरीमा नै सर्वाधिक रुचाइएका र बिक्री वितरण भएका एल्बममा पर्दछन्।

### जे. के रोलिङ, लेखिका

उमेर ५१ वर्षीया लेखिका रोलिङको पुस्तक लेखन नै सम्पत्तिको स्रोत हो। रोलिङ फोर्ब्सको विश्वका अर्वपतिहरूको सूचीमा १ हजार १ सय ४०औं स्थानमा र विश्वका शक्तिशाली महिलाको सूचीमा १३औं स्थानमा छिन्। विश्वका वार्षिक रूपमा धेरै कमाउने सेलिब्रेटीको सूचीमा उनी ९५ मिलियन अमेरिकी डलर सहित तेस्रो स्थानमा छिन्। बेलायती उपन्यासकार रोलिङका जादुमयी पुस्तकहरू ह्यारी पोर्टर र द क्रस्ड चाइल्ड सन् २०१६ सम्ममा ४ दशमलब ५ मिलियन प्रति बिक्री भएका छन्। रोलिङको पछिल्लो चलचित्र फेन्टास्टिक बिस्टस् एन्ड होयर टु फाइन्ड देमले पनि बक्स अफिसमा राम्रो छाप छोडेको थियो।

### ड्र्याक ग्राहम, म्युजिसियन

धनी सेलिब्रेटीको सूचीको चौंथो नम्बरमा रहेका ३० वर्षीय ड्र्याकले वार्षिक ९४ मिलियन अमेरिकी डलर कमाउँछन्। अविवाहित क्यानडेली गायक ड्र्याकले गीत लेखक, निर्माता तथा नायकको रूपमा पनि प्रसिद्धि कमाएका छन्। खासमा त ड्र्यागले आफ्नो करिअरको शुरूआत किशोर किशोरलाई लक्षित गरी बनाइएको टेलिभिजन सिरियल डेग्रासी : द नेक्स्ट जेनेरेसनबाट गरेका हुन्। ड्राकले सन २०१० मा थ्यांन्क कि लेटर नामको गीत सार्वजनिक गरे र जुन विश्वभर चर्चित बन्यो।

### क्रिस्टियानो रोनाल्डो, खेलाडी

धेरै कमाउने सेलिब्रेटीको उत्कृष्ट १० भित्र खेल जगतबाट पर्ने रोनाल्डो एकमात्र व्यक्ति हुन्। सन् २०१७ मा चौंथौपटक फिफा बालोन डिओर घोषणा भएका फुटबलर क्रिस्टियानो रोनाल्डो खेल जगतका सबैभन्दा महँगो खेलाडीसमेत हुन्। वार्षिक ९३ मिलियन अमेरिकी डलर कमाउने पोर्चुगलका नागरिक रोनाल्डो पोर्चुगलको राष्ट्रिय टिम र स्पेनिस फुटबल क्लब रियल मड्रिटसँग आबद्ध छन्। रोनाल्डोले ४ पटक युरेपियन गोल्डेन सुज समेत जितेका छन्।

### द विकेन्ड, म्युजिसियन

गायन क्षेत्रमा प्रसिद्धी कमाएका २७ वर्षीय विकेन्डको वास्तविक नाम अबेल म्याक्कोनेन टेस्फाय हो। द विकेन्ड विश्वका महँगा र धेरै कमाउने सेलिब्रेटी सूचीको छौंठौ नम्बरमा रहेका छन्। क्यानडेली नागरिक विकेन्डले कमाई वार्षिक रूपमा ९२ मिलियन अमेरिकी डलर रहेको छ। सन् २०१० मा विभिन्न गीत गाएर युट्युवमा द विकेन्ड नामबाट अपलोट गरेपछि ती गीत र आवाजलाई मानिस ले अत्याधिक रुचाएका थिए। युट्युव मार्फत चर्चित बनेपछि उनले सन् २०११ मा हाउस अफ ब्यालोन, थर्स्टडे, र इथोज अफ साइलेन्स गरी ३ वटा एल्बम सार्वजनिक गरे। त्यसपछि उनले द विकेन्डमार्फत् नै ख्याति पाए।

### होवर्ड स्ट्रेन, रेडियो कार्यक्रम प्रस्तोता

स्ट्रेनको रेडियो सञ्चालन गर्ने तरिका र विषयवस्तु एकदमै कन्ट्रोभर्सियल मानिन्छ भने विभिन्न स्टेज प्रोग्रामहरूमा जजको भूमिकामा पनि देखिने गरेका छन्। ९० मिलियन अमेरिकी डलर वार्षिक रूपमा कमाउने अमेरिकी नागरिक स्ट्रेनले बोस्टन युनिभर्सिटीबाट ब्याचलर अफ् आर्टस् गरेका छन्। उनको सम्पत्तिको स्रोत रेडियो कार्यक्रम सञ्चालन गरेर नै हो।

(**विभिन्न समाचार एजेन्सीहरूको सहयोगमा**)

# SHARE MARKET

**2 JULY SUNDAY, 2017**

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 14946.00 | 430.00 | 419.00 | 428.00 | 0.00 |
| 2 | Api Power Company Ltd. | 1793.00 | 550.00 | 535.00 | 549.00 | 2.00 |
| 3 | Arun Finance Limited | 430.00 | 190.00 | 187.00 | 190.00 | -3.00 |
| 4 | Arun Kabeli Power Ltd. | 3952.00 | 420.00 | 405.00 | 410.00 | -11.00 |
| 5 | Arun Valley Hydropower Dev. Co. Ltd. | 3841.00 | 265.00 | 258.00 | 263.00 | -5.00 |
| 6 | Asian Life Insurance Co. Limited | 1760.00 | 1485.00 | 1450.00 | 1450.00 | -36.00 |
| 7 | Bank of Kathmandu Ltd. | 17371.00 | 456.00 | 443.00 | 448.00 | -8.00 |
| 8 | Barun Hydropower Co. Ltd. | 60.00 | 265.00 | 261.00 | 265.00 | 4.00 |
| 9 | Bhargav Bikash Bank Ltd. | 500.00 | 297.00 | 297.00 | 297.00 | -6.00 |
| 10 | Bottlers Nepal (Terai) Limited | 130.00 | 6200.00 | 6080.00 | 6200.00 | 1.00 |
| 11 | Butwal Power Company Limited | 2495.00 | 628.00 | 616.00 | 621.00 | -19.00 |
| 12 | Central Finance Co. Ltd. | 759.00 | 169.00 | 166.00 | 166.00 | -3.00 |
| 13 | Century Commercial Bank Ltd. | 7993.00 | 370.00 | 360.00 | 363.00 | -7.00 |
| 14 | Chhimek Laghubitta Bikas Bank Limited | 2397.00 | 1522.00 | 1502.00 | 1503.00 | -19.00 |
| 15 | Chilime Hydropower Company Limited | 3374.00 | 810.00 | 795.00 | 800.00 | -5.00 |
| 16 | Citizen Bank International Limited | 11406.00 | 380.00 | 370.00 | 373.00 | -7.00 |
| 17 | Citizen Investment Trust | 777.00 | 4070.00 | 4030.00 | 4030.00 | -70.00 |
| 18 | Civil Bank Ltd | 10842.00 | 242.00 | 236.00 | 237.00 | -3.00 |
| 19 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 50.00 | 1292.00 | 1292.00 | 1292.00 | -26.00 |
| 20 | Deprosc Development Bank Limited | 1440.00 | 1294.00 | 1269.00 | 1269.00 | -25.00 |
| 21 | Deva Bikas Bank Limited | 5773.00 | 267.00 | 259.00 | 260.00 | -12.00 |
| 22 | Dibyashwori Hydropower Ltd. | 106.00 | 215.00 | 214.00 | 215.00 | 1.00 |
| 23 | Everest Bank Limited | 12601.00 | 1370.00 | 1322.00 | 1323.00 | -42.00 |
| 24 | Everest Bank Limited Con. Pref. | 830.00 | 1009.00 | 891.00 | 900.00 | -90.00 |
| 25 | Everest Insurance Co. Ltd. | 8427.00 | 2430.00 | 2274.00 | 2282.00 | -160.00 |
| 26 | Excel Development Bank Ltd. | 650.00 | 640.00 | 616.00 | 616.00 | -24.00 |
| 27 | First Micro Finance Dev. Bank Ltd. | 1023.00 | 1000.00 | 971.00 | 995.00 | -12.00 |
| 28 | Forward Com. Mic. Bittiya Sanstha Ltd. | 26.00 | 1901.00 | 1901.00 | 1901.00 | 37.00 |
| 29 | Garima Bikas Bank Limited | 3004.00 | 294.00 | 290.00 | 293.00 | -4.00 |
| 30 | Global IME Bank Limited | 15227.00 | 383.00 | 373.00 | 373.00 | -8.00 |
| 31 | Goodwill Finance Co. Ltd. | 539.00 | 211.00 | 207.00 | 210.00 | -5.00 |
| 32 | Green Development Bank Ltd. | 130.00 | 630.00 | 626.00 | 626.00 | -12.00 |
| 33 | Guheshowori Mer. Bank & Fin. Co. Ltd. | 100.00 | 258.00 | 258.00 | 258.00 | 5.00 |
| 34 | Gurans Life Insurance Company Ltd. | 1129.00 | 1024.00 | 1000.00 | 1000.00 | -28.00 |
| 35 | Guras Life Insurance Co. Ltd. Pro. Share | 8525.00 | 558.00 | 527.00 | 527.00 | -42.00 |
| 36 | Gurkhas Finance Ltd. | 101.00 | 188.00 | 186.00 | 186.00 | -2.00 |
| 37 | Hamro Bikas Bank Ltd. | 1460.00 | 234.00 | 215.00 | 220.00 | -14.00 |
| 38 | Himalayan Bank Limited | 1928.00 | 890.00 | 862.00 | 870.00 | -20.00 |
| 39 | Himalayan General Insurance Co. Ltd | 41438.00 | 760.00 | 704.00 | 719.00 | 28.00 |
| 40 | ICFC Finance Limited | 2845.00 | 276.00 | 270.00 | 276.00 | -5.00 |
| 41 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 13821.00 | 198.00 | 190.00 | 195.00 | 0.00 |
| 42 | Janaki Finance Ltd. | 1994.00 | 254.00 | 249.00 | 249.00 | -4.00 |
| 43 | Janata Bank Nepal Ltd. | 18694.00 | 270.00 | 255.00 | 262.00 | -3.00 |
| 44 | Janautthan Sam. Lag. Bikas Bank Ltd. | 280.00 | 3055.00 | 3050.00 | 3054.00 | -56.00 |
| 45 | Jebils Finance Ltd. | 359.00 | 247.00 | 247.00 | 247.00 | -5.00 |
| 46 | Jyoti Bikas Bank Limited | 3220.00 | 210.00 | 200.00 | 201.00 | -12.00 |
| 47 | Kabeli Bikas Bank Limited | 58.00 | 539.00 | 529.00 | 529.00 | -20.00 |
| 48 | Kailash Bikas Bank Ltd. | 2768.00 | 324.00 | 317.00 | 322.00 | 0.00 |
| 49 | Kalika Microcredit Dev. Bank Ltd. | 200.00 | 1723.00 | 1690.00 | 1690.00 | -10.00 |
| 50 | Kankai Bikas Bank Ltd. | 14976.00 | 560.00 | 510.00 | 511.00 | -44.00 |
| 51 | Karnali Development Bank Limited | 1307.00 | 295.00 | 290.00 | 290.00 | -10.00 |
| 52 | Khanikhola Hydropower Co. Ltd. | 554.00 | 209.00 | 202.00 | 204.00 | -3.00 |
| 53 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 118.00 | 2750.00 | 2750.00 | 2750.00 | -56.00 |
| 54 | Kumari Bank Limited | 15041.00 | 323.00 | 316.00 | 321.00 | -1.00 |
| 55 | Laxmi Bank Limited | 7728.00 | 396.00 | 379.00 | 379.00 | -14.00 |
| 56 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 373.00 | 1863.00 | 1840.00 | 1863.00 | -3.00 |
| 57 | Life Insurance Co. Nepal | 895.00 | 2010.00 | 1990.00 | 1990.00 | -11.00 |
| 58 | Lumbini General Insurance Co. Ltd. | 3449.00 | 960.00 | 925.00 | 940.00 | -30.00 |
| 59 | Machhapuchhre Bank Limited | 18875.00 | 364.00 | 344.00 | 345.00 | -12.00 |
| 60 | Mahila Sah. Mic. Bittiya Sanstha Ltd. | 457.00 | 1205.00 | 1170.00 | 1170.00 | -35.00 |
| 61 | Manjushree Finance Ltd. | 630.00 | 159.00 | 157.00 | 159.00 | -1.00 |
| 62 | Mero Microfinance Bittiya Sanstha Ltd. | 925.00 | 2290.00 | 2216.00 | 2218.00 | -32.00 |
| 63 | Mirmire Microfinance Dev. Bank Ltd. | 505.00 | 2175.00 | 2092.00 | 2142.00 | -76.00 |
| 64 | Miteri Development Bank Limited | 779.00 | 510.00 | 500.00 | 501.00 | -15.00 |
| 65 | Mithila LaghuBitta Bikas Bank Ltd. | 30.00 | 1300.00 | 1300.00 | 1300.00 | -26.00 |
| 66 | Muktinath Bikas Bank Ltd. | 9264.00 | 936.00 | 925.00 | 928.00 | -18.00 |
| 67 | Muktinath Bikas Bank Ltd. Pro. Share | 40000.00 | 490.00 | 490.00 | 490.00 | 0.00 |
| 68 | Nabil Balance Fund 1 | 5395.00 | 19.26 | 19.23 | 19.25 | -0.25 |
| 69 | Nabil Bank Limited | 3363.00 | 1499.00 | 1460.00 | 1479.00 | -20.00 |
| 70 | NABIL Bank Limited Promotor Share | 6894.00 | 1071.00 | 1050.00 | 1057.00 | -15.00 |
| 71 | Nabil Equity Fund | 5299.00 | 9.80 | 9.45 | 9.80 | -0.01 |
| 72 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 21.00 | 3299.00 | 3299.00 | 3299.00 | 64.00 |
| 73 | National Life Insurance Co. Ltd. | 6039.00 | 2259.00 | 2225.00 | 2225.00 | -35.00 |
| 74 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 371.00 | 2280.00 | 2250.00 | 2280.00 | 20.00 |
| 75 | NB Insurance Co. Ltd. | 740.00 | 985.00 | 951.00 | 951.00 | -53.00 |
| 76 | Neco Insurance Co. Ltd. | 10961.00 | 970.00 | 947.00 | 955.00 | -29.00 |
| 77 | Nepal Bangladesh Bank Limited | 20882.00 | 396.00 | 389.00 | 395.00 | 1.00 |
| 78 | Nepal Bank Limited | 50643.00 | 336.00 | 326.00 | 334.00 | -1.00 |
| 79 | Nepal Credit And Co. Bank Limited | 25607.00 | 372.00 | 360.00 | 362.00 | -10.00 |
| 80 | Nepal Doorsanchar Comapany Limited | 38965.00 | 665.00 | 660.00 | 665.00 | 3.00 |
| 81 | Nepal Grameen Bikas Bank Ltd. | 2708.00 | 744.00 | 735.00 | 735.00 | -24.00 |
| 82 | Nepal Insurance Co. Ltd. | 1942.00 | 1447.00 | 1415.00 | 1422.00 | -26.00 |
| 83 | Nepal Investment Bank Limited | 17201.00 | 749.00 | 728.00 | 731.00 | -13.00 |
| 84 | Nepal Investment Bank Ltd. Pro. Share | 6175.00 | 629.00 | 620.00 | 622.00 | -2.00 |
| 85 | Nepal Life Insurance Co. Ltd. | 25322.00 | 2010.00 | 1993.00 | 2005.00 | -40.00 |
| 86 | Nepal Life Insurance Co. Ltd. Promoter | 3750.00 | 1390.00 | 1390.00 | 1390.00 | 0.00 |
| 87 | Nepal SBI Bank Limited | 3502.00 | 918.00 | 908.00 | 908.00 | -17.00 |
| 88 | Nerude Laghubita Bikas Bank Limited | 3980.00 | 1250.00 | 1240.00 | 1250.00 | -20.00 |
| 89 | Ngadi Group Power Ltd. | 905.00 | 275.00 | 265.00 | 265.00 | -11.00 |
| 90 | NIBL Pragati Fund | 2779.00 | 9.70 | 9.52 | 9.52 | -0.08 |
| 91 | NIBL Samriddhi Fund 1 | 32000.00 | 11.60 | 11.40 | 11.49 | -0.26 |
| 92 | NIC Asia Bank Ltd. | 10121.00 | 435.00 | 422.00 | 427.00 | -9.00 |
| 93 | Nirdhan Utthan Bank Limited | 1119.00 | 1940.00 | 1902.00 | 1915.00 | -36.00 |
| 94 | NLG Insurance Company Ltd. | 948.00 | 1465.00 | 1436.00 | 1451.00 | -38.00 |
| 95 | NMB Microfinance Bittiya Sanstha Ltd. | 1136.00 | 2675.00 | 2653.00 | 2653.00 | -47.00 |
| 96 | NMB Bank Limited | 8005.00 | 540.00 | 530.00 | 530.00 | -10.00 |
| 97 | NMB Hybrid Fund L-1 | 1577.00 | 9.80 | 9.80 | 9.80 | -0.01 |
| 98 | NMB Sulav Investment Fund-1 | 2000.00 | 12.90 | 12.90 | 12.90 | 0.00 |
| 99 | Oriental Hotels Limited | 550.00 | 675.00 | 661.00 | 661.00 | -24.00 |
| 100 | Pokhara Finance Ltd. | 15504.00 | 264.00 | 244.00 | 264.00 | 24.00 |
| 101 | Prabhu Bank Limited | 25315.00 | 400.00 | 388.00 | 393.00 | -6.00 |
| 102 | Prabhu Bank Limited Promoter Share | 5656.00 | 190.00 | 190.00 | 190.00 | 3.00 |
| 103 | Prabhu Insurance Ltd. | 1165.00 | 1020.00 | 1000.00 | 1005.00 | -15.00 |
| 104 | Premier Insurance Co. Ltd. | 2617.00 | 1660.00 | 1627.00 | 1660.00 | 18.00 |
| 105 | Prime Commercial Bank Ltd. | 13749.00 | 405.00 | 399.00 | 399.00 | -9.00 |
| 106 | Prime Life Insurance Company Limited | 5017.00 | 2565.00 | 2530.00 | 2548.00 | -12.00 |
| 107 | Prudential Insurance Co. Ltd. | 2399.00 | 1400.00 | 1371.00 | 1380.00 | -30.00 |
| 108 | Purnima Bikas Bank Ltd. | 1695.00 | 300.00 | 292.00 | 295.00 | -11.00 |
| 109 | Rastriya Beema Company Limited | 10.00 | 13430.00 | 13430.00 | 13430.00 | -270.00 |
| 110 | Rastriya Beema Company Ltd Pro. Share | 20.00 | 11564.00 | 11333.00 | 11333.00 | -467.00 |
| 111 | Reliable Microfinance Bittiya Sanstha Ltd. | 281.00 | 1912.00 | 1837.00 | 1837.00 | -6.00 |
| 112 | Reliance Finance Ltd. | 537.00 | 216.00 | 208.00 | 210.00 | -2.00 |
| 113 | Ridi Hydropower Dev. Company Ltd. | 3684.00 | 205.00 | 199.00 | 200.00 | -3.00 |
| 114 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 898.00 | 2955.00 | 2900.00 | 2930.00 | 4.00 |
| 115 | Rural Microfinance Dev. Centre Ltd. | 1847.00 | 770.00 | 755.00 | 755.00 | -26.00 |
| 116 | Sagarmatha Insurance Co. Ltd. | 645.00 | 1383.00 | 1380.00 | 1382.00 | -18.00 |
| 117 | Sahayogi Bikas Bank Limited | 537.00 | 347.00 | 346.00 | 346.00 | -7.00 |
| 118 | Sana Kisan Bikas Bank Ltd | 1253.00 | 1510.00 | 1490.00 | 1500.00 | -29.00 |
| 119 | Sanima Bank Limited | 17291.00 | 426.00 | 418.00 | 420.00 | -4.00 |
| 120 | Sanima Mai Hydropower Ltd. | 14597.00 | 1212.00 | 1167.00 | 1175.00 | -5.00 |
| 121 | Saptakoshi Development Bank Ltd. | 1000.00 | 205.00 | 194.00 | 194.00 | -15.00 |
| 122 | Shangrila Development Bank Ltd. | 3430.00 | 395.00 | 390.00 | 395.00 | -5.00 |
| 123 | Shikhar Insurance Co. Ltd. | 2424.00 | 1900.00 | 1880.00 | 1880.00 | -5.00 |
| 124 | Shine Resunga Development Bank Ltd. | 3341.00 | 410.00 | 400.00 | 400.00 | -8.00 |
| 125 | Shree Investment Finance Co. Ltd. | 600.00 | 377.00 | 374.00 | 377.00 | 3.00 |
| 126 | Shrijana Finance (Bittaya Sanstha) | 10.00 | 441.00 | 441.00 | 441.00 | -9.00 |
| 127 | Siddhartha Bank Limited | 29751.00 | 475.00 | 464.00 | 465.00 | -10.00 |
| 128 | Siddhartha Bank Limited Pro. Share | 7924.00 | 350.00 | 350.00 | 350.00 | 0.00 |
| 129 | Siddhartha Insurance Ltd. | 5416.00 | 1450.00 | 1435.00 | 1450.00 | -9.00 |
| 130 | Siddhartha Investment Gro. Scheme-1 | 53000.00 | 23.05 | 22.76 | 22.76 | -0.74 |
| 131 | Soaltee Hotel Limited | 18433.00 | 365.00 | 353.00 | 365.00 | 4.00 |
| 132 | Standard Chartered Bank Limited | 14601.00 | 2290.00 | 2250.00 | 2277.00 | -18.00 |
| 133 | Summit Micro Finance Dev. Bank Ltd. | 232.00 | 2950.00 | 2941.00 | 2941.00 | -49.00 |
| 134 | Sunrise Bank Limited | 6947.00 | 378.00 | 370.00 | 375.00 | 0.00 |
| 135 | Surya Life Insurance Company Limited | 1855.00 | 1030.00 | 1000.00 | 1013.00 | -27.00 |
| 136 | Swabalamban Bikas Bank Limited | 2688.00 | 1800.00 | 1765.00 | 1785.00 | -15.00 |
| 137 | Swarojgar Laghu Bitta Bikas Bank Ltd. | 789.00 | 1668.00 | 1610.00 | 1640.00 | -60.00 |
| 138 | Synergy Finance Ltd. | 1810.00 | 158.00 | 155.00 | 155.00 | -3.00 |
| 139 | Synergy Power Development Ltd. | 3408.00 | 250.00 | 242.00 | 246.00 | -7.00 |
| 140 | Taragaon Regency Hotel Limited | 4010.00 | 265.00 | 260.00 | 260.00 | -5.00 |
| 141 | Tinau Development Bank Limited | 137.00 | 322.00 | 316.00 | 320.00 | 3.00 |
| 142 | Uniliver Nepal Limited | 10.00 | 29000.00 | 29000.00 | 29000.00 | -400.00 |

Total Amount Rs. 567,716,598 Total Quantity 931,975 Total No of Transactions 6,160

चालू आर्थिक वर्षको १० महिना अवधिसम्ममा देशको सबैभन्दा ठूलो नाका वीरगन्जबाट मात्र कुल वैदेशिक व्यापारमा ३४ दशमलव ३ प्रतिशत आयात र २० दशमलव २४ प्रतिशत निर्यात भएको छ। वीरगन्ज नाकाबाट ३ खर्ब ४ अर्ब ४ करोड ९६ लाख १८ हजार रुपियाँ बराबरको आयात र १३ अर्ब ८७ करोड ३३ लाख ३५ हजार रुपियाँ बराबरको निर्यात भएको छ।

# व्यापारघाटा सवा ८ खर्ब

हेमन्त जोशी, काठमाडौं

निर्यातको तुलनामा आयात हुने वस्तुको परिणाम उच्च हुँदा नेपालको वैदेशिक व्यापारको अवस्थामा सन्तुलन कायम हुन सकेको छैन। वार्षिक रूपमा वैदेशिक व्यापारमा वृद्धि भएसँगै मुलुकले बेहोर्दै आएको व्यापारघाटा पनि बढ्दै गएको छ।

चालू आर्थिक वर्षको ११ महिनामा मात्र व्यापारघाटा करिब ८ खर्ब २४ अर्ब ९८ करोड रुपियाँ नाघेको छ। जुन रकम अघिल्लो आर्थिक वर्षको तुलनामा मुलुकले बेहोरेको व्यापारघाटा भन्दा झण्डै १ खर्ब रुपियाँले बढी हो। आर्थिक वर्ष २०६९/७० मा ५ खर्ब ३६ अर्ब ६४ करोड रुपियाँ रहेको व्यापारघाटा रहेको थियो। भन्सार विभागको तथ्यांकअनुसार चालू आर्थिक वर्षको जेठ मसान्तसम्ममा कुल निर्यातको अनुपातका आयात अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ५ दशमलब २२ प्रतिशतले बढेर १६ दशमलब ४२ प्रतिशत पुगेको छ। जुन अनुपात अघिल्लो वर्षको सोही अवधिसम्म ११ दशमलब २ गुणाले बढी रहेको थियो। भन्सार विभागको तथ्यांक शाखा प्रमुख विनोदशरण आचार्यका अनुसार चालू आर्थिक वर्षको वैशाख मसान्तसम्ममा कुल वैदेशिक व्यापारमा ९२ दशमलब ९ प्रतिशत आयात र ७ दशमलब १ प्रतिशत मात्र निर्यातको योगदान रहेको छ।

११ महिनाको अवधिमा कुल वैदेशिक व्यापार ९ खर्ब ६२ अर्ब ८ करोड ५३ लाख ३३ हजार रुपियाँ पुगेको छ। मुलुकले ८ खर्ब ९३ अर्ब ५३ करोड २२ रुपियाँ बराबरको आयात गर्दा ६८ अर्ब ५५ करोड ३१ लाख ३४ हजार रुपियाँ बराबरमात्र निर्यात गरेको छ। जुन परिमाण गत वर्षको सोही अवधिसम्म भएको आयातको तुलनामा ३० दशमलब ३६ प्रतिशत र निर्यातको तुलनामा ११ दशमलब ९४ प्रतिशतले बढी हो।

गत आर्थिक वर्षको तुलनामा कुल वैदेशिक व्यापार २८ दशमलब ८५ प्रतिशतले बढेको छ। त्यस्तै कुल वैदेशिक व्यापारमा निर्यातको मात्रा १ दशमलब १७ प्रतिशतले बढेको छ भने आयात १३ दशमलब ३९ प्रतिशतले घटेको भन्सार विभागको तथ्यांकमा उल्लेख छ।

### विगत ५ वर्षदेखि वैदेशिक व्यापारघाटाको स्थिति

| आर्थिक वर्ष | कुल वैदेशिक व्यापार (रु.) | व्यापारघाटा (रु.) |
|---|---|---|
| २०६९/७० | ६ खर्ब ९१ अर्ब ३ करोड ८२ लाख १५ हजार | ५ खर्ब ३६ अर्ब ६४ करोड ३४ लाख ६२ हजार |
| २०७०/७१ | ८ खर्ब ५ अर्ब ७५ करोड २५ लाख ८० हजार | ६ खर्ब २६ अर्ब ५० करोड १७ लाख ८९ हजार |
| २०७१/७२ | ८ खर्ब ७१ अर्ब ३८ करोड ६१ लाख ५७ हजार | ७ खर्ब ९९ करोड ६६ लाख ४९ हजार |
| २०७२/७३ | ८ खर्ब ४४ अर्ब ९६ करोड ६४ लाख ४२ हजार | ७ खर्ब ४ अर्ब ४५ करोड ८१ लाख १२ हजार |
| २०७३/७४ (११ महिना) | ९ खर्ब ६२ अर्ब ८ करोड ५३ लाख ३३ हजार | ८ खर्ब २४ अर्ब ९७ लाख ९० लाख ६४ हजार |

स्रोत: भन्सार विभाग

नेपालले यस अवधिमा भारतसँग मात्र ६४ दशमलब ६५ प्रतिशत वैदेशिक व्यापार गरेको छ। जुन रकम गत वैशाख महिनाको तुलनामा शून्य दशमलब शून्य ७ प्रतिशतले बढेको देखिएको छ। यस अवधिमा भारतसँगमात्र ६ खर्ब २२ अर्ब ३ करोड ७२ लाख रुपियाँ बराबरको वैदेशिक व्यापारमा ५ खर्ब ८३ अर्ब ७ करोड १३ लाख २७ हजार रुपियाँ बराबरको आयात र ३८ अर्ब ९६ करोड ५८ लाख ७९ हजार रुपियाँ बराबरको निर्यात भएको छ। यसरी हेर्दा भारतसँगको व्यापारघाटा मात्र ५ खर्ब ४४ अर्ब १० करोड ५४ लाख ४७ हजार रुपियाँ पुगेको छ।

त्यस्तै नेपालको दोस्रो ठूलो वैदेशिक व्यापार गर्ने देश चीनसँग १ खर्ब १६ अर्ब २६ करोड ९ लाख ७८ हजार रुपियाँ बराबरको आयात र १ अर्ब ५६ करोड ५४ लाख ५२ हजार रुपियाँ बराबरको निर्यात गरी कुल वैदेशिक व्यापार १ खर्ब १७ अर्ब ८२ करोड ६४ लाख ३० हजार रुपियाँ पुगेको छ। यस अवधिमा चीनसँगको व्यापारघाटा १ खर्ब १४ अर्ब ६९ करोड ५५ लाख २६ हजार रुपियाँ पुगेको छ।

नेपालसँग वैदेशिक व्यापार गर्ने तेस्रो ठूलो मुलुक संयुक्त अरब इमिरेट्ससँग २७ अर्ब ५४ करोड ६६ लाख ९६ हजार रुपियाँ बराबरको आयात र ९ करोड ४६ लाख ६९ हजार रुपियाँ बराबरको निर्यात भई दुई देशबीच कुल २७ अर्ब ६४ करोड १३ लाख ३५ हजार रुपियाँ पुगेको छ। जसमा नेपालले २७ अर्ब ४७ करोड २० लाख २७ हजार रुपियाँ बराबर घाटा बेहोरेको छ।

चालू आर्थिक वर्षको १० महिना अवधिसम्ममा देशको सबैभन्दा ठूलो नाका वीरगन्जबाट मात्र कुल वैदेशिक व्यापारमा ३४ दशमलब ३ प्रतिशत आयात र २० दशमलब २४ प्रतिशत निर्यात भएको छ। वीरगन्ज नाकाबाट ३ खर्ब ४ अर्ब ४ करोड ९६ लाख १८ हजार रुपियाँ बराबरको आयात र १३ अर्ब ८७ करोड ३३ लाख ३५ हजार रुपियाँ बराबरको निर्यात भएको छ।

त्यसैगरी मुलुकको एक मात्र अन्तर्राष्ट्रिय विमानस्थल त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट १ खर्ब ६८ अर्ब ४७ करोड ९१ लाख ३७ हजार रुपियाँ बराबरको आयात र २० अर्ब २२ करोड ६८ लाख ४९ हजार रुपियाँ बराबरको निर्यात भएको छ। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलले कुल वैदेशिक व्यापारमा निर्यात २८ दशमलब ६९ प्रतिशत र आयात १२ दशमलब ३१ प्रतिशत हो। भन्सार विभागको तथ्यांक अनुसार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट सबैभन्दा धेरै आयात हुने गरेको छ भने निर्यातमा तेस्रो ठूलो भन्सार कार्यालयका रूपमा देखिएको छ।

आयात गर्ने दोस्रो ठूलो भन्सारका रूपमा भैरहवा भन्सार कार्यालय देखिएको छ। कुल वैदेशिक व्यापारमा १ खर्ब ६८ अर्ब ४७ करोड ९१ लाख ३७ हजार रुपियाँ बराबरको आयात गर्दा निर्यात भने २ अर्ब ९२ करोड ५२ लाख ५२ हजार रुपियाँ बराबर मात्र भएको छ। जुन अनुपात कुल वैदेशिक व्यापारमा आयातमा १८ दशमलब ८६ प्रतिशत र निर्यातमा ४ दशमलब २७ प्रतिशत हो।

दुई वटा भन्सार जनकपुर र सिराहाबाट भने निर्यात शून्य देखिएको छ। फागुन मसान्तसम्ममा निर्यात शून्य रहेको जलेश्वर भन्सार कार्यालयले पछिल्लो ३ महिनामा १ लाख ७० हजार रुपियाँ बराबरको निर्यात र ५८ हजार रुपियाँ राजस्व संकलन गरेको छ।

यस अवधिमा मुलुकमा शून्यदेखि ८० प्रतिशत भन्सार दर भएका विभिन्न वस्तु आयात भएका छन्। ५ देखि १० प्रतिशत भन्सार दर लाग्ने वस्तुको आयात उच्च देखिएको छ। कुल आयातमा यस्ता वस्तुले २५ दशमलब ९५ प्रतिशत स्थान ओगटेको छ। त्यस्तै नेपालबाट निर्यात भएका प्रमुख वस्तुमा ऊनी गलैंचा, तयारी पोशाक, मुसुरोको दाल, पोलिस्टर तथा अन्य धागो, टेक्सटाइल, फलाम तथा स्टिल र तिनका उत्पादनहरू मुख्य रहेकाछन्। त्यस्तै हस्तकलाका सामान, चाउचाउ, टुथपेष्ट, अलैंची, चिया, अदुवा, नेपाली हातेकागज, छाला, पश्मिना सल, जडिबुटी आदि वस्तुको पनि निर्यात भएको छ।

आयाततर्फ चालू आर्थिक वर्षको यस अवधिमा अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा फलाम तथा स्टिल र तिनका उत्पादनको आयातमा झण्डै दोब्बरले वृद्धि भएकोछ। नेपालको आयातको प्रमुख स्रोतमध्ये अग्रस्थानमा रहेको भारतबाट पेट्रोलियम पदार्थ, फलाम तथा तिनका उत्पादन, यातायातका साधन, मेसिनरी तथा पार्टपुर्जा र अन्न प्रशस्त मात्रामा आयात भएको देखिन्छ। यसै गरी नेपालको आयात व्यापारमा दोस्रो स्थानमा रहेको चीनतर्फबाट हुने आयातमा दूरसञ्चारका सामग्री, विद्युतीय उपकरण, मेसिनरी तथा पार्टपुर्जा, स्याउ तथा रासायनिक मलले प्रमुख छन्। अर्को प्रमख आयातको स्रोत मुलुक युएईबाट भने सुनचाँदी, प्लाष्टिकको कच्चा पदार्थ, लुब्रिकेटिङ तेल र चकलेट आयात भएको पाइन्छ।

## टुबोर्ग क्लासिक विथ स्कच माल्टस् बजारमा




काठमाडौं, (नेस)

गोर्खा ब्रुअरीले नेपालको पहिलो प्रिमियम स्ट्रोङ बियर बजारमा ल्याएको छ। उपभोक्ताको बदलिँदो चहानालाई मध्यनजर गर्दै कम्पनीले टुबोर्ग क्लासिक विथ स्कच माल्टस् बजारमा भित्र्याएको हो।

आइतबार कम्पनी साझेदार, वितरक, बिक्रेताका बीच गोर्खा ब्रुअरीले सो बियर सार्वजनिक गरेको हो। गोर्खा ब्रुअरीले नेपाली बजारमा ल्याएको टुबोर्ग बियर नेपालमा भित्रिने पहिलो अन्तर्राष्ट्रिय ब्रान्ड हो। सन् १८८० देखि नै विश्व बजारमा छाएको टुबोर्ग सन् १९९० मा नेपाल भित्रिएको थियो।

यो इनोभेसनले बजार नेतृत्वलाई थप बढवा र निरन्तरता दिनेमा कम्पनी आशावादी रहेको गोर्खा ब्रुअरीका प्रबन्ध निर्देशक अरूण अधिकारीले बताउनुभयो। कार्यक्रममा बोल्दै उहाँले भन्नुभयो-'हाम्रो उद्देश्य उपभोक्तालाई विश्वस्तरको स्वाद छनोट गर्ने अवसर प्रदान गर्नु हो। त्यसैले हामीले सबै सहकर्मीसँग सहकार्य गरी एक विशेष रेसीपी तयार पारेका हौं। यसले नेपाली उपभोक्तामाझ विशेष तथा उत्कृष्ट स्वाद छनौट गर्न मद्दत गर्दछ।'

नयाँ उत्पादनको बारेमा गोर्खा ब्रुअरीका मार्केटिङ डाइरेक्टर वैभव शर्माले भन्नुभयो-'टुबोर्ग क्लासिक एक उत्कृष्ट स्वाद भएको स्ट्रोङ बियर हो। यो एसियाली उपभोक्ताको लागि विशेषरूपमा उत्पादन गरिएको छ।'

'स्ट्रोङगर एन्ड स्मुदर' ट्यागलाईनलाई सार्थक पार्दै टुबोर्ग क्लासिकमा रहेको स्कच माल्टस् र उत्कृष्ट हप्स्ले बियरका पारखीलाई ताजा र भिन्न पिउने अनुभव प्रदान गर्ने कम्पनीको दाबी छ। ६ दशमलब ५ प्रतिशत अल्कोहलको मात्रा रहेको यस बियरको ६ सय ५० मिलिलिटर बोतलको बजार मूल्य ३ सय १० रुपियाँ तोकिएको कम्पनीले जनाएको छ।

## विद्युत् आपूर्ति सहज बनाउन एलईडी बल्ब खरिद

काठमाडौं, (नेस)

नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले आउँदो हिउँदमा देशभर विद्युत् आपूर्ति सहज बनाउन २ करोड थान एलईडी बल्ब खरिद गर्न लागेको स्पष्ट पार्नुभएको छ। संसद्को कृषि तथा जलस्रोत समितिको बैठकमा बोल्दै घिसिङले नेपाल-भारत ऊर्जामन्त्री तथा सचिवस्तरीय संयुक्त समितिको बैठकको निर्णयअनुसार नै बल्ब खरिद गर्न लागिएको बताउनुभयो।

घिसिङले बजारमा गुणस्तरीय एलईडी बल्बको मूल्य ३ सय ५० रुपियाँ पर्ने समेत जानकारी दिनुभयो। उहाँले प्राधिकरणले किन्न लागेको फिलिप्स कम्पनीको बल्बको मूल्य १ सय ३० रुपियाँमात्रै पर्ने बताउनुभयो। समितिका सदस्य सांसदहरूले बल्ब खरिदमा भएको अनियमितता तथा सार्वजनिक खरिद ऐनको प्रावधान मिचिएको बारे कुलमानलाई प्रश्न सोधेका थिए। संसदहरूको प्रश्नको जवाफ दिँदै घिसिङले बजारमा रहेको व्यापारीको एकाधिकार अन्त्य गर्न तथा सहज रूपमा ऊर्जा जोगाउने लक्ष्यसहित एलईडी किन्न लागिएको बताउनुभयो।

यसैगरी घिसिङले सीएसएस पावर कम्पनीसँग तिला कर्णाली जलविद्युत् आयोजनाको समझदारीपत्रमा हस्ताक्षर मात्रै भएको बताउनुभयो। उहाँले उक्त कम्पनीसँग १० वर्षका लागि मात्रै अमेरिकी डलरमा विद्युत् खरिद सम्झौता हुने बताउनुभयो। घिसिङले भोटेकोसी र खिम्तीमा भएको सम्झौताका कारण प्राधिकरणको आर्थिक स्वास्थ्य प्रभावित भएको भन्दै सांसदहरूले आगामी दिनमा त्यस्तो सम्झौता नगर्न ऊर्जा मन्त्रालयको ध्यानाकर्षण गराउनुभएको थियो। उहाँले प्राधिकरणले ऊर्जा मिश्रण गर्ने रणनीतिअनुसार नुवाकोटमा २५ मेगावाट क्षमताको सौर्य प्रणाली जडान गर्न लागिएको र प्रक्रिया अन्तिम चरणमा पुगेको पनि उल्लेख गर्नुभयो।

## उद्योग बाणिज्य संघको पदस्थापना

लमजुङ, (नेस)

लमजुङ उद्योग बाणिज्य संघको नवनिर्वाचित पदाधिकारीको पदस्थापना गरिएको छ। निवर्तमान अध्यक्षले नव निर्वाचित अध्यक्ष राजेश थापालाई पद तथा गोपनियताको सपथ ग्रहण गराउँदै पदभार हस्तान्तरण गर्नुभएको थियो।

सो अवसरमा नवनिर्वाचित अध्यक्ष थापाले निर्वाचित पदाधिकारीलाई पद तथा गोपनियताको सपथ ग्रहण गराउनु भएको थियो। पदस्थापनपछि अध्यक्ष थापाले पदीय दायित्वमा रहेर व्यवसायीको हितमा लागिपर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो-'म अग्रजहरूको सम्मान, सहकर्मीको साथमा उद्योग बाणिज्य संघको गरिमालाई अझ उचाईमा पुर्‍याउन मेरो पदीय दायित्वलाई भुल्ने छैन।' उहाँले आफ्नो कार्यकालमा उद्योग बाणिज्य संघको अधिवेशन र चुनावको सिलसिलामा हुने राजनीतिक हस्तक्षेपलाई न्यूनीकरण गर्न संघको विधान अनुसार सदस्यता प्रदान तथा नवीकरणमा विशेष जोड दिने औंल्याउनुभयो। सोही कार्यक्रममा लमजुङ उद्योग बाणिज्य संघ बेंसीशहर इकाईको पनि सपथ ग्रहण तथा पदस्थापन गरिएको थियो। सो अवसरमा इकाईका निवर्तमान संयोजक कृष्णजङ गुरुङले नव निर्वाचित संयोजक प्रदीप बस्नेतलाई पद तथा गोपनियताको सपथ ग्रहण गराउँदै जिम्मेवारी हस्तान्तरण गर्नुभएको थियो।

## सेञ्चुरी कमर्सियल बैंकले सगरमाथा फाइनान्स प्राप्ति गर्ने



काठमाडौं, (नेस)

सेञ्चुरी कमर्सियल बैंकको विषेश साधारणसभा आइतबार सम्पन्न भएको छ। बैंकका अध्यक्ष राजेशकुमार श्रेष्ठको अध्यक्षतामा भएको साधारणसभाले सगरमाथा फाइनान्स लिमिटेडलाई प्राप्ति गर्ने प्रस्ताव पारित गरेको छ।

मर्जरपछि सगरमाथा फाइनान्सको १ सय कित्ता बराबर सेञ्चुरी कमर्सियल बैंकको ९५ कित्ता शेयर हुने तय गरिएको छ। त्यस्तै सेञ्चुरी बैंकको ४ अर्ब ७१ करोड पुँजीमा सगरमाथा फाइनान्सको प्राप्तिबाट करिब ७४ करोड थप हुने बताइएको छ। बैंकले ४० प्रतिशत अर्थात १ अर्ब ८८ करोड रुपियाँ बराबरको हकप्रद शेयरको लागी आह्वानपत्र दर्ता गरिसकेको तथा अल्पाइन र सेती फाइनान्सको प्राप्तिको लागि अन्तिम सम्झौता भएको जनाएको छ।

यी दुई संस्थाको प्राप्तिबाट बैंकको चुक्ता पुँजी ५० करोड रुपियाँले वृद्धि हुनेछ। बैंकले राष्ट्र बैंकले निर्धारण गरेको ८ अर्बको पुँजीमा नपुग रकम चालू आवको नाफाबाट पूरा गर्ने जनाएको छ। सबै संस्था समाहित भएपछि बैंकको कुल शाखा संख्या करिब ९० पुग्ने छन्।

PRESS RELEASE

## सिद्धार्थ बैंकले ३० प्रतिशत हकप्रद शेयर दिने




काठमाडौं, (नेस)

सिद्धार्थ बैंकको आइतबार सम्पन्न विशेष साधारणसभाले ३० प्रतिशत हकप्रद शेयर जारी गर्ने प्रस्ताव पारित गरेको छ। सभाले शेयर जारीपश्चात कायम हुने चुक्ता पुँजीको १० प्रतिशत अर्थात् १० बराबर १ कित्ता हकप्रद शेयर जारी गर्ने सञ्चालक समितिको प्रस्ताव पनि पारित गरेको छ। तत्पश्चात् बैंकको चुक्ता पुँजी ७ अर्ब ५० करोड पुग्ने बैंकले जनाएको छ।

सिद्धार्थ बैंकले हाल देशभर रहेका ७० शाखा, २ एक्स्टेन्सन् काउन्टर, ९० एटीएम र ७० शाखारहित बैंकिङ सेवा केन्द्रमार्फत् सेवा प्रदान गर्दै आएको छ। बैंकले चालू आर्थिक वर्ष चैत्र मसान्तसम्म बैंक ९५ करोड ७० लाख रुपियाँ खुद मुनाफा आर्जन गर्न सक्षम रहेको थियो।

सो अवधिमा बैंकको कुल निक्षेप ७५ अर्ब २७ करोड रुपियाँ निक्षेप संकलन र ६६ अर्ब २६ करोड रुपियाँ कर्जा लगानी गरेको जनाएको छ।

## महालक्ष्मी विकास बैंक र यती डेभलपमेन्ट बैंकको एकीकृत कारोबार



काठमाडौं, (नेस)

महालक्ष्मी विकास बैंक र यती डेभलपमेन्ट बैंकको एकीकृत कारोबार आइतबारबाट शुरु भएको छ। राष्ट्र बैंकका गर्भनर डा. चिरञ्जीवी नेपालले आइतबार एक कार्यक्रमकाबीच एकीकृत कारोबारको उद्घाटन गर्नुभयो।

गाभिएपछि नयाँ संस्थाको नाम महालक्ष्मी विकास बैंक हुने बताइएको छ। दुई बैंकको १ बराबार १ को स्वाप रेसियोमा मर्ज भएका हुन्। दुई विकास बैंक गाभिएपछि बैंकको चुक्ता पुँजी २ अर्ब ६३ करोड रुपियाँ पुगेको छ।

बैंकको कुल निक्षेप २४ अर्ब २१ करोड र कर्जा २० अर्ब २६ करोड रुपियाँ पुग्ने बताइएको छ। त्यस्तै बैंकको शाखा संख्या ६५ र ग्राहक संख्या पुग्ने छन्।

मर्जरपछि बनेको नयाँ बैंकमा कर्मचारी संख्या ६१६ जना पुग्ने बताइएको छ। मर्जरपछि राष्ट्रियस्तरको विकास बैंकको लागि नेपाल राष्ट्र बैंकले तोकेको समयमा चुक्ता पुँजी पुर्‍याउने महालक्ष्मी पहिलो विकास बैंक भएको दाबी गरेको छ।

मर्जपश्चात बैंकको सञ्चालक समिति अध्यक्षमा यतीका राजेश उपाध्ययले निरन्तरता पाउने छन् भने प्रमुख कार्यकारीमा महालक्ष्मीका रमेशकुमार भट्टराईले निरन्तरता पाउने भएका हुन्। त्यस्तै सञ्चालक समितिमा राजेश उपाध्याय, सञ्जय गिरी, अरुणराज सुमार्गी, राजेशकुमार रौनियार, वीरेन्द्र कुमार संघाई र रुपेन्द्र पौडेल चयन भएका छन्।

HOME APPLIANCES को अधिकतम विक्री मूल्य अधिराज्यभर

तपसिल

| सि. नं. | मालवस्तुको विवरण | आकार/ प्रकार | ब्राण्ड | मोडेल | क्षमता | उत्पतिको मूलुक | ईकाइ | प्रति ईकाइ मूल्य | अधिकतम खुद्रा विक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WASHING MACHINE | | SKYWORTH | F901202ND (GOLDEN) | 9 KG | CHINA | 1 | 37153 | 77900 | |
| 2 | WASHING MACHINE | | SKYWORTH | F901202ND (TAIGREY) | 9 KG | CHINA | 1 | 37153 | 77900 | |
| 3 | WASHING MACHINE | | SKYWORTH | FG0202ND (TAI GREY) | 6 KG | CHINA | 1 | 17142 | 35600 | |

बिक्रेताको नाम : SMART APPLIANCES PVT LTD
स्थायी लेखा नं.: 600821265
ठेगाना : SANOGAUCHARAN
फोन नं. : 01-4443738




# नाटकीय खेलमा पोर्चुगल विजयी



मस्को, (एजेन्सी)

खेलको इन्ज्युरी समयमा पेपेले बराबरी गोल गरेपछि नाटकीय रूपमा पोर्चुगल कन्फेडरेसन कपको तेस्रो स्थानका लागि भएको खेलमा विजयी भएको छ।

फिफा कन्फेडेरेसन कपको तेस्रो स्थानका लागि आइतबार भएको खेलमा पोर्चुगलले मेक्सिकोलाई २-१ ले पराजित गरेको हो। खेलको निर्धारित ९० मिनेटसम्म १-० ले अघि रहेको मेक्सिकोलाई खेलमा थपिएको इन्ज्युरी समय र अतिरिक्त समय भने फापेन। खेलमा चार मिनेट इन्ज्युरी समय थपिएको थियो। जसको पहिलो मिनेटमा रिकार्डो करेज्माको क्रसलाई सदुपयोग गर्दै कार्यवाहक कप्तान पेपेले उफ्रेर किक गरेको बलले जाली चुमेपछि खेल १-१ गोलको स्थितिमा टुंगियो।

नियमित समयसम्म बराबरीमा टुंगिएपछि खेल अतिरिक्त ३० मिनेटसम्म लम्बियो। जसमा पोर्चुगलले पेनाल्टीमार्फत् बाजी मार्‍यो। खेलको १ सय ४औं मिनेटमा एड्रियन सिल्भाले प्राप्त पेनाल्टीलाई दायाँतर्फ प्रहार गर्दै पोर्चुगलको गोल संख्या दुई पुर्‍याए। त्यसपछि भने खेलमा कुनै गोल भएन। तर टोली दश-दश खेलाडीमा खुम्चिएको थियो। अतिरिक्त समयको १६औं मिनेटमा पोर्चुगलका नेल्सन सेमेडोले तथा त्यसको दश मिनेटपछि मेक्सिकोका राउल जिमिनेज दोहोरो पहेंलो कार्डका शिकार बन्दै मैदानबाट बाहिरिएका थिए।

नियमित कप्तान क्रिस्टियानो रोनाल्डो अनुपस्थित रहेको सो खेलको पहिलो हाफमा एड्रियन सिल्भाले पेनाल्टीमार्फत् अग्रता दिलाउने मौका पाए पनि उनी सफल हुन सकेनन्। तर दोस्रो हाफमा भने आत्मघाती गोलको मद्दतले मेक्सिकोले खेलमा अग्रता बनाएका थिए। खेलको ५४औं मिनेटमा जाभिएर हर्नान्डेजको प्रहारलाई क्लियर गर्ने क्रममा पोर्चुगलका लुइस नेटोले आफ्नै गोलपोस्टमा बल छिराएपछि मेक्सिको १-० ले अघि बढेको थियो। सन् १९६९ यता यी दुईबीच भएको पाँच खेलमा पोर्चुगल अझै अपराजित नै बनेको छ। आइतबारको जितसँगै पहिलोपटक कन्फेडेरेसन कप खेलेको युरोपियन च्याम्पियन पोर्चुगलले तेस्रो स्थानमा सीमित बन्यो।




## बुद्धिचाल प्रतियोगिता हुने

काठमाडौं, (नेस)

नेपाल बुद्धिचाल संघको अयोजनामा र ललितपुर जिल्ला खेलकुद विकास समिति र ललितपुर जिल्ला बुद्धिचाल संघको व्यवस्थापनमा उमेर समूहको राष्ट्रिय बुद्धिचाल प्रतियोगिता हुने भएको छ। ललितपुरको सातदोबाटोस्थित अन्तर्राष्ट्रिय खेलकुद परिसरको लुम्बिनी हलमा यही असार ३१ गतेदेखि साउन २ गतेसम्म हुने प्रतियोगितामा भेट्रानतर्फ ५० वर्षमाथि, यु-१६ र यु-१५ को राष्ट्रिय प्रतियोगिताहरु हुनेछ।

कुल नगद पुरस्कार ६४ हजार रहेको प्रतियोगितामा विजेता खेलाडीहरूलाई नगद, ट्रफी र प्रमाणपत्र प्रदान गरिनेछ। जसअनुसार भेट्रानतर्फ विजेताले १० हजार, उपविजेताले ६ हजार र तेस्रो हुनेले ४ हजार हात पार्नेछन्। त्यसैगरी यु-१६ पुरुषतर्फ प्रथमलाई ७ हजार, दोस्रोलाई ५ हजार र तेस्रोलाई ३ हजार पुरस्कार रहेको छ भने यु-१७ महिलातर्फ पहिलोलाई ५ हजार, दोस्रोलाई ३ हजार र तेस्रोलाई २ हजार रहेको छ।

त्यस्तै यु-१५ उमेर समूहका पुरुष तथा महिलाअन्तर्गत प्रथम, दोस्रो र तेस्रो हुनेलाई ५ हजार ३ हजार र २ हजार प्रदान गरिनेछ। स्वीस लिग प्रणालीअनुसार सातौं चरणसम्म हुने खेलमा उपत्यका बाहिरका खेलाडीहरुलाई आवासको व्यवस्था गरिएको छ भने प्रतियोगितामा तीन सय खेलाडीहरुको सहभागिता रहने अनुमान गरिएको छ।

# शीर्ष खेलाडीको दबदबा

नेपाल समाचारपत्र

काठमाडौं

अन्नपूर्ण पोस्ट इन्टरनेसनल कर्पोरेट ब्याडमिन्टन प्रतियोगितामा नेपालका शीर्ष खेलाडीको दबदबा रहेको छ।

प्रतियोगिताको दोस्रो दिन आइतबार भएको पुरुष एकलको खेलमा नेपालका नम्बर एक खेलाडी त्रिभुवन आर्मी क्लबका रत्नजित तामाङलगायतका खेलाडीले सफलता हात पार्दै प्रिक्वार्टरफाइनलमा प्रवेश गरेका छन्। पुरुष एकलमा नेपाली खेलाडीबाहेक भारत, पाकिस्तान र श्रीलंकाका खेलाडीले पनि अन्तिम १६ मा स्थान बनाउन सफल भएका छन्।

भारतका जुम्ल्याहा दाजुभाइ अन्जान बुरागोहिन र रञ्जन बुरागोहिन दुवैले सफलता हात पार्दै अन्तिम १६ मा स्थान बनाएका छन्। यस्तै पाकिस्तानका मुराद अलि र श्रीलंकाका रन्ठुस्का करुणाथिलाके पनि प्रिक्वार्टरफाइनलमा स्थान बनाउन सफल भएका छन्। पुरुष एकलमा नेपाल पुलिस क्लबका गौतम कायस्थ, विष्णु कटुवाल र दीपेश धामीले आ-आफ्नो खेलमा सफलता हात पार्दै अन्तिम १६ मा स्थान बनाएका छन्। यस्तै त्रिभुवन आर्मी क्लबका नवीन श्रेष्ठ, प्रज्वल महर्जन र सशस्त्र प्रहरी बलको एपीएफ क्लबका विजित थापा मगर, नीरविक्रम देवकोटा, साजन ताम्राकार, सुमन लिम्बु र सुदिव सेढाईं पनि अन्तिम १६ मा पुगेका छन्।

यसै गरी मेन्स एक्जुकेटिभ डबल्समा विशाल बस्नेत र विशाल खड्का, नारायण गौतम र अभिषेक गुरुङ, राजुप्रसाद गुप्ता र ज्ञानेन्द्र पौडेल, घनश्याम भट्ट र जेवी चन्द, राजीव दाहाल र विमल श्रेष्ठ, वीरु केसी र राजकुमार गुरुङ, विकास महर्जन र प्रदीप महर्जन, नवराज आचार्य र हरिबहादुर सिटौलाको जोडीले आ-आफ्नो खेलमा विजय हासिल गर्दै प्रिक्वार्टरफाइनलमा स्थान बनाउन सफल भएका छन्।

यसै गरी महिला एकलमा पनि शीर्ष वरीयता खेलाडीले आफ्नो प्रभाव कायम राखेका छन्। आर्मीकी नङ्सल तामाङ, इलामकी सुलोचना भक्तराज, आर्मीकी रसिला महर्जन, आर्मीकै अनुमाया राई र जेस्ट ब्याडमिन्टनकी सीता राई पहिलो चरणको खेलमा जित हात पार्दै प्रिक्वार्टरफाइनलमा प्रवेश गरेका छन्।

यसै गरी रूपन्देहीकी पूजा विष्ट, एपीएफकी शोभा गौचन, सीमा राजवंशी, शिखर ब्याडमिन्टनकी सरस्वती बोहरा, आर्मीकी अमिता गिरीले पनि अन्तिम १६ मा स्थान बनाएका छन्। यस्तै भुटानकी थिन्ले डेमो र इडन र श्रीलंकाकी दिल्मी दियासले पनि आ-आफ्नो खेल जित्दै प्रिक्वार्टरफाइनलमा स्थान बनाएका छन्। महिला एकलमै बाँकेकी सम्झना शर्मा र जेस्ट ब्याडमिन्टन एकेडेमी सुनैना मुखिया भने क्वार्टरफाइनलमा प्रवेश गरिन्।




आयो हजुर आयो फेरि गाईजात्रे तन्त्र
आ-आफ्नो तालमा नाच्ने मनपरी मन्त्र।
सडक पूरै जाम पर्दैमा थोरै पानी
जति बजेट आएनि आफैं बाँडीचुँडी खानी।
मेलम्ची र सडक विस्तारलाई बहाना बनाई खाल्डैखाल्डो भयो शहर
धुलो र धूवाँ, खाल्डो र हिलो देशकै रोग भयो जनताको कहर।
देशैभरि अशान्ति छ, गर्नेलाई अझै छ उस्तै मस्ती
जनतालाई भने जो नै आए नि सधैं उस्तै सास्ती।
दोषीचाहिं छाती फुलाएर हिंड्ने निर्दोषलाई जेल
पिटेजस्तो रोएजस्तो कस्तो अनौठो खेल।
अराजकता र बेथितिले बाँध सबै फुट्यो
महँगीको ओखलमा जनता कुट्नु कुट्यो।
भूकम्प र पहिरोको पीडा भोग्नेलाई अझै छ कति सास्ती
डाडु बोक्ने र ठालु राहत र पुनर्निर्माणकै नाममा गर्दै छन् मस्ती।
दिनका दिन नारा लाउँदा बसिसक्यो गलो
संसद् भयो जनता झुक्याउने थलो।
पेटभरि खाना छैन, खाली खुट्टे यात्रा
हेर जनता नेतागणको हाँडी गाउँले जात्रा।
फेरि नि अहिले देऊ प्रधानमन्त्री मलाई अर्कोपालि तिम्रै भो कुर्सी
बाँदरको हातमा नरिवलजस्तो भयो देशकै गति।
देश विकास भन्दाभन्दै आमा भइन् बूढी
सत्ताको बाँडफाँडले सधैं उही लुछाचुँडी।
स्थानीय तह निर्वाचन कसैलाई मस्ती नै मस्ती
भाग नपाउनेलाई बहाना भो फेरि खेल्न कुस्ती।
विसंगति विकृतिको खोली हालौं पोको
गाईजात्रे कामनाको सधैं यही धोको।
व्यंग्य लेखक, कार्टुनिस्ट टुप्पी कसी बस
जनतामारा फटाहालाई जति सक्छौ घोच।
छोटो मीठो व्यंग्य लेख लेखौं सटिक व्यंग्य चित्र
यही साउन एक म्याद यसको पठाऊँ यहीभित्र।
हरेक साल उत्कृष्ट छ परारभन्दा पोहोर
बांगाटिँगा स्रष्टाले पाउलान् धेरै थोरै मोहोर।

**कामना न्यूज पब्लिकेसन्स्**
कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
पो. ब. नं. २०४५
ईमेल : merokamana@gmail.com, kamana2041@yahoo.com

# एथलेटिक्स टोलीको बिदाइ



काठमाडौं, (नेस)

भारतको उडिसास्थित भुवनेश्वरमा हुने २२औं एसियाली एथलेटिक्स च्याम्पियनसिपमा सहभागी हुने नेपाली टोलीलाई आइतबार बिदाइ गरिएको छ।

५ खेलाडीसहित ७ सदस्यीय टोलीलाई राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव केशवकुमार विष्टले त्रिपुरेश्वरमा बिदाइ गरे। जुलाई ७ देखि ९ तारिखसम्म हुने प्रतियोगितामा २ पुरुष र ३ महिला गरी ५ खेलाडीले विभिन्न ९ स्पर्धामा प्रतिस्पर्धा गर्नेछन्।

पुरुषको ५ हजार र १० हजार मिटर दौडमा गोपीचन्द्र पार्की तथा ४ सय र ८ समय मिटर दौडमा सोमबहादुर कुमालले प्रतिस्पर्धा गर्नेछन्।

महिलामा ओलम्पियन सरस्वती भट्टराईले ८ सय र १ हजार ५ सय मिटर दौड, केशरी चौधरीले लङजम्प र ट्रिपलजम्प तथा चन्द्रकला लाम्गादेले ज्याभ्लिन र सटपुटमा भाग लिनेछन्। टिम व्यवस्थापकमा नेपाल एथलेटिक्स संघका सचिव आरके विष्ट तथा प्रशिक्षकमा विमला राना मगर छन्। प्रतियोगितामा विभिन्न ४५ राष्ट्रका ८ सय खेलाडीको सहभागिता रहने सचिव विष्टले जानकारी गराए।


## धरहरा

### हराउनेलाई सम्मान

*'यस्तै रहेछ यहाँको चलन.....'* कुनै बेला गायिका देविका वन्दनाले गाएको यो गीत अहिले आएर चरितार्थ भएको छ। चुनावको परिणाम आउने माहोल छ। जित्नेहरू निकै खुसी छन् भने हार्नेहरू दुःखी। हजारौं लाखौं पैसा खर्च गरेर चुनाव हार्दा जति पीडा हुन्छ त्यति नै पीडा आफ्नै मान्छेहरूले अन्तरघात गरेर चुनाव हार्दा हुन्छ भन्ने उदाहरण पूर्वी जिल्ला इलाममा देखा परेको छ।



इलाम नगरपालिकाको एक नर्वकाजी लामाले अन्तरघात गर्नेहरूका नाममा 'अन्तरघाती सम्मान-पत्र' नै छपाएका छन्।



अन्तर्घाती सम्मान-पत्र

२०७४/०३/१४ को आसन्न स्थानीय निर्वाचनको समयमा इ.न.पा. वडा नं. ७ को मतदानको समयमा तपाई श्री ........................................ नेपाली कांग्रेसको सक्रिय सदस्यको हैसियतले नेपाली कांग्रेस पार्टी इलामको राजनिति विगत लामो समय देखि गर्दै आउनु भएकोमा यहाँको सक्रिय सहयोग र भूमिकामा हाम्रा वडाका उम्मेद्वार सदस्यहरुलाई पराजीत गराउन खेल्नुभएको महत्वपूर्ण भूमिकालाई मध्यनजर गर्दै यहाँलाई भविष्यमा पनि यस्तै अन्तर्घात गर्ने प्रेरणा सदैव मिलिरहोस भन्दै यो अन्तर्घाती सम्मान पत्र प्रदान गर्दछु।

जय कांग्रेस
जय नेपाल

नर्वु काजी लामा
वडा सदस्य
इ.न.पा. वडा नं. ७

वडाका वडा सदस्यहरूलाई आफ्नै पार्टीकाले अन्तरघात गरी चुनावमा हराएपछि कांग्रेसका वडा सदस्यका उम्मेदवार उनले अन्तरघात गर्नेलाई भविष्यमा पनि अन्तरघात गर्न प्रेरणा मिलोस् भनेर पनि कामना गरेका छन्।

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, सम्पादक: लेखनाथ अधिकारी, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ